मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना पत्रिका

पूर्णाङ्क ११३, पुस, २०८२



## आगामी निर्वाचनमा नैतिक प्रतिस्पर्धाको अपरिहार्यता

## अनुसन्धानकर्ताहरू

## विद्यार्थीहरू

## विद्वत वर्ग

## कार्यकर्ताहरू



# इन्सेक पुस्तकालयको प्रयोग गरौँ।

## मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

### पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिपसहरू



### सुविधाहरू

- फोटोकपी
- इन्टरनेट
- कम्प्युटर

## मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारपत्र, जर्नल

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

## संचेतना त्रैमासिक पत्रिका

वर्ष २८, अङ्क ११३, पुस २०८२


- यथावत २
- सम्पादकीय ३
- स्वच्छ निर्वाचनका लागि.../सुशील प्याकुरेल ५
- लोकतन्त्र र मानव अधिकारमैत्री.../ दिनेश श्रेष्ठ ९
- निर्वाचन पर्यवेक्षण अनुभव.../वसन्त दहाल १७
- निर्वाचन, निर्वाचन पर्यवेक्षण.../विजयराज गौतम १९
- आगामी निर्वाचनमा नैतिक.../यज्ञप्रसाद भट्टराई २७
- नवयुवा पुस्ताको आन्दोलन ..../शोभाकर बुढाथोकी ३५
- भयरहित निर्वाचनको अपरिहार्यता/अभयराज जोशी ४७
- राजनीतिक दलको.../निशान्त ढुङ्गाना ५३
- अन्यायमा भुईं वर्ग.../विश्वास नेपाली ५८
- सुशासन र सामाजिक न्यायको.../बरुण बस्याल ६३
- लोकतन्त्र र कार्यकारी शक्ति.../गरिमा बिष्ट ६६
- नेपालमा नवयुवा पुस्ताको.../दिवाकर उप्रेती ७०
- नवयुवा पुस्ताले बुझ्नुपर्ने.../दिवेशकुमार महतो ७७
- मानव अधिकार र युवाको.../एलिशा ढुङ्गाना ८२
- नेपालमा नवयुवा प्रदर्शन .../प्रविना पौडेल ८५
- नेपालका नवयुवाको प्रदर्शन.../अब्दुल सलाम ८८
- युवा सहभागिता .../सुशील बस्याल 'राष्ट्रप्रेमी' ९०
- तथ्याङ्कमा निर्वाचन ९२
- अबको राजनीतिक निकास.../कृष्ण पोखरेल ९४


***संस्थापक***

**सुशील-प्रकाश**

***सल्लाहकार***

**डा. कुन्दन अर्याल**

निवर्तमान अध्यक्ष, इन्सेक

**विजयराज गौतम**

अध्यक्ष, इन्सेक

***सम्पादक***

**मदन पौडेल**

***व्यवस्थापक***

**शैलेश शर्मा**

***मुद्रक***

**ड्रिम ग्राफिक्स प्रेस**

**काठमाडौँ**

**प्राचीको विचार र विश्लेषण खण्डमा प्रकाशित लेख लेखकका निजी विचार हुन्। प्रकाशित लेखहरूले इन्सेकको नीति र विचारको प्रतिनिधित्व गर्दैन।**

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**

इन्सेक insec

नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ

टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१

इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org



पुरानै तरिकाको निर्वाचन गर्ने हो भने त जेनजी आन्दोलन गर्नुको कुनै अर्थ हुँदैन। एउटा सन्देशयुक्त काम गरौँ। सुदृढ ढङ्गले गरौँ। भोलिका लागि पनि प्रणाली स्थापित गरौँ।

**सुशीला कार्की**
प्रधानमन्त्री



निर्वाचनको परिस्थित सरकारले बनाउँछ भने हामी निर्वाचनमा सहभागी हुन्छौँ। स्वतन्त्र, धाँधलीरहित चुनाव होस् । हामी त्यही समयको पर्खाइमा छौँ । हामी जस्तो पनि परिस्थितिका लागि तयार छौँ ।

**केपी शर्मा ओली**
पूर्व प्रधानमन्त्री



जेनजी आन्दोलन पछि देशलाई प्रतिशोध र हिंसाबाट बचाएर निर्वाचन उन्मुख वातावरण बनाउदै राजनीतिक सुशासनका लागि युवा पुस्तालाई राजनीतिक सहभागिताका लागि उपयुक्त वातावरणस्वरुप नयाँ मतदाता नामावली थप गरी वातावरण बनाइयो।

**ओमप्रकाश अर्याल**
गृहमन्त्री



निर्वाचन पर्यवेक्षकले अनेक गतिविधि गर्लान्, त्यसको अनदेखा गर्ने छुट पनि हामीलाई छैन, विगतमा पर्यवेक्षण गर्नेले उम्मेद्वारका पक्षमा गतिविधि गर्न थालेपछि कारबाही गरेर पर्यवेक्षण अनुमति खारेज गरी देश निकाला गरिएको थियो, यसैले पर्यवेक्षकको पनि अनुगमन गर्नुहोला, निर्वाचन कानुन र आचारसंहिता विपरीतका काम गरे कारबाही गर्नुहोला, त्यसको जानकारी आयोगमा पनि पठाउनुहोला ।

**रामप्रसाद भण्डारी**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

## कार्टून




**साभार : नयाँ पत्रिका**

## प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।
email : prachi@insec.org.np

**सम्पादक**

# नवयुवा पुस्ताको प्रदर्शन, लोकतन्त्र र निर्वाचन

भ्रष्टाचार, कुशासन तथा बेथिति विरूद्ध सामाजिक सञ्जालमार्फत एकत्रित भएका नवयुवा पुस्ताले गत भदौ २३ गते गरेको प्रदर्शन र प्रदर्शनकारीमाथि भएको अत्यधिक बल प्रयोग मानव अधिकार तथा मानवीय कानुनको विपरीत रहेको तथ्य सबैका सामु छर्लङ्ग छ। सो दिन प्रदर्शनरत २१ जनाको हत्या भएको थियो। शान्तिपूर्ण भनिएको प्रदर्शन कसरी हिंसात्मक हुन पुग्यो ? यो समयक्रमले बताउला तर, बल प्रयोगको सामान्य सिद्धान्त अवलम्बन नगर्दा हुन गएको अपूरणीय मानवीय क्षतिप्रति कसले जिम्मेवारी लिने भन्ने प्रश्न सधै अनुत्तरित हुनुहुँदैन। अघिल्लो दिन भएको मानवीय क्षतिको प्रतिरोध स्वरूप भन्दै भदौ २४ गते देशका धेरै स्थानमा प्रदर्शनहरू भए। सो प्रदर्शन नियोजित तरिकाले गरिएको जस्तो देखिन्थ्यो। जुन प्रदर्शन शान्तिपूर्ण भएन विध्वंशमा परिणत भयो। यो विध्वंशको कारण र संलग्नको पहिचान विस्तारै थाहा होला। अघिल्लो दिन सुरक्षाकर्मीबाट भएको अत्यधिक बल प्रयोग र त्यसका कारण भएको मानवीय क्षतिसँग भौतिक संरचनामा भएको क्षतिलाई तुलना गर्न मिल्दैन तर, प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत, अदालतहरू, सरकारी कार्यालय, प्रहरी कार्यालय, औद्योगिक तथा व्यापारिक संरचना, पार्टी कार्यालय, निजी निवासहरूमा भएको आगजनी तथा विध्वंशका क्रममा मुकदर्शक बनेको प्रमुख सुरक्षा निकायको भूमिकामाथि पनि उत्तिकै प्रश्नहरू तेर्सिएका छन्। भलै सो निकायले आफूले संविधान र कानुनको परिपालना गरेको, बल प्रयोग गर्दा मानवीय क्षति हुने भएकाले संयम अपनाएको बताइसकेको छ।

भदौ २४ गते गरिएको भौतिक संरचनामाथिको आगजनी तथा तोडफोडका कारण अरबौँको क्षति भएको एक सरकारी प्रतिवेदनमा उल्लेख छ। यसको पुनर्निर्माणमा कयौँ वर्ष लाग्नसक्ने आँकलन गरिएको छ। भदौ २४ गतेका दिन देशमा जे भयो त्यसक्रममा देखिएको राज्यविहीनताको अवस्था किन, कसरी र कसका कारणले भएको थियो यो पनि भविष्यले पक्कै बताउला। तर यो ढंगको लाचारीपनको जबाफदेहिता कसै न कसैले पक्कै लिनु पर्ला। यसको लेखाजोखा भविष्यमा हुने नै छ।

आन्दोलनले संसदको विघटन गरायो। बहालवाला प्रधानमन्त्रीले राजीनामा दिए। सरकारविहीनताको तीन दिन अन्योलमा बितेको थियो। भदौ २७ गते राष्ट्रपतिले संसद विघटन गरी फागुन २१ गते निर्वाचन गर्ने जिम्मेवारीसहित पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्त गर्नुभयो। तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्ने, भदौ २३ र २४ गते भएको घटनाको छानविन गरी दोषीउपर कारबाही गर्ने, सुशासन तथा भ्रष्टाचार नियन्त्रणका लागि नीति नियम तयार गर्ने लगायतका कार्यमा लागिरहेको अन्तरिम सरकारका मन्त्रीहरूले बताएका छन्। तर, निर्वाचन भयरहित

वातावरणमा सम्पन्न हुन आवश्यक शान्ति सुरक्षाको विषयमा राजनीतिक दलहरूले संशय व्यक्त गरिरहेका छन् ।

भदौ २४ गते जेलबाट भागेकामध्ये करिब ५ हजार कैदी बन्दी अझै फरार छन् । लुटिएका हतियार र गोलीगठ्ठा प्रहरीको नियन्त्रणमा आइसकेका छैनन् । निर्वाचनका दौरान फरार भएका कैदी बन्दी र हतियार प्रयोग भए शान्तिसुरक्षामा गम्भीर असर पर्न सक्छ भन्ने राजनीतिक दलहरूले बताइरहेका छन् । निर्वाचन भयरहित र शान्ति पूर्णरूपमा सम्पन्न हुने र यसको तयारी सरकारले गरिरहेको सरकारले बताएको छ । निर्वाचन सुरक्षाका लागि करिब ३ लाख हाराहारीमा सुरक्षाकर्मी परिचालन गर्ने सरकारको योजना छ । निर्वाचन आयोगले पनि समयमै निर्वाचन सम्पन्न गर्न तयारी गरिरहेको जनाएको छ। मतदाता नामावली अद्यावधिक गर्ने, मतदाता परिचयपत्र छपाइ गर्ने, मतपत्र छपाइ गर्ने लगायतका कार्य निर्वाचन आयोग गरिरहेको छ । निर्वाचन कार्यालयहरूको स्थापना, निर्वाचन अधिकृतहरूको नियुक्तिजस्ता काम हुनुले निर्वाचन हुने वा नहुने संशय हटाएको छ।

नेपालको लोकतान्त्रिक यात्रामा आगामी निर्वाचन महत्वपूर्ण मोड हो। सुरक्षा व्यवस्थापनमा देखिएको व्यापक तयारी सकारात्मक संकेत हो, तर राजनीतिक ध्रुविकरण, सूचना युद्ध, र जलवायुजन्य जोखिमलाई बेवास्ता गर्न मिल्दैन। निर्वाचन सुरक्षा केवल भौतिक संरचना मात्र होइन, सामाजिक विश्वास र संस्थागत पारदर्शितासँग पनि जोडिएको छ। सरकारले आगामी निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र जनविश्वासपूर्ण हुने गरी अघि बढेर जानु जरूरी छ।

यही पृष्ठभूमिमा फागुन २१ गतेका लागि घोषित निर्वाचनको विशेष महत्व छ। निर्वाचन लोकतन्त्रको आधारस्तम्भ हो । नागरिकले आफ्नो प्रतिनिधि चयन गर्ने यो प्रक्रियाले राज्यको राजनीतिक दिशा निर्धारण गर्छ। निर्वाचन केवल मतदानको प्रक्रिया मात्र होइन, राज्यले नागरिकप्रति आफ्नो उत्तरदायित्व प्रमाणित गर्ने अवसर पनि हो। विगतका निर्वाचनपछि देखिएका राजनीतिक अस्थिरता, सत्ता स्वार्थमा केन्द्रित राजनीतिज्ञहरूको व्यवहार र नीतिगत असफलताले युवामा निर्वाचनप्रति नै वितृष्णा बढाएको पक्कै हो।

नेपालको संविधानले प्रत्येक नागरिकलाई मताधिकार प्रयोग गर्ने, अभिव्यक्ति स्वतन्त्रता, सङ्गठनको स्वतन्त्रता र शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकार सुनिश्चित गरेको छ। फागुन २१ को निर्वाचन केवल राजनीतिक दलहरूको प्रतिस्पर्धा मात्र नभई राज्य र नागरिकबीचको विश्वास पुनर्निर्माण गर्ने अवसर हो । नवयुवा पुस्ताले उठाएको प्रश्नलाई सम्बोधन नगर्ने हो भने लोकतन्त्र बलियो बन्न सक्दैन। फागुन २१ को निर्वाचन केवल मतदानको दिन होइन, भविष्यको दिशानिर्देश तय गर्ने निर्णायक मोड हो। नवयुवा पुस्ताको सहभागिताले लोकतन्त्रलाई जीवन्त बनाउनेछ। निर्वाचन सफल पार्न सबैको उत्तिकै दायित्व रहेको छ। घोषित मितिमा निर्वाचन सम्पन्न गरी लोकतन्त्रलाई सही दिशामा लैजानु आजको आवश्यकता हो।

**इतिहासको पानाबाट**

# स्वच्छ निर्वाचनका लागि निर्वाचन पर्यवेक्षण

पञ्चायतको निर्वाचनलाई उपयोग गर्ने नीति लिएर २०४३ सालको निर्वाचनमा नेकपा मालेले भाग लिने निर्णय गरेको थियो। देशैभर जनपक्षीय उम्मेदवार खडा गरिएका थिए। २०३७ सालमा पञ्चायतको सुधारिएको भनिएको संविधान आएको थियो। त्यसपछिको पहिलो चुनाव २०३८ सालमा भयो। दोस्रो चुनाव २०४३ सालमा भयो। जनपक्षीय हस्तक्षेप भनेर २०४३ सालको चुनावलाई तत्कालीन नेकपा मालेले उपयोग गर्‍यो। पञ्चायतको चुनाव पञ्चायतको संस्थापनले जसलाई भन्यो उसैलाई जिताउँथ्यो। २०३७ सालपछि वयस्क मतदाताले मतदान गर्ने व्यवस्था थियो। चुनावमा आफ्नो राजनीति लैजानका लागि उपयोग गरिएको थियो। पञ्चायतको विरोध गर्दै बहुदलको पक्षमा राजनीति लैजानुका साथै देशव्यापी सङ्गठन बनाउन पनि त्यो चुनाव उपयोगको नीति कामयावी भयो। त्यसैगरी, निर्वाचन जितेमा राष्ट्रिय पञ्चायतबाट पञ्चायती व्यवस्थाको विरोध गर्ने मालेको योजना थियो। निरङ्कुशता र निर्दलीयता स्वीकार्य छैन भनेर जुनसुकै मञ्चबाट पनि अभिव्यक्ति प्रवाह गर्ने मालेको नीति थियो।



सुशील प्याकुरेल

यस्तो परिस्थितिमा हुने चुनावमा धाँधली हुन्छ भन्ने हामीलाई लाग्यो। किनभने पञ्चायतको चुनावमा पञ्चायतकै विरोध गर्दै हिँड्नेलाई त हराउन पक्कै धाँधली हुन्छ। धाँधली भए-नभएको हेर्नलाई पर्यवेक्षण गर्नु पर्‍यो। त्यतिखेर निर्वाचन पर्यवेक्षण गर्ने चलन नै थिएन। कसले र कसरी पर्यवेक्षण




*२०८० वैशाख १० गते सम्पन्न भएको प्रतिनिधिसभा उपनिर्वाचनमा चितवन क्षेत्र नं. २ मा पर्यवेक्षण गर्दै इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल*

गर्न दिन्छ भन्ने थाहा पनि थिएन। चलन को कुरा त परै जाओस्। पर्यवेक्षण बारेको अवधारणा सुनिएकै थिएन। बुझिएकै थिएन। निर्वाचन आयोग पनि यसबारेमा बेखबर थियो। यो अभ्यासमै थिएन। त्यतिबेला मानव अधिकार संरक्षण मञ्चको महासचिव प्रकाश काफ्ले र प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चको महासचिव म थिएँ। यिनै दुई ओटा संस्था मिलेर २०४३ सालको निर्वाचनको पर्यवेक्षण गऱ्यौं। बासुदेव ढुङ्गानाको अध्यक्षतामा रघुजी पन्त, ऋतु वर्णलगायत हुनुहुन्थ्यो। कोर टिममा प्रकाश, बासुदेव र म थियौं। हामीले त्यो टिमको नाम निर्वाचन पर्यवेक्षण नागरिक समिति (निपनास) राख्यौं।

अहिलेको जस्तो स्रोत र साधन अनि ज्ञान थिएन। हामीसँग त्यतिबेला भएको ज्ञानको भरपूर प्रयोग गर्दै हामीले निर्वाचनको पर्यवेक्षण गऱ्यौं। हामी ६/७ जना थियौं।




**२०५६ वैशाख २० र जेठ ३ गतेको आम निर्वाचन अगाडि वरिष्ठ कार्टुनिष्ट दुर्गा बराल (वात्स्यायन) ले इन्सेकका लागि तयार पार्नु भएको निर्वाचन शिक्षा सामग्री**




***२०५६ वैशाख २० र जेठ ३ गतेको आम निर्वाचन अगाडि वरिष्ठ कार्टुनिष्ट दुर्गा बराल (वात्स्यायन) ले इन्सेकका लागि तयार पार्नु भएको निर्वाचन शिक्षा सामग्री***

पार्टीले केही विद्यार्थी दिएको थियो। निर्वाचन आयोगलाई यो कुराको जानकारी दिने अवस्था थिएन। धेरैतिर खटिने जनशक्ति र क्षमता थिएन। जति सक्यौँ त्यति गर्‍यौँ। नेपालमा निर्वाचन पर्यवेक्षणको सुरुवात गर्‍यौँ। हामीले प्रश्नावली बनाएका थियौँ। धेरै हल्ला गर्ने परिस्थिति थिएन। पञ्चायती व्यवस्थाले हामीलाई मन पराउँदैनथ्यो। मन पराओस् पनि कसरी ? हामी पञ्चायती व्यवस्थाकै विरोध गर्थ्यौं। पर्यवेक्षण गरेर त्यसको प्रतिवेदन निकाल्ने हाम्रो लक्ष्य थियो। रघुजी पन्त निर्वाचन पर्यवेक्षणका लागि पाल्पा जानुभएको थियो। त्यहीं गिरफ्तारीमा पर्नु भयो। हामी अरुलाई पनि निकै निगरानीमा राखेको थियो। तर, गिरफ्तार चाहिँ गरेन। निर्वाचन पर्यवेक्षण गर्न पनि नदिने परिस्थितिले गर्दा हामीले सूक्ष्म तथा गोप्य तरिकाले अझ भनौँ भने लुकेर पर्यवेक्षण गर्‍यौँ।

निर्वाचन पछि हामीले विज्ञप्ति जारी गर्‍यौँ। नेपाल बारको अध्यक्ष भइसकेको र पञ्चायतमा मन्त्री भइसकेको व्यक्ति अध्यक्ष हुनुभएका कारण पनि होला वा हामीले गरेको कामले पनि होला निपनास स्थापित समितिका रूपमा दर्ज गर्न सक्यौँ। हामीले विज्ञप्तिमा धाँधली भयो भनेर सार्वजनिक गर्‍यौँ। पञ्चहरूले धाँधली खुलेआम गर्ने हामीले पर्यवेक्षण चाहिँ लुकेर

गर्नुपर्ने परिस्थिति थियो। प्रतिवेदन प्रकाशन गर्नुअघि हाम्रो रस्साकस्सी भयो। बासुदेवजी 'हल्का भाषामा प्रतिवेदन तयार गरौँ' भन्ने म र प्रकाश चाहिँ 'धाँधली भएको कुरालाई धाँधली नै भनौँ' भन्ने। पञ्चहरूले गरेको हर्कतका अगाडि हामीलाई त्यतिबेला धाँधली भन्ने शब्द पनि नरम झैँ लाग्थ्यो। उहाँलाई पनि कहीँ कतैबाट दबाब थियो होला। तर पनि उहाँको आँटलाई धन्यवाद भन्नै पर्छ। हामीले त्यो निर्वाचन धाँधलीपूर्ण भएको भनेर प्रतिवेदन सार्वजनिक गर्‍यौँ। नेपालमा निर्वाचन पर्यवेक्षणको इतिहास सुरु भयो।

त्यसपछि २०४६ सालमा प्रजातन्त्रको पुनः स्थापना भयो। त्यो परिवर्तन लगत्तै २०४८ सालमा आम निर्वाचन भयो। नागरिककै बलमा गरिएको जनआन्दोलनले नागरिक अधिकार स्थापित भएको भन्दै हामीले २०४८ सालको चुनावमा पर्यवेक्षण गर्ने क्रममा निर्वाचन पर्यवेक्षण नागरिक समितिबाट नागरिक झिक्यौँ। र, बनायौँ निर्वाचन पर्यवेक्षण समिति। जुन अहिले पनि नियोकका नामबाट निर्वाचन पर्यवेक्षणकै काममा सक्रिय छ। २०४३ सालमा पनि र २०४८ सालमा पनि प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठ नै हुनहुन्थ्यो। उहाँले २०४१ सालदेखि २०४९ सालमा प्रमुख निर्वाचन आयुक्तको हैसियतमा काम गर्नु भयो। २०४३ सालमा हामी उहाँको कार्यालयमा गएनौँ तर निवासमा गएर भेटघाट गर्थ्यौँ। उहाँले सकेको हामीलाई सहयोग गर्नुभएकै थियो। त्यतिबेला कास्कीमा धाँधली भएको थियो। अन्यत्र पनि धाँधली हुनसक्ने ठाउँ पहिचान गरी उहाँलाई रोक्न आग्रह गरेका थियौँ। उहाँले त्यतिबेला मिल्नेजति सहयोग गर्नुभएको थियो। २०४८ सालमा डेनिसहरूले सहयोग गरेका थिए। हामीलाई आर्थिक समस्या थिएन। अन्तर्राष्ट्रिय पर्यवेक्षकलाई समेत नियोकले नै खटनपटन गरी परिचालन गरेको थियो। पर्यवेक्षकसम्बन्धी संयोजनको सम्पूर्ण काम नियोकको थियो। त्यतिबेलाका पर्यवेक्षण कार्डमा एकातिर नियोक अध्यक्षको हस्ताक्षर र अर्कातिर निर्वाचन आयुक्तको हस्ताक्षर हुन्थ्यो।

निर्वाचनको पर्यवेक्षण गर्ने भनेको चुनावका बेलामा मात्रै होइन। कानुन बनाउनेदेखि कर्मचारीको खटनपटनसम्म, मतदाता नामावली सङ्कलनदेखि उम्मेदवारी दर्तासम्म सबै प्रक्रियालाई सूक्ष्म ढङ्गले हेर्नुपर्छ। धाँधली त्यता पनि हुन्छ। निर्वाचनको स्वच्छता कायम गर्नका लागि निर्वाचनको पर्यवेक्षण अपरिहार्य छ। तर, निर्वाचनका बखतमा मात्रै गरिएको पर्यवेक्षणबाट निकालिएको निष्कर्ष अपूरो र अधुरो हुन्छ। निर्वाचनबाट मात्रै मानव अधिकारको बहाली हुन्छ। निर्वाचन नागरिकको अधिकार हो। तसर्थ मानव अधिकारको सम्मान, संरक्षण र परिपुर्तिका लागि निर्वाचन आवश्यक छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन सक्दा मात्रै नागरिकको अधिकार सुनिश्चित हुन्छ। मानव अधिकारको एउटा क्षेत्र निर्वाचन हो। यो क्षेत्र नै स्वच्छ बनाउँदा मात्रै जनअधिकार सुरक्षित हुन्छ।

*(साभार : प्राची संचेतना त्रैमासिक, अङ्क १०८, वैशाख ०८१)*

# लोकतन्त्र र मानव अधिकारमैत्री निर्वाचन

- दिनेश श्रेष्ठ

## परिचय

विश्वमा धेरैखाले राजनीतिक सिद्धान्त, दर्शन र प्रणालीहरू प्रचलनमा रहेका पाइन्छन्। तर आजसम्मको अनुभव र अभ्यासको लेखाजोखा गर्ने हो भने कुनै पनि प्रणाली पूर्ण वा पूर्णताको निकट भेटिएको छैन। आदिम साम्यवाददेखि २१ औं शताब्दीको समाजवाद वा ग्रीकेली प्रत्यक्ष प्रजातन्त्रदेखि उदार लोकतन्त्रको उच्चतम् विन्दुसम्म आइपुग्दा यही नै सर्वाधिक सुन्दर र प्रभावकारी राजनीतिक प्रणाली हो भनेर भन्न सक्ने अवस्था सृजना भएको छैन। तर, राजनीतिक प्रणाली विनाको राष्ट्र वा राज्यको कल्पना गर्न सकिँदैन। कुनै पनि राष्ट्रलाई सञ्चालन गर्न आधारभूत मार्ग निर्देशन राजनीतिले नै गरिरहेको हुन्छ। त्यसैले कुनै पनि राज्य वा राष्ट्रलाई अग्रगामी रूपान्तरणतिर अगाडि बढाउन उपयुक्त राजनीतिक पद्धति/ प्रणाली चयन गर्न जरुरी हुन्छ। यो चयनमा जहिलेसुकै सबभन्दा अगाडि लोकतन्त्र पर्ने गरेको छ। अहिलेसम्म सबभन्दा बढी भूगोलमा प्रयोग गरिएको राजनीतिक प्रणाली पनि लोकतन्त्र नै हो।

प्राचीन ग्रीसमा "पच्चीस सय वर्षअघि प्रजातन्त्रको आविष्कार भएपछि" निरन्तर यसको विकास र विस्तार भइरहेको छ। विश्वका सबै महादेश र मानव जातिको उल्लेखनीय सङ्ख्यामा पुगिसकेको छ। वर्तमान विश्वका सयभन्दा बढी देशमा लोकतान्त्रिक शासन प्रणाली सञ्चालनमा आएको छ। त्यस्तै राजतन्त्र, पुर्ख्यौली कुलिनतन्त्र, एकदलीय साम्यवाद, फासीवाद, नाजीवाद, विविध रूपका सैन्यवाद लगायत सबैखाले लोकतन्त्रविरोधी शासन प्रणालीहरू अहिले आएर करिब करिब समाप्त भएको अवस्था छ। धार्मिक कट्टरता वा अन्धराष्ट्रवादको जलप ओढेर लोकतन्त्रविरोधी धारणा तथा आन्दोलनहरूले शिर उठाउन खोजे पनि सफल हुन सकेका उदाहरणहरू विरलै भेटिन्छन्।

## प्रभाव र विस्तार

२० औं शताब्दीको पछिल्लो पचास वर्ष र २१ औं शताब्दीको दुई दशकसम्म आइपुग्दा विश्वभरि नै थुप्रै यस्ता राजनीतिक परिवर्तनहरू भएका छन्, जसले लोकतान्त्रिक प्रणालीको आवश्यकता र औचित्यलाई पुनर्पुष्टि गरेका छन्। लोकतन्त्रको विरुद्धमा उभिएका प्राय: सबै सिद्धान्त र प्रणालीहरू कि त हारेका छन् कि त हराएका छन्। अहिले आएर विश्वका धेरै देशबाट गैर-लोकतान्त्रिक सरकारहरूलाई नव-लोकतान्त्रिक सरकारहरूले विस्थापित गरिरहेका छन्। लामो समयदेखि लोकतन्त्रलाई सङ्गठित रूपमा अभ्यास गरिरहेका मुलुकहरूको सङ्ख्या पनि घटेको छैन, बरु बढेको छ। त्यसैले भन्न सकिन्छ, लोकतन्त्रको महत्त्व र प्रभाव निरन्तर विस्तार भइरहको छ। लोकतन्त्र संसारकै सर्वप्रिय राजनीतिक व्यवस्थाको रूपमा स्थापित हुने क्रम जारी छ।

**चौथो चक्रसम्मको यात्रा**

विश्वविख्यात राजनीतिकशास्त्री स्यामुयल पी. हटिंगटनले लोकतन्त्रको तीनवटा कालको वर्णन गरेका छन्। पहिलो कालको आरम्भ संयुक्त राज्य अमेरिकामा १९ औँ शताब्दीमा सुरु भएर २० औँ शताब्दीको दोस्रो दशकमा समाप्त भयो। यो अवधिमा २९ वटा लोकतान्त्रिक मुलुकलाई विश्वले अस्तित्वमा आएको हेर्न पायो। सन् १९२२ मा मुसोलिनीको इटालीमाथि अधिग्रहणसँगै लोकतन्त्रको उल्टो चक्र घुमाइ आरम्भ भयो र यो चक्र सन् १९४२ सम्म रहिरह्यो। यो अवधिमा लोकतान्त्रिक मुलुकहरू घटेर १२ मा सीमित हुन पुगे। त्यस्तै दोस्रो विश्वयुद्धमा मित्र शक्तिहरूको विजयसँगै लोकतान्त्रिक मुलुकहरूको सङ्ख्या बढेर ३६ हुन पुग्यो। सन् १९६२ र १९७० को बीचमा लोकतान्त्रिक मुलुकहरूको सङ्ख्या केही घटेता पनि फेरि लोकतान्त्रिक मुलुकहरूको सङ्ख्या बढेर दोब्बर भयो।

लोकतन्त्रको तेस्रो चक्र पोर्तुगलमा सन् १९७४ मा भएको "कारनेसन क्रान्ति" (Carnation Revolution) बाट आरम्भ भएको मानिन्छ। यससँगै एशिया प्यासिफिकमा फिलिपिन्स, द कोरिया, ताइवान र पूर्वी यूरोप, अफ्रिकी सव-सहारा क्षेत्रमा भएका लोकतान्त्रिक परिवर्तनले तेस्रो चक्रको विस्तृतिकरणसँगै सुदृढीकरणमा महत्त्वपूर्ण योगदान गरेको छ। अहिले आएर विश्वका विभिन्न भूभागमा राजनीतिक, आर्थिक र सांस्कृतिक शक्तिहरूको विशिष्ट क्रियाशीलताले लोकतन्त्र चौथो चक्रतिर प्रवेश गरेको केही राजनीतिक विश्लेषकहरूको ठम्याइ छ। विशेषगरी अरब बसन्त (Arab Spring) सँगै अन्य सैनिक शासन भएका देशहरूमा सत्ता परिवर्तन एवम् एशिया तथा अफ्रिकी मुलुकमा भएका लोकतान्त्रिक आन्दोलनहरूले यसलाई पुष्टि गरिरहेका छन्।

**लोकतन्त्र उत्पत्ति र अर्थ**

'लोक' भनेको जनता र 'तन्त्र' भनेको शासन अथवा लोकतन्त्रलाई जनताको शासन भनेर परिभाषित गर्ने गरिन्छ। लोकतन्त्र अङ्ग्रेजीको 'डेमोक्रेसी' (Democracy) शब्दको नेपाली रूपान्तरण हो। 'डेमोक्रेसी' ग्रीसेली भाषाको दुई पदावली 'Demos' (डेमोस) र 'Kratos' (क्रेटोस) बाट निर्माण भएको शब्द हो। 'डेमोस' को अर्थ हुन्छ 'जनता' र 'क्रेटोस' को अर्थ हुन्छ 'सरकार' अर्थात् त्यस्तो सरकार जसमा जनताको सर्वोच्चता रहेको हुन्छ। विभिन्न दार्शनिक, राजनीतिशास्त्री एवं राजनीतिज्ञहरूले पनि लोकतन्त्रलाई यही अर्थमा प्रष्ट्याउने प्रयत्न गरेका छन्। नेपालमा 'डेमोक्रेसी' लाई बुझाउन प्रयोग गरिने अन्य शब्दहरू प्रजातन्त्र, जनतन्त्र र जनवाद पनि हुन्।

**प्रतिनिधि परिभाषाहरू**

पूर्व अमेरिकी राष्ट्रपति अब्राहम लिङ्कनले 'जनताद्वारा, जनताको लागि, जनताको सरकार हो' भनी गरेको लोकतन्त्र/प्रजातन्त्रको व्याख्या अद्यावधि निकै सुन्दर र अर्थपूर्ण मानिन्छ। त्यस्तै अर्को विद्वान लर्ड ब्राईसले दिएको परिभाषामा पनि लोकतन्त्रको यही मूलभूत मर्मलाई प्राथमिकता दिइएको पाइन्छ। उनका अनुसार "लोकतन्त्र शासनको त्यो रूप हो जसमा राज्यको शासन शक्ति कुनै विशेष व्यक्ति वा वर्गमा निहित नरही सम्पूर्ण जनसमाजको सदस्यहरूमा निहित रहेको हुन्छ।" अर्को

विद्वान सिलले "प्रजातन्त्र/लोकतन्त्र त्यस्तो शासन प्रणाली हो जसमा प्रत्येक नागरिकको शासनमा सहभागिता रहेको हुन्छ" भनेर परिभाषित गरेका छन्। लोकतन्त्रमा जनताको प्रभुत्व पूर्ण र उच्चतम् प्राधिकारको रूपमा रहेको हुन्छ। उक्त प्राधिकारमा जनताको आफ्ना नेता चयन गर्ने र आफूले चाहेजस्तो कानून बनाउने अधिकार सम्मिलित रहेको हुन्छ। र प्रस्तुत प्राधिकारलाई जनता (नागरिक) ले प्रतिनिधित्वको माध्यमबाट प्रयोग गरिरहेका हुन्छन्।

### शक्तिको स्रोत जनता

शाब्दिक तथा परिभाषिक दुवै दृष्टिकोणले लोकतन्त्र जनताको सार्वभौमिकताको सिद्धान्तसँग गहिरोसँग जोडिएको छ। यसबाट के पनि स्पष्ट हुन्छ भने जनता नै राज्य शक्तिको स्रोत र राष्ट्रिय सम्प्रभुताको प्रयोगकर्ता हुन्। लोकतन्त्रमा जनताको उपस्थिति, सक्रिय भागेदारी र निर्णय क्षमताले विशिष्ट भूमिका निर्वाह गरेको हुन्छ।

### नागरिक सहभागिता र लोकतन्त्र

नागरिक सहभागिता लोकतन्त्रको सर्वाधिक महत्त्वपूर्ण विशेषता हो। जनता/नागरिकको सहभागिता विना लोकतन्त्रको न त अर्थ नै हुन्छ न त उपयोगिता नै। साथै लोकतन्त्रमा नै राज्यशक्तिको स्रोत र राष्ट्रिय सम्प्रभुताको प्रयोग जनताबाट निर्वाचित प्रतिनिधिहरूद्वारा हुने भएकोले उनीहरूमा नागरिक अधिकार, कर्तव्य, ज्ञानसँगै सीपको प्रयोग गर्ने क्षमता हुन पनि अति जरुरी छ। यिनीहरूको अभावमा लोकतन्त्र सफल हुन सक्तैन।

### लोकतन्त्र र स्वतन्त्रता

लोकतन्त्रलाई स्वतन्त्रतासँग अविभाज्य रूपमा गाँसिने गरिन्छ। तर, लोकतन्त्र स्वतन्त्रताको पर्यावाची भने होइन। वास्तवमा, लोकतन्त्र स्वतन्त्रतालाई प्रभावकारी ढङ्गले अभ्यास गर्न कुन कुन पद्धति वा प्रक्रिया प्रयोग गर्न सकिन्छ भनेर विकास वा स्थापना गरिएको प्रणाली हो। संक्षेपमा भन्ने हो भने स्वतन्त्रतालाई 'संस्थागत' गर्ने विधि र अभ्यास हो लोकतन्त्र। प्राचीन ग्रीसका पेरिकल्सदेखि आधुनिक चेकोस्लोभाकियाका भाकलाभ हावेलले देखेका सपना वा आकांक्षामा स्वतन्त्रताको मात्रा सबभन्दा बढी भेटिन्छ। स्वतन्त्रता विनाको जीवनको न त अर्थ छ न त उपयोगिता नै। लोकतन्त्रमा स्वतन्त्रताले प्राणवायूको भूमिका निर्वाह गरिरहेको हुन्छ। त्यसैले स्वतन्त्रतालाई निषेध गर्न खोज्ने सबै राजनीतिक प्रणालीहरू संसारबाट लोप भएका छन् या लोप हुने तरखरमा छन्।

## लोकतन्त्रको आलोचना

### आलोचनाको विविध कोण तथा आयाम

लोकतन्त्र अहिलेसम्मको सर्वाधिक सुन्दर र अत्यधिक प्रयोग गरिएको राजनीतिक प्रणाली मानिएता पनि यो आलोचनबाट भने मुक्त छैन। विभिन्न कोण र आयामबाट लोकतन्त्रको आलोचना हुँदै आएको छ। यसका आलोचकहरूमा लोकतन्त्र विरोधीहरूभन्दा पनि लोकतन्त्रका पक्षधर दार्शनिक, राजनीतिक विश्लेषक, नेता तथा लेखकहरू बढी पर्दछन्। लोकतन्त्र सपना मात्र हो, यसलाई व्यवहारमा उल्था गर्न अत्यन्त गाह्रो छ भन्नेहरूको ठूलै लर्को छ। इमर्सनले मात्र होइन, एचएल मेनकेनले पनि

लोकतन्त्रलाई 'यथार्थमा रूपान्तरण नहुने सपना'को रूपमा व्याख्या गरेका छन्। अर्को विद्वान् अलान कोरेनले 'तानाशाह रोज्ने पद्धति' भनेर लोकतन्त्रको कडा आलोचना गरेका छन्। हिटलरदेखि राजापाक्षेसम्म थुप्रै तानाशाहहरू लोकतन्त्रको सिँढी चढेर नै जन्मेका हुन्। त्यस्तै प्रसिद्ध दार्शनिक जोहन विन्थ्रोपले लोकतन्त्रलाई 'सर्वाधिक खराब राजनीतिक प्रणाली' र विश्वप्रसिद्ध अर्थशास्त्री मिल्टन फ्राइडम्यानले 'असक्षम शासन प्रणाली' को रूपमा चित्रित गरेका छन्।

**सामाजिक न्याय दिन नसक्ने प्रणाली**

स्वतन्त्र व्यापारका पक्षहरू लोकतन्त्रमा बहुसङ्ख्यक मतदाताहरूको बौद्धिक तथा निर्णय क्षमता न्यून हुने भएकाले उनीहरू बुद्धिमत्तापूर्ण ढङ्गले निर्णय गर्न सक्दैनन् भनेर लोकतान्त्रिक प्रणालीको घनघोर आलोचना गर्दछन्। राजनीतिक शिक्षाको अभावले गर्दा कम बौद्धिक क्षमता भएको बहुमतको निर्णय सधैं सही हुँदैन। यस्तो अवस्थामा छट्टु, स्वार्थी, भ्रष्ट र अवसरवादी राजनीतिज्ञहरूले प्राय: जसो फाइदा लिने गर्दछन्। त्यस्तै वामपन्थी अथवा समाजवादी कोणबाट पनि परम्परागत लोकतन्त्रलाई सामाजिक न्याय, समानता र स्वतन्त्रता दिन नसक्ने प्रणालीको रूपमा आलोचना गर्ने गरिन्छ।

**असमानतामा तीव्र वृद्धि**

लोकतन्त्रमा धनी-गरिबबीच आयमा असमानता झन्झन् वृद्धि भइरहेको छ। अक्सफामको एक अध्ययनले २०१६ मा विश्वको १ प्रतिशत जनसङ्ख्याको अन्य ९९% जनसङ्ख्याको भन्दा बढी सम्पत्तिमाथि आधिपत्य हुने प्रक्षेपण गरेको थियो। साँच्चै भन्ने हो भने यो असमानता दोश्रो विश्वयुद्ध पछिदेखि नै तीव्रताको साथ बढिरहेको छ। यो वृद्धि विकास र सुशासन दुवैको निम्ति हानिकारक छ। यसले अर्थतन्त्र मात्र होइन शासनतन्त्रमाथि पनि गरिब, निमुखा र सीमान्तकृतको पहुँचलाई सङ्कुचित पार्दछ। त्यसैले फ्रान्सेली अर्थशास्त्री थोमस पिकेटी 'आयमा देखिएको यो ठूलो खाडललाई पुर्न सरकारले प्रभावकारी कदम नचाले अझ धेरै समस्याहरू थपिने' भविष्यवाणी गर्दछन्।

**उदार लोकतन्त्र हाबी प्रणाली**

अहिले लोकतन्त्रका विभिन्न मोडेलहरूमध्ये 'उदार लोकतन्त्र' बढी हाबी भएको पाइन्छ। उदारवादी लोकतन्त्रले व्यक्तिको स्वतन्त्र इच्छालाई सर्वोपरि ठानेर राज्यले कुनै पनि प्रकारको हस्तक्षेप गर्नु हुँदैन भनेर वकालत गर्ने गर्दछ। यसले धनी र गरिबबीचको खाडल बढाउने र जनसङ्ख्याको ठूलो भागलाई आर्थिक रूपमा परनिर्भर बनाउने काम गर्दछ भनेर लोकतन्त्रवादीहरू आलोचना गर्ने गर्दछन्। यस्तो अवस्थामा सामान्य नागरिकले नागरिक तथा राजनीतिक अधिकारहरू प्रयोग गर्न पाउने अवसर अति न्यून रहेको हुन्छ। लोकतन्त्रलाई ठालुहरूको कब्जाबाट खोस्न राज्यले बजारमाथि हस्तक्षेप गरेर आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको सुनिश्चितता गर्न सक्नु पर्दछ भन्ने उनीहरूको ठहर छ।

**कम सम्पूर्ण प्रणाली**

लोकतन्त्र आफैँमा पूर्ण प्रणाली वा पद्धति होइन। यसका थुप्रै खराबी, कमजोरी र सिमाहरू छन्। लोकतन्त्र आफैँले कुनै पनि कुरालाई सुनिश्चित गर्दैन। लोकतन्त्रले

सबैलाई समान परिस्थितिको प्रत्याभूति गर्दैन, मात्रै अवसरको कुरो गर्दछ। त्यस्तै सीमित परिवार, वर्ग र क्षेत्रमा सम्पत्ति थुप्रने क्रम पनि लोकतन्त्रकै नाममा भइरहेको छ। अभ्यास गरिएका अधिसङ्ख्यक मुलुकहरूमा जनताले अपेक्षा गरेअनुरूप लोकतन्त्रले सकारात्मक परिणामहरू दिन सकेको छैन। विश्वको धेरै जसो मुलुकले लोकतान्त्रिक प्रणाली अवलम्बन गरे तापनि सामाजिक भेदभाव, आर्थिक असमानता घटेको र राजनीति वा सत्तामा सर्वसाधारणको पहुँच बढेको छैन।

**'सफ्ट तानाशाह' जन्माउने प्रणाली**

अझै जाति, धर्म, लिङ्ग, सङ्ख्या, क्षेत्र आदिका कारणले नवीनतम् लोकतान्त्रिक मुलुकहरूमा मात्र होइन लामो ऐतिहासिक पृष्ठभूमि भएका मुलुकहरू ग्रेटब्रिटेन, अमेरिका, फ्रान्स, भारत आदिको आलोचना हुने गरेको छ। अमेरिकामा आदिवासी रेड इन्डियनहरू, कालाहरू, हिस्प्यानिक र अन्य देशबाट आएका आप्रवासीहरूमाथिको विभेद घटेको छैन। भारतमा दलित र अन्य सीमान्तकृत वर्ग वा समूहमाथिको शोषण र अन्यायपूर्ण व्यवहारहरू यथावत रहेका मात्र नभएर अझ बढेका छन्। लोकतान्त्रिक प्रणाली लागु भइसकेका मुलुकहरू पाकिस्तान, मिश्र, म्यानमार, थाइल्याण्डमा जनताका प्रतिनिधिहरूलाई विस्थापित गरेर सेनाले वा सेनाको वर्चस्वमा शासन सञ्चालन गरिने क्रम रोकिएको छैन। त्यस्तै लोकतन्त्रकै नाममा टर्कीका टेइप एर्डोगन, भारतमा नरेन्द्र मोदी तथा रुसमा भ्लादिमिर पुटिनजस्ता 'सफ्ट तानाशाह' हरू जन्मने क्रम पनि जारी छ।

**अरुभन्दा कम खराब प्रणाली**

के त्यसो भए लोकतन्त्र राजनीतिक दृष्टिकोणबाट आदर्शवादी, आर्थिक दृष्टिकोणबाट अन्यायपूर्ण र नैतिक दृष्टिकोणबाट भ्रष्ट प्रणाली हो ? यसको जवाफ सिधै हो वा होइनमा दिन सकिँदैन। तर बेलायतका पूर्व प्रधानमन्त्री विन्स्टन चर्चिलको 'लोकतन्त्र खराब हुँदाहुदैं पनि विश्वमा अभ्यास गरिएका अन्य राजनीतिक प्रणालीहरूभन्दा कम खराब छ' र जवाहरलाल नेहरूको 'लोकतन्त्र किन राम्रो छ भने अरु पद्धतिहरू अझ खराब छन्' भन्ने भनाइले लोकतन्त्रको महत्त्वलाई अझ गहिराइमा बुझ्न मद्दत गर्दछ। विभिन्न आलोचना, चुनौतिसँग सङ्घर्षगर्दै चौथो चक्र (Fourth Wave) सम्म आइपुगेको लोकतन्त्रको विकल्प निकट भविष्यमा त्यति सजिलैसँग भेटी हालिने सम्भावना अहिलेसम्म देखिएको छैन।

**विकल्पमा अझ बढी लोकतन्त्र**

त्यसैले अद्यावधि विकास र अभ्यास गरिएका राजनीतिक प्रणालीहरूमध्ये सर्वाधिक रुचाइएको प्रणाली लोकतन्त्र नै हो। अन्य विभिन्न प्रणालीहरूको विकास, अभ्यास र अनुभवहरूले लोकतन्त्रलाई विस्थापन गर्न असम्भवजस्तै देखिएको छ। लोकतन्त्रको विकल्प भनेर प्रयोग गरिएका प्राय: सबै प्रणाली सफल वा प्रभावकारी भएको विरलै पाइएको छ। अर्थात अहिलेसम्म लोकतन्त्रको विकल्पको खोजी भएको/भइसकेको छैन। निकट भविष्यमा हुने सम्भावना पनि अति न्यून रहेको छ। प्रसिद्ध राजनीतिशास्त्री अल स्मिथले लोकतन्त्रमा 'प्रभावकारी सुधारहरू' को कुरा उठाएका छन्। त्यसैले लोकतन्त्रको विकल्प भनेको अझ बढी लोकतन्त्र हो।

## लोकतन्त्र र निर्वाचन

### लोकतन्त्रका महत्वपूर्ण अवयवहरू

लोकतन्त्रका पाँच ओटा महत्वपूर्ण अवयवहरू: निर्वाचित प्रतिनिधि, स्वतन्त्र न्यायपालिका, नागरिक स्वतन्त्रता, संगठित विपक्षी दल र कानुनको शासन हुन्। प्रतिनिधि मूलक लोकतन्त्रमा नागरिकले आवधिक निर्वाचनको माध्यमबाट सत्ता निर्णायाधिकार हुने गरी आफ्ना प्रतिनिधिहरूमा सार्दछन्। यसरी सार्वभौमसत्ता सारिएका प्रतिनिधिहरूबाट कानुन निर्माणसँगै देशको शासन सञ्चालन हुने भएकोले उपर्युक्त प्रतिनिधिहरूको चुनाव, उपर्युक्त प्रक्रिया र पद्धतिबाट हुन अनिवार्य छ। त्यसैले लोकतन्त्रमा निर्वाचन अर्थात् चुनावको अति विशिष्ट स्थान छ। मतदाताको रोजाइका आधारमा विधिसम्मत ढंगले प्रतिनिधि चयन गर्ने प्रकृयालाई निर्वाचन भनिन्छ। निर्वाचन जन/लोकमतलाई मापन गर्ने सबभन्दा लोकतान्त्रिक विधि वा प्रणाली हो। लोकतन्त्रमा जननिर्वाचित प्रतिनिधिहरूद्वारा राज्य शक्तिको श्रोत र राष्ट्रिय सम्प्रभुताको प्रयोग हुने गर्दछ। अर्थात् निर्वाचनले जनताको अभिमतलाई प्रतिनिधिको रूपमा रूपान्तरण गर्दछ। कुनै पनि देशको सरकारलाई कानुनी, संवैधानिक तथा नैतिक मान्यता प्राप्त गर्न निर्वाचनले सघाउँछ। त्यसैले निर्वाचनले लोकतन्त्रमा अक्सिजन अर्थात् प्राणवायुको काम गर्दछ भन्ने गरिन्छ। लोकतान्त्रिक मुलुकहरूमा आवधिक निर्वाचन (Periodic Election) को माध्यमबाट लोकतन्त्रलाई जीवन्त राख्न कानुनी तथा संवैधानिक व्यवस्था गरिएको हुन्छ।

### निर्वाचन र छनौटको सुनिश्चितता

अर्को आयामबाट पनि निर्वाचनलाई हेर्न सकिन्छ। निर्वाचनले नागरिकलाई छनौटको सुनिश्चितता प्रदान गर्दछ। निर्वाचनको माध्यमबाट कुनै एक वा तोकिएको सङ्ख्यामा मतदान गरी आफ्नो छनौटको अधिकारलाई नागरिकले प्रयोग गर्दछन्। अझ व्यापक अर्थमा भन्ने हो भने निर्वाचनले निरूपण गर्नुपर्ने कुनै विषय वा निर्णय गर्नुपर्ने कुनै मुद्दामा जनताले आफ्नो मत प्रयोग गरी कुनै विचार वा दर्शन वा राजनीतिक सिद्धान्त वा प्रणाली वा व्यक्ति वा संस्था वा राजनीतिक पार्टीलाई छनौट गर्ने अवसर तथा अधिकार प्रदान गर्दछ। यसले लोकतन्त्रलाई अर्थपूर्णसँगै अझ सुदृढ र प्रभावकारी बनाउन मद्दत गर्दछ। अर्को भाषामा भन्ने हो भने निर्वाचनले लोकतन्त्रको धमनीहरूमा रक्तसंचार गर्न मद्दत पुर्‍याउँदछ।

### निर्वाचन र विश्वसनीयताको सवाल

कुनै पनि निर्वाचनले नागरिकलाई छनौटको सुनिश्चितता स्थापित गर्दै जनइच्छाको सही प्रतिनिधित्व गराउने हो भने निर्वाचन स्वच्छ, निष्पक्ष, विश्वसनीय र स्वतन्त्र हुनु अति जरुरी छ। यसको निम्ति मतदाताले कुनै धाक, धम्की, डर त्रास तथा प्रलोभनमा नपरी निर्धक्क भएर मतदान गर्ने वातावरण पाउनु पर्दछ। निर्वाचन पूर्व, निर्वाचनको दिनसँगै मतगणना तथा परिणाम घोषणा नहुञ्जेलसम्म निर्वाचनको स्वच्छता र मर्यादामा कुनै पनि प्रकारको आँच आउनु हुँदैन। निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र विश्वसीनय बनाउन निर्वाचन सञ्चालन गर्ने निकाय, पदाधिकारी, अधिकारी तथा सरकारका तर्फबाट सबै राजनैतिक दल,

पार्टीका कार्यकर्ता, उम्मेद्वार, मतदाता एवं अन्य सरोकारवालाहरूसँग गरिने व्यवहार निष्पक्ष, समान र विधिसम्मत हुनु पर्दछ। सबै नागरिकले आफ्नो राजनीतिक अधिकारलाई बिना रोकटोक स्वतन्त्र ढङ्गले प्रयोग गर्ने वातावरण राज्यले सुनिश्चित गर्नु पर्दछ। नत्र भने चुनावको विश्वसनीयतामा शङ्का उत्पन्न हुन सक्तछ। निर्वाचनलाई सरोकारवालाहरूसँगै राष्ट्रिय अन्तर्राष्ट्रिय पर्यवेक्षण गर्ने संस्थाहरूले स्वीकार गरिएपछि मात्रै कुनै पनि निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र भएको प्रमाणित हुन्छ। निर्वाचनको प्रकृया र परिणामले वैधता पाएपछि मात्रै जनताको स्वामित्व/प्रभुत्व स्थापित हुन्छ।

**निर्वाचन र मानव अधिकार**

एक्काइसौं शताब्दीको दुईदशक छेउ आइपुग्दा मानव अधिकार बौद्धिक, सामाजिक तथा राजनीतिक वृत्तमा खुबै चर्चित तथा प्रिय शब्दको रूपमा स्थापित हुन पुगेको छ। कतिले यसलाई सभ्य समाजको सबभन्दा सुन्दर गहनाको रूपमा चित्रण गर्दछन्। त्यस्तै मानव अधिकार र लोकतन्त्रको अति नै प्रगाढ सम्बन्ध छ। मानव अधिकारलाई बाहिर राखेर वा पन्छाएर लोकतन्त्रको कल्पना पनि गर्न सकिदैन। वास्तवमा मानव अधिकार विनाको लोकतन्त्र आत्मा विनाको शरीरसरह हुन्छ।

**मानव अधिकार मैत्री निर्वाचन**

माथि धेरै पटक उल्लेख गरिएको छ, लोकतन्त्र र मानव अधिकार एक अर्काका परिपूरक हुन्। जहाँ लोकतन्त्र हुन्छ त्यहाँ मानव अधिकार अनिवार्य रूपमा उपस्थित रहेको हुन्छ। लोकतन्त्रको अर्को महत्त्वपूर्ण अवयव निर्वाचन हो। निर्वाचन विनाको लोकतन्त्रको कल्पना पनि गर्न सकिँदैन। तर निर्वाचन भएर मात्र लोकतन्त्र बलियो हुँदैन, लोकतन्त्रलाई बलियो बनाउन निर्वाचनमा मानव अधिकार मैत्री प्रकृयाहरूलाई अवलम्वन गर्नु पर्दछ। मानव अधिकारमुखी प्रकृया/पद्धतिलाई अवलम्वन नगरी गरिएको निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वश्निय हुन सक्दैन। यस्तो निर्वाचनले सबै नागरिकको अधिकारलाई सुनिश्चित र संरक्षित गर्न सक्दैन।

मानव अधिकारमैत्री निर्वाचनको लागि सर्वप्रथम मानव अधिकार मैत्री वातावरणको निर्माण गरिनु पर्दछ। यसको निम्ति निर्वाचनमा शान्तिपूर्ण वातावरणको सुनिश्चितता अनिवार्य सर्त हो। निर्वाचन गराउने अधिकारी/निकाय, निर्वाचनमा भाग लिने दल र तिनका कार्यकर्ता तथा मतदाता सबैले मानव अधिकारको पालना गरेर शान्तिपूर्ण निर्वाचनको लागि उपयुक्त वातावरण निर्माण गर्न सक्दछन्। त्यस्तै निर्वाचनमा नागरिकको अधिकतम सहभागितालाई सुनिश्चित गरिनु पर्दछ। सम्भ्रान्त, टाठा-बाठा, बलिया-बाङ्गा र राजनीतिक दलका कार्यकर्ताले मात्र नभएर आधारभूत तहका नागरिक, निमुखा तथा पछाडि परेका/पारिएकाहरूले पनि विना भय स्वतन्त्र ढङ्गले निर्वाचनमा भाग लिने वातावरण निर्माण गरिनु पर्दछ। वृद्ध-वृद्धा, अपाङ्ग, अप्ठ्यारो भूगोल, कारागारमा बन्दी, आप्रवासी वा तेस्रो लिङ्गी भएकै कारण कोही कसैले चुनावमा भाग लिने अवसरबाट बञ्चित हुनु हुँदैन। स्वतन्त्र, निष्पक्ष, अधिकतम् जनसहभागिता, बलियो र संयमित सुरक्षा प्रणाली, हिंसारहित, शान्तिपूर्ण वातावरणसँगै आचारसंहिताको कठोरतापूर्वक र पूर्ण पालन गरिएको चुनावलाई मानव

अधिकारमैत्री चुनावको रूपमा व्याख्या गर्न सकिन्छ।

### निष्कर्ष

लोकतन्त्र, राजनीतिक सिद्धान्त वा प्रणालीमात्र होइन, जनताको राज्य निर्माणमा प्रभावकारी स्वामित्व बनाउने विधि पनि हो। हामीले प्रयोग गर्दै आएको प्रतिनिधिमूलक लोकतन्त्रमा केही टड्कारा समस्या तथा चुनौतीहरू देखिएका छन्। सुधार र समाधानको निम्ति घनिभूत बहससँगै समाधानका प्रयत्नहरू पनि नभएका होइनन्। तर खासै रूपान्तकारी परिवर्तन हुन सकेको छैन। अहिले पनि अपवाद बाहेक सञ्चार, शक्ति र सम्पतिमा आधिपत्य हुनेहरूले मात्र चुनाव जित्ने हुनाले जनताका मुद्दाहरूसधैँ ओझेलमा पर्ने गरेका छन्। त्यस्तै व्यवहारमा नागरिक र जनप्रतिनिधिहरूबीच गहिरो खाडल निर्माण हुने भएकोले जनअसन्तुष्टि पनि बढ्याबढ्यै छ। यसको लागि वर्तमान चुनाव प्रणालीलाई अझ जनमैत्री तथा मानव अधिकार मैत्री बनाउँदै लानुको विकल्प छैन। मताधिकारको अधिकार मत दिन्न भन्ने अधिकार र प्रत्यावाहन संवैधानिक रूपमै स्थापित गर्नु पर्दछ। यसको साथै पद, पैसा, शक्ति र साम्प्रदायिकताको आधारमा चुनाव जित्ने वर्तमान परिस्थितिलाई रोक्न प्रभावकारी कानुन निर्माणसँगै कारगर उपायहरूको प्रयोग गर्न अति जरुरी छ।

*(साभार : प्राची संचेतना द्वैमासिक, वर्ष २६, पूर्णाङ्क १०३, फागुन २०७९)*

### सन्दर्भ सामग्री


Comfort, Nicholas, 2006, *The Politics Book*. New Delhi. Research Press.

Dahl, Robert A, 2000, *On Democracy*. USA. Yale University Press.

Huntington, Samuel P. 2010. *The Third Wave: Democratization in the late Twentieth Century.* USA. University of Oklahoma Press.

Fukuyama, Francis 2011. *The Origins of Political Order.* London. Profile Books Ltd.

Piketty, Thomas. 2014. *Capital in the 21st Century*. London Profile Books Ltd.

श्रेष्ठ, दिनेश, (सं.)। २०७३। *सहभागितामूलक लोकतन्त्र र स्थानीय आयाम*। विराटनगर। हाम्रो अभियान (पूर्वाञ्चल) र फोरम फर पार्टिसिपेटरी डेमोक्रेसी (पूर्वाञ्चल)।

श्रेष्ठ, दिनेश, दीपेन्द्रराज कार्की, (सं)। २०७१। *लोकतन्त्रका समकालीन आयाम*। इटहरी/विराटनगर। अभियान नेपाल/हाम्रो अभियान।

श्रेष्ठ, सिद्धिश्वरमान। २०६६। *महत्वपूर्ण राजनीतिक शब्द ज्ञान*। काठमाडौं। अक्षलोकको लागि सावित्री श्रेष्ठ।

*प्रजातन्त्रको हाते पुस्तिका*। २०६४। ललितपुर। एफ. ई. एम. नेपाल।

# निर्वाचन पर्यवेक्षण अनुभव र अनुभूति

– वसन्त दहाल

संसारमा अनेकौँ शासन पद्धतिको अभ्यास गरिएका छन्। राज्य सञ्चालन गर्ने अनेकौँ व्यवस्थाहरू स्थापना गरिए र त्यसको विकसित रूप हामी आज लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको उपयोग गर्दै छौँ। यो व्यवस्थाले जनतालाई शासक बनाएको छ र यहाँ कोही कसैको रैती हुनुपर्ने अवस्था छैन। लोकतान्त्रिक व्यवस्थामा जनताले प्रतिनिधि छान्छन् र आफूलाई शासित बनाउँछन्। आफूलाई शासन गर्ने प्रतिनिधि छान्नको लागि विशेष कार्य सम्पन्न गरिन्छ जसलाई निर्वाचनको संज्ञा दिइएको छ।

लोकतान्त्रिक व्यवस्थामा राज्य सञ्चालनमा अपनाइने हरेक कार्यहरूबारे सूचना ग्रहण गर्ने अधिकार जनतामा निहित हुन्छ। अझ यो अधिकार त्यतिबेला प्रभावशाली हुन्छ जब सम्पूर्ण जनता र राष्ट्रको सेवा गर्न भनेर निर्वाचन गरिन्छ। निर्वाचन त्यो प्रक्रिया हो जसमाथि जनता, समाज र राष्ट्रको भविष्य निर्भर रहेको हुन्छ। कसैको गलत विचार वा कार्यका कारण सम्पूर्ण राष्ट्रले परिवर्तनबाट किन बिमुख बन्नु ? यही कुरा मनन् गरेर निर्वाचन प्रक्रियालाई निष्पक्ष र धाँधलिरहित बनाउन जरूरी छ। जसका लागि विभिन्न प्रकृया अपनाइएको हुन्छ त्यसभित्र निर्वाचन पर्यवेक्षण पनि पर्दछ।

लोकतान्त्रिक मर्मलाई आत्मसात गरेर चुनावी प्रक्रियालाई वैधानिकता प्रदान गर्नका लागि पनि पर्यवेक्षकको अहम् भूमिका रहेको हुन्छ। यसले निर्वाचनको गुणस्तर सुधार्न ठुलो मद्दत पुऱ्याउँछ। यसले मतदाताको नागरिक र राजनीतिक अधिकार सुनिश्चित गर्दछ नै त्यसका अलावा प्रजातन्त्रिक प्रक्रियालाई कानुनी दायरा भित्र ल्याएर निर्वाचनका माध्यमबाट बनेको सरकारप्रति जनतामा विश्वास दिलाउँछ। त्यस्तै पर्यवेक्षणका माध्यमबाट मतदानकै क्रममा देखिएका त्रुटि सच्याउन तथा पर्यवेक्षण प्रतिवेदनले औँल्याएका विषयका आधारमा भविष्यलाई मार्गनिर्देशन गर्न सहयोग पुऱ्याउँछ।

आफ्नो भाग्य निर्धारण गर्ने निर्वाचनमा नागरिक स्वयम्लाई संलग्न गराउनु यस कार्यको महत्त्वपूर्ण पाटो हो। यसले व्यक्तिमा निहित मानव अधिकारको सम्मान गर्न भूमिका खेल्छ भने द्वन्द्वबाट विकासको मार्गमा जाने क्रममा अपनाइने शान्ति प्रक्रियामा आँच आउने कार्यबाट परै राख्छ। समग्रमा भन्ने हो भने विकसित राजनीतिक व्यवस्थाद्वारा सिर्जित मूल्य र मान्यतामा आकर्षण भरेर त्यसको महत्त्व बढाउने कार्यमा "निर्वाचन पर्यवेक्षण" जड भएर देखा परेको हुन्छ।

निर्वाचन पर्यवेक्षणको इतिहास हेर्दा १९ औं शताब्दीसम्म पुग्न सकिन्छ तर यसको व्यापकता भने विश्वयुद्धपछि भएको देखिन्छ। कालान्तरमा अनेकौँ अन्तर्राष्ट्रिय कानुनसम्मत रहेर पर्यवेक्षण र पर्यवेक्षकसम्बन्धी विभिन्न नियमहरू निर्माण गर्ने कार्य भए र विगतमा पर्यवेक्षणमा देखिएका अल्झन सुल्झाएर निर्वाचनलाई झन् जनतामुखी बनाइयो। यस कार्यमा पर्यवेक्षकलाई विभिन्न तरिकाले फरक फरक रूपमा विभाजन गरियो। अद्यावधिका आधारमा छोटो र लामो भनेर छुट्याइयो। लामो अवधिका पर्यवेक्षकका रायका आधारमा छोटो अवधिका पर्यवेक्षकले मतदानका बेला अनुगमन गर्ने अभ्यास रही आएको छ। लामो

अवधिका पर्यावेक्षकहरूले उम्मेदवार मनोनयन दर्ता गर्ने समयदेखि लिएर निर्वाचन परिणाम घोषणा नहुञ्जेलसम्म नियाल्न पाउने अधिकार बोकेका हुन्छन् ।

निर्वाचन आयोगबाट अनुमति लिएका देशभित्र रहेका विभिन्न सङ्घ संस्थासित आबद्ध रहेर निर्वाचन अनुगमन गर्ने व्यक्तिलाई राष्ट्रियको सूचीमा राखेको थियो। अन्तर्राष्ट्रिय संस्थाबाट आएका पर्यवेक्षकलाई अन्तर्राष्ट्रिय पर्यवेक्षक र निर्वाचनको विश्वसनीयता अझै राम्रो होस् भन्ने हेतुले समाजका विभिन्न क्षेत्रमा योगदान गर्ने लब्धप्रतिष्ठित व्यक्तिलाई निर्वाचन आयोगले विशिष्ट पर्यवेक्षकका रूपमा खटाएको थियो।

यही भावनाअनुसार प्रतिनिधि र प्रदेश सभा निर्वाचनमा मैले इन्सेकको तर्फबाट राष्ट्रिय पर्यवेक्षकको भूमिकामा प्रस्तुत भएर मतदान र मतदातामा निहित अधिकार प्रयोग भए नभएको पर्यवेक्षण गर्ने मौका पाएँ। सो क्रममा ललितपुर जिल्लाका विभिन्न ठाउँको पर्यवेक्षण गर्ने हाम्रो जिम्मेवारी थियो। निर्वाचनको तयारी, सुरक्षा प्रबन्ध अनि मतदातामा देखिएको कौतुहलता साँच्चै सकरात्मक उर्जा दिने खालका थिए।

परिवर्तनको आशा अनि त्यसले पार्ने दीर्घकालीन असरलाई मतदाताले स्वीकारेर त्यस आशालाई न्याय दिलाउन आफ्नो मत सक्षम उम्मेदवारलाई दिन आतुर रहेको सजिलै देख्न सकिन्थ्यो। कौतुहलता सबैको मुहारमा झल्किएको थियो। नझल्कियोस् पनि किन, आफूले कयौँ वर्षसम्म भोगेका दु:ख, सङ्घर्ष अनि वेदनाको अन्त्य निर्वाचनपछि गठन हुने सरकारले गर्ला भन्ने आशा सबैमा थियो। शक्तिको विकेन्द्रिकरणको व्यवस्था पहिलोपटक अनुभव गर्न पाइनु पनि जनताका लागि नौलो थियो। मतदान अधिकृत, प्रहरी, निर्वाचन सहयोगीहरू निर्वाचन प्रकृयालाई मतदातामैत्री बनाउन खटिएका थिए। निर्वाचनले उल्लासमय वातावरणको सिर्जना गरेको थियो र हेर्दा कुनै चाडबाड मनाएभन्दा कम थिएन।

निर्वाचनको तयारी, सुरक्षा, मतदानस्थलको अवस्थामा मतदान केन्द्र अनुसार फरक पाइयो। बडिखेलको पथ प्रदर्शक मावि मतदान केन्द्रमा मतदाताको भिड नियन्त्रण गर्न वा भनौँ भने व्यवस्थित गर्न नसकिएको देखियो जसले गर्दा केही भइहालेमा समस्या पर्ने निश्चितप्राय: थियो। त्यस्तै, फुल्चोकी प्राथमिक विद्यालयमा भौगोलिक कठिनाइ देखियो जहाँ उकालो चढेर मतदान गर्नुपर्ने भएकाले अपाङ्गता, ज्येष्ठ नागरिकलाई, बिरामीलाई असहज भइरहेको थियो। गोदावरी तालिम केन्द्र व्यवस्थाका हिसाबले सबैभन्दा अब्बल देखियो जहाँ हरेक निर्वाचनसँग सम्बन्धित व्यक्ति र फरकफरक किसिमका मतदाताको लागि फरक लाइनको बन्दोबस्त थियो। हरिसिद्धिस्थित मतदानस्थलहरू केही साँघुरा र केही हदसम्म मतदान र मतदातामैत्री नभएको हो कि भन्ने भान भयो तर पनि हर कोशिस गरेर व्यवस्थित पार्न खोजिएको थियो।

लामो तयारीका बाबजुद पनि मतदाता शिक्षाको कमीले गर्दा अमूल्य मत खेर जाने डर जताततै सुन्न सकिन्थ्यो। प्रत्यक्षभन्दा समानुपातिकतर्फ मत दिँदा मतदातामा असहजता देखिएको मतदान अधिकृतहरूबाट थाहा पाइयो। यसकै कारणले गर्दा धेरै समय लागेको पाइयो।


प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचनलाई सफल भएको मान्नुपर्दछ। छोटो समयको तयारी, विभिन्न पक्षहरूको विरोध आदिलाई पाखा लगाएर जनताको मन र मस्तिष्कको कदर गर्न सफल भएको मान्नु पर्दछ यो निर्वाचन।

*साभार : प्राची त्रैमासिक, वर्ष २१, पूर्णाङ्क ९३, माघ २०७४*

सामयिक

# निर्वाचन, निर्वाचन पर्यवेक्षण र इन्सेक

लोकतान्त्रिक शासन व्यवस्थाको आधार स्तम्भ आवधिक निर्वाचन हो। नागरिकले सार्वभौमसत्ता प्रयोग गर्ने प्रमुख माध्यम भएकाले निर्वाचन प्रक्रियाको विश्वसनीयता, पारदर्शिता र निष्पक्षता अपरिहार्य हुन्छ। निर्वाचनको वैधताका लागि संसारभर निर्वाचन पर्यवेक्षणलाई एक महत्त्वपूर्ण अङ्गका रूपमा लिइन्छ। नेपालमा निर्वाचन पर्यवेक्षणको लामो इतिहास छैन। पञ्चायतकालमा अनौपचारिक रूपमा गरिने निर्वाचन पर्यवेक्षण कार्य हाल व्यवस्थित र नागरिकको सहभागितामा हुने गरेको छ।



विजयराज गौतम

नेपालको पहिलो संसदीय निर्वाचन २०१५ सालमा सम्पन्न भए पनि त्यतिबेला नागरिक-स्तरको औपचारिक पर्यवेक्षण संरचना भने विकसित थिएन। त्यसबेला कुटनीतिक निकाय र केही विदेशी पर्यवेक्षकहरूले अनौपचारिक रूपमा चुनावी प्रकृयाको पर्यवेक्षण गरेका थिए।

२०४६ सालमा बहुदलीय प्रजातन्त्र पुर्नस्थापना भएपछि नेपालमा निर्वाचन प्रक्रियाको पारदर्शिता र उत्तरदायित्वप्रतिको चासो बढ्दै गयो। राजनीतिक व्यवस्थाको वैधता नै चुनावको निष्पक्षतामा निर्भर हुने भएकाले व्यवस्थित पर्यवेक्षणको आवश्यकता महसुस गरियो। त्यसबेला देखिनै नागरिक समाज संस्था र विभिन्न मानवअधिकार समूहहरूले निर्वाचन पर्यवेक्षण कार्य थालेका थिए। २०४८, २०५१ र २०५६ को संसदीय चुनावमा उल्लेख्यमात्रमा निर्वाचन पर्यवेक्षक परिचालित भएका थिए। अन्तर्राष्ट्रिय समुदायले पनि नेपालका निर्वाचन अनुगमन तथा पर्यवेक्षण गर्न थालेको पाइन्छ। यसक्रममा एन्फ्रेल, एनडीआइ तथा कार्टर सेन्टरले निर्वाचन पर्यवेक्षणमा भाग लिएका थिए।

२०६४ सालको संविधानसभा निर्वाचन त नेपालका लागि मात्र होइन, विश्वकै दृष्टिमा पनि महत्त्वपूर्ण राजनीतिक प्रयोग थियो। यस चुनावमा करिब ६० हजारभन्दा बढी राष्ट्रिय र सयौँ अन्तर्राष्ट्रिय पर्यवेक्षक परिचालित भएका थिए।

२०७० को दोस्रो संविधानसभा निर्वाचन पनि त्यत्तिकै महत्त्वपूर्ण थियो। पहिलो संविधानसभा असफल भएपछि नागरिकमा निराशा, राजनीतिक अविश्वास र बहिष्कारको मनोवृत्ति देखा परेको थियो। यस अवस्थामा पर्यवेक्षकहरूको उपस्थिति नै निर्वाचन प्रक्रियामा मनोवैज्ञानिक सुरक्षा प्रदान गर्ने मुख्य कारक थियो। संवेदनशील वातावरणमा सञ्चालन भएको यस चुनावमा अनेक जोखिमका बाबजुद प्रक्रियाको विश्वसनीयता कायम राख्न पर्यवेक्षणले उल्लेखनीय योगदान दियो।

नयाँ संविधान कार्यान्वयनसँगै २०७४ पछि नेपाल नयाँ प्रशासनिक संरचनामा प्रवेश गऱ्यो। स्थानीय, प्रदेश सङ्घीय गरी तीन तहका निर्वाचनले नेपाललाई सङ्घीय लोकतान्त्रिक अभ्यासमा स्थापित गराएको छ। लैङ्गिक समावेशिता,

अपाङ्ता भएका व्यक्तिको पहुँच, दलहरूको वित्तीय अनुशासन, प्रचार-प्रसारको कानुनी अनुपालन, मतदान केन्द्रको भौतिक अवस्था, गलत सूचनाको प्रभाव मूल्याङ्कनजस्ता विषय पनि आधुनिक पर्यवेक्षणको मुख्य सूचक बन्न पुगे। २०७९-२०८० का स्थानीय र सङ्घीय चुनावमा त नागरिक समाज, युवा समूह र अन्तर्राष्ट्रिय टोलीहरूको उपस्थितिले मतदान प्रक्रियालाई अझै पारदर्शी र विश्वसनीय बनाएको थियो।

द्वन्द्वउपरान्त देशमा निर्वाचनप्रतिको विश्वास नै राजनीतिक स्थिरताको पूर्वशर्त हो। यी सबै अभ्यासहरूका बीच पनि नेपालमा निर्वाचन पर्यवेक्षणले केही स्थायी चुनौतीहरूको सामना गरिरहेको छ। यसको प्रभावकारिता राजनीतिक ध्रुवीकरण, दूरदराज भूगोलमा पहुँच समस्या, मतदाता सूचीसम्बन्धी त्रुटि, गलत सूचनाको तीव्र प्रसार र दलहरूको अत्यधिक अपारदर्शी खर्चजस्ता विषयले असर गर्छ। यस्ता चुनौतीहरू समाधान गर्न निरन्तर सुधार र दीर्घकालीन नीतिगत प्रतिबद्धता आवश्यक पर्छ।

प्रारम्भिक अनौपचारिक अभ्यासहरूबाट सुरु भएको यो प्रक्रिया आज अत्यन्त व्यावसायिक र तथ्य-आधारित संरचनामा विकसित भइसकेको छ। निर्वाचन प्रक्रियाको विश्वसनीयता कायम राख्न, जनताको विश्वास सुदृढ गर्न, समावेशी अभ्यास प्रवर्द्धन गर्न र दीर्घकालीन सुधारका आधार निर्माण गर्न पर्यवेक्षण अपरिहार्य लोकतान्त्रिक संयन्त्रका रूपमा स्थापित छ। यसले नेपालमा लोकतान्त्रिक अभ्यासलाई मात्र संरक्षित गरेको छैन, राजनीतिक परिवर्तनका संवेदनशील चरणहरूलाई स्थायित्वतर्फ डोऱ्याउने महत्त्वपूर्ण भूमिका पनि निर्वाह गरेको छ।

नेपालमा मानव अधिकार संरक्षण, लोकतन्त्रको संस्थागत विकास र नागरिक सहभागिताको प्रवर्द्धनमा इन्सेक योगदान



*प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७४ को काभ्रे जिल्लामा पर्यवेक्षण गर्दै इन्सेकका तत्कालीन कार्यकारी निर्देशक विजयराज गौतम*

अत्यन्त महत्त्वपूर्ण रहेको छ। सन् १९८९ मा स्थापना भएको इन्सेकले मानव अधिकार र सामाजिक न्यायका सवालमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। इन्सेकले आफ्नो स्थापनाकालदेखि नै लोकतान्त्रिक अभ्यासको आधार स्तम्भ मानिने निर्वाचन प्रक्रियाको पारदर्शिता, निष्पक्षता र उत्तरदायित्व सुनिश्चित गर्न निर्वाचन पर्यवेक्षण कार्यलाई महत्त्वपूर्ण कार्यका रूपमा समेट्दै आएको छ।

२०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि २०४८ सालमा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनदेखि इन्सेकले पर्यवेक्षण गर्न सुरु गरेको थियो।

२०४८, २०५१ र २०५६ को प्रतिनिधिसभाको निर्वाचन स्थानीय निकाय निर्वाचनहरू, संविधान सभाको निर्वाचनहरू, संविधान जारी भएपछि सम्पन्न भएका प्रतिनिधिसभाका निर्वाचनहरू, प्रदेश सभाका निर्वाचनहरू र स्थानीय तहका सबै निर्वाचनहरूको इन्सेकले पर्यवेक्षण गरेको छ। निर्वाचन पर्यवेक्षणका लागि निर्वाचन आयोगबाट अनुमति लिने र निर्धारित समयमा पर्यवेक्षण प्रतिवेदनहरू निर्वाचन आयोगमा बुझाउँदै आएको छ।

आगामी २०८२ फागुन २१ गतेका लागि घोषित प्रतिनिधिसभाको निर्वाचनको पर्यवेक्षण गर्न इन्सेकले निर्वाचन आयोगबाट अनुमति प्राप्त गरिसकेको छ। यो निर्वाचनमा इन्सेकले २ सय ५० भन्दा बढी पर्यवेक्षक परिचालन गर्ने योजना तयार गरेको छ। निर्वाचन सुरक्षा, निर्वाचनका क्रममा हुनसक्ने मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेख गर्ने कार्यलाई इन्सेकले प्राथमिकता राख्नेछ।

### विगतको अनुभव

निर्वाचनको पूर्व, निर्वाचनको दिन र निर्वाचनपछि प्रभावकारी पर्यवेक्षण गर्नका लागि निर्वाचन आयोगसँग अनुमतिका लागि निवेदन दिइएको अनुमति प्राप्त पर्यवेक्षकले




*प्रतिनिधिसभा सदस्य उपनिर्वाचन २०८१ को इलाम जिल्लामा पर्यवेक्षण गर्दै इन्सेकका तत्कालीन कार्यकारी निर्देशक विजयराज गौतम*

निर्वाचन पर्यवेक्षण गर्ने गरेका छन्। स्थानीय तहका समस्या र विषय के हुन् भनी पहिल्याउन इन्सेकले जिल्लाहरू भ्रमण गरी स्थानीय सवालको पहिचान गर्ने गरेको छ। यस्ता सवालहरूको पहिचान गर्ने क्रममा स्थानीय जनतासँग भेटघाट तथा छलफल गरी निर्वाचन सुरक्षा व्यवस्था र तयारीका सन्दर्भमा स्थानीय सुरक्षा निकाय तथा राजनीतिक दलका प्रतिनिधिसँग छलफल गरिएको थियो।

मतदाता शिक्षालाई प्रभावकारी बनाउन रेडियो जिङ्गलहरू तयार गरी सामुदायिक रेडियोहरूबाट प्रशारण गरिएको थियो। नेपाली भाषामा तयार मतदाता शिक्षासँग सम्बन्धित पारिएका जिङ्गलहरू यस्ता जिङ्गलहरूमा मतदाता शिक्षा, मतदान तथा आवधिक निर्वाचनको महत्त्वलगायतका विषयमा समावेश गरिएका थिए। निर्वाचन र मतदाता शिक्षालाई केन्द्रित गरी तयार पारिएको पोष्टर देशका विभिन्न भागहरूमा वितरण गरिएको थियो।

विगतको अनुभव र क्षमताका कारण निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न इन्सेकले *स्वच्छ निर्वाचनका लागि नागरिक अभियान* सञ्चालन गरेको थियो। पर्यवेक्षण कार्यले




*वि.सं. २०४८ सालको निर्वाचनको लागि इन्सेकले प्रकाशित गरेको ग्रामीण मतदाता सचेतन कार्यक्रम सम्बन्धी पोस्टर*

राजनीतिक दल, उम्मेदवार, राजनीतिक दलका भातृ सङ्गठन, सरकारी कार्यालय, सङ्घ संस्था, सञ्चारकर्मी लगायत सरोकारवालाहरूलाई निर्वाचन आचारसंहिता पालना गर्न गराउन सजग बनाउने उद्देश्य रहेको थियो। निर्वाचन पर्यवेक्षणका निम्नलिखिति उद्देश्यहरू रहेका थिए।

- स्वच्छ र निष्पक्ष निर्वाचन गर्न सहयोग पुऱ्याउनु।
- भयरहित वातावरणमा निर्वाचन गर्न मद्दत गर्नु।
- निर्वाचन आयोगका मतदाता शिक्षा कार्यक्रमलाई सहयोग पुऱ्याउनु।

निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन आवश्यक छ। पञ्चायतकालमा भएका निर्वाचनदेखि नै नेपालका अधिकारकर्मी र नागरिक समाजले निर्वाचनहरूको पर्यवेक्षण गर्दै आएका छन्। त्यसबेला र बहुदलीय व्यवस्था स्थापित भएपछि सम्पन्न भएका निर्वाचनलगत्तै निर्वाचन आयोगमा प्रतिवेदन बुझाइएका थिए। २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा सदस्य निर्वाचनलाई ऐतिहासिक र फलदायी बनाउन नागरिक तहबाट जन सचेतना, सार्वजनिक संपरीक्षण र प्रभावकारी पर्यवेक्षण गर्ने अभिप्रायले आम नागरिक समाजको सहकार्यमा स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सञ्चालन गरिएको थियो। यो अभियानलाई सफलतापूर्वक सम्पन्न गर्न स्वयम्सेवीरुपमा नागरिक सङ्गठन र अगुवाहरू अहोरात्र खटिए। राजनीतिक दल र तिनका उम्मेदवारहरूलाई जबाफदेही बनाउन र आम मतदाताहरूलाई जागरुक बनाउन देशभरी विशेष नागरिक अभियान सञ्चालन गरिएको थियो।

पर्यवेक्षणका क्रममा राजनीतिक दल र उम्मेदवारले आचारसंहिता उल्लङ्घन गरेका घटनाहरू अभिलेखित भए। प्रचार सामग्री, निर्वाचन खर्चलगायतमा उनीहरूले आचारसंहिता उल्लङ्घन गरे। राजनीतिक दलको चुनाव चिह्न अङ्कित पहिरन, टोपी, स्टिकर, लोगो, झोलाजस्ता साङ्केतिक सामग्री प्रयोग, बिक्री वा प्रदर्शन गर्न/गराउन नहुने आचारसंहिताले भनेको छ तर यो प्रावधानको सबभन्दा बढी दुरूपयोग भएको देखियो। राजनीतिक दलका घरदैलो कार्यक्रममा टिसर्ट, टोपीको प्रयोग अधिक मात्रामा भएको पाइयो। आचारसंहिता विपरीत काम भए कारबाही गर्ने अधिकार कानुनले निर्वाचन आयोगलाई प्रदान गरेको छ। तर त्यसको कार्यान्वयन पक्ष असाध्यै फितलो रहेको पाइयो। आचारसंहिता विपरीत गतिविधि भए उजुरी गर्ने व्यवस्था भए पनि छानबिन र दोषीलाई कारबाही गर्ने कार्यमा आयोग निरीहजस्तै देखियो। आयोग सशक्त ढङ्गले लाग्ने हो भने आचारसंहिता कार्यान्वयन प्रभावकारी हुन सक्छ। यसले भविष्यमा हुने निर्वाचन निष्पक्ष ढङ्गले सम्पन्न हुने वातावरण तयार गर्छ र निर्वाचनको विश्वसनीयता पनि बढाउँछ। राजनीतिक दलहरू पनि आचारसंहिता पालनाका सन्दर्भमा इमानदार बन्नुपर्छ। सरकार र राजनीतिक दलहरूको इमानदारीले नै निर्वाचनलाई मर्यादित बनाउँछ।

## २०७९ को निर्वाचन पर्यवेक्षणका क्रममा देखिएका तथ्यहरू

निर्वाचन केन्द्र अपाङ्गमैत्री नभएका कारण अपाङ्गता भएका व्यक्तिहरूलाई मतदानमा समस्या भएको पाइयो। केही मतदान केन्द्र साँघुरो भएका कारण मतदान कार्य ढिला हुनुका साथै मतदातालाई अप्ठ्यारो भएको पाइयो। मौसम अनुकुल मतदान केन्द्रको व्यवस्था नगरिँदा मतदानमा

अवरोध हुनुका साथै मतदाताले सास्ती भोग्नु परेको थियो। शान्ति सुरक्षाको अवस्था मजबुत रहेको पाइयो। विगतका निर्वाचनमा जस्तो ग्रामीण भेगमा मतदाताले पूर्ण सुरक्षा अनुभव नगरेको र डराएर मतदानमा भाग नलिएको अवस्था यो पटक रहेको थिएन। सुरक्षा संयन्त्रको भरपर्दो उपस्थिति रहेको पाइयो। आफ्नो दलको प्रभाव बलियो भएको ठाउँमा मतदानलाई प्रभाव पार्ने प्रयास गरिएको भए पनि सुरक्षा संयन्त्रको बलियो उपस्थितिका कारण यस्ता प्रयास असफल भएको पाइयो। शहरी क्षेत्रमा भन्दा विकट जिल्ला तथा ग्रामीण क्षेत्रमा मतदाताको उल्लेख्य तथा उत्साहपूर्ण सहभागिता देखियो। मतदानको प्रकृया बारे अलमल रहेको पाइयो। मतदाता शिक्षा प्रभावकारी नभएको देखियो। निर्वाचन आयोगले गरेको निर्वाचन तयारी भरपर्दो रहेको पाइयो। मतदान केन्द्र, मतपेटिका, मतपत्र, कर्मचारी, स्वयम्सेवक तथा सुरक्षा निकायको व्यवस्थापन गर्न निर्वाचन आयोग सक्षम रहेको पाइयो। मतपेटिका सङ्कलन तथा ढुवानी व्यवस्था प्रभावकारी रहेको पाइयो। मतगणना तथा मतपेटिका ओसारपसारमा शंका व्यक्त गरी




*वि.सं. २०७४ मङ्सिरमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन अगाडि इन्सेकले प्रकाशन गरेको पोस्टर*

धाँधली भएको भन्ने बारे केही दल तथा तिनका प्रतिनिधिले कुरा उठाएको भए पनि त्यस्तो अवस्था अनुगमनका क्रममा पाइएन। मतदान तथा मतगणनास्थलमा सञ्चारकर्मी तथा पर्यवेक्षकलाई सहजै पहुँच प्राप्त रहेको थियो। निर्वाचन आयोगको कार्य प्रभावकारी रहे पनि जिल्लामा केही समस्याहरू देखिए। निर्वाचनको दिन सवारी पास, पर्यवेक्षकसँगको व्यवहार, मतदाता परिचय पत्र वितरण तथा मतदान केन्द्रको व्यवस्थापनमा समस्या देखिए।




*इन्सेकद्वारा २०४७ मङ्सिर १३, १४ र १५ गते काठमाडौंमा आयोजित स्वतन्त्र तथा निष्पक्ष आमनिर्वाचनका पूर्वाधारहरू विषयक गोष्ठीको प्रतिवेदनको अग्रभाग*

**निष्कर्ष**

निर्वाचनले नेपालको लोकतन्त्रको संस्थागत विकास र सुदृढीकरण गर्ने दिशामा महत्त्वपूर्ण उपलब्धि थप गरिदिएको छ भने जनतामा शान्तिपूर्ण निर्वाचन पश्चात नयाँ उमङ्ग, जोश र जाँगर उत्पन्न गरिदिएको छ। सार्वभौमसत्ता/राज्यको सर्वोच्च राजकीय सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान २०७२ को वाक्यलाई मनन गर्दा आवधिक निर्वाचन नेपाली लोकतन्त्रको एक अपरिहार्य तत्त्वका रूपमा मान्न सकिन्छ। लोकतन्त्र र निर्वाचनका विशेषज्ञहरूले लोकतन्त्रलाई जनताको शासन, जनताद्वारा शासन र जनताका लागि शासन मात्र हो भने आवधिक निर्वाचन लोकतन्त्रका प्रमुख आधारस्तम्भ हुनु पर्ने धारणा अगाडि सारेका छन्। सजिलो भाषामा भन्ने हो भने जनता राज्यका सर्वोच्च शक्ति हुन्, उनीहरूकै इच्छानुसार उनीहरूले नै रूचाएका, चुनेका प्रतिनिधिहरूद्वारा मुलुक शासित हुनुपर्दछ। यस्तो निर्वाचन प्रत्येक चार/पाँच वर्षमा भइरहनु पर्छ र जनताको ताजा विचार लिइरहनु पर्छ र यसैअनुसार मुलुक शासित हुनु नै सही अर्थमा लोकतन्त्र हो। तर मतदान र प्रतिनिधित्वको प्रकारअनुसार यस्तो निर्वाचन पद्धति प्रत्यक्ष र अप्रत्यक्ष दुवै हुन सक्छ। लोकतन्त्र बहुमतको सरकार भएकाले निर्वाचनले मात्र कुन दल/समूह बहुमतमा छ र कुन अल्पमत भन्ने संवैधानिक/कानुन निर्क्योल गर्ने गर्दछ। यदि निर्वाचन भएन भने त्यहाँको शासन लोकतान्त्रिक होइन निरङ्कुश तानाशाही हुने गर्दछ। जसमा जनताको कुनै हिस्सा हुँदैन। निर्वाचन राजनीतिज्ञ, नेतृत्व, कार्यकर्ता, जनता सबैका लागि आफ्नो शक्ति र तौल परीक्षण गर्ने एक प्रतिस्पर्धात्मक खेल मैदान भएका हुनाले कमजोर दल, नेतृत्व र समुदाय




*वाशु क्षितिजले बनाउनुको भएको यो कार्टुन २०७६ फागुन १४ गते अन्नपूर्ण पोष्टमा प्रकाशित भएको थियो*

आफ्नो कम शक्ति प्रभाव भएका कारण सधैं निर्वाचनबाट तर्सिने गर्दछ। विभिन्न कृत्रिम बहानामा निर्वाचनको विरोध गर्दै निर्वाचन बहिष्कारको बाटोसमेत अवलम्बन गर्ने गर्दछ। त्यसैले आवधिक निर्वाचन सबैका लागि एक दरिलो प्रेरक तत्त्वकारूपमा समेत रहने गर्दछ। शासक वर्ग सधैं जनताबाट भयभित र त्रसित हुने गर्दछन्। त्यसैले प्रत्येक चार/पाँच वर्षमा हुने आवधिक निर्वाचनले उनीहरूलाई जनताप्रति उत्तरदायी र जिम्मेवार बनाउन वाध्य तुल्याउँछ र जनताका लागि विकास निर्माणका कार्य गर्न दबाब दिने गर्दछ। यस क्रममा उनीहरू आफ्ना निहित स्वार्थ पन्छाएर जनताका लागि कार्य गर्न विवश हुन्छन्। आवधिक निर्वाचन जनइच्छा व्यक्त गर्ने एक प्रभावकारी, कानुनी, व्यवहारिक र सशक्त माध्यम/साधन पनि हो। जित्ने दलले/उम्मेदवारले जनइच्छाअनुसार नै उनीहरूका लागि कार्य गर्ने र जननीति बनाउने गर्दछन्। लोकतन्त्रमा जनतालाई निर्वाचन गर्ने अधिकार प्रदान गरिएको छ। आवधिक निर्वाचन गरिएन भने जनताको अधिकार हनन् र कुण्ठित हुन पुग्दछ। निर्वाचन नहुने मुलुक यथार्थमा निरङ्कुश शासन नै बन्ने गर्दछ। त्यसैले लोकतन्त्रले जनताको उम्मेदवार छान्ने अधिकारलाई सधैं सम्मान गर्न जान्नु पर्छ। लोकतन्त्रले अल्पसङ्ख्यकको अधिकारलाई समेत सम्मान गर्न जान्नुपर्ने हुन्छ। निर्वाचन शासकको वैधता परीक्षण गर्ने एक महत्त्वपूर्ण कसी हो। लोकतन्त्रको आधारस्तम्भ हो। त्यसैले निर्वाचन सधैं निष्पक्ष, धाँधलीरहित र स्वच्छ हुनुपर्ने हुन्छ।

*(गौतम इन्सेकका अध्यक्ष हुनुहुन्छ ।)*

विश्लेषण

# आगामी निर्वाचनमा नैतिक प्रतिस्पर्धाको अपरिहार्यता

नेपालमा देखिएको शासकीय विकृति विसङ्गतिप्रति असन्तुष्ट नेपाली जनताको प्रतिनिधित्व गर्दै नवयुवा पुस्ताले गरेको दुई दिनको आन्दोलनको कारण तत्कालीन सरकार तथा संसद विघटन भई नयाँ सरकार बनेको छ। २०८२ साल फागुन २१ गते प्रतिनिधि सभा सदस्यको निर्वाचन गर्ने गरी निर्वाचनको मिति तोकिएको छ। आन्दोलनको मर्म र भावना अनुरूप यसपटकको निर्वाचन स्वतन्त्र, स्वच्छ, निष्पक्ष र भयमुक्त तवरबाट सम्पन्न हुनुपर्छ भन्ने आवाज निर्वाचन सरोकारवाला सबैको रहेको छ। निर्वाचन आयोगले निर्वाचन प्रयोजनको लागि कार्यक्रमहरू प्रकाशन गरेको छ। संवत् २०८२ साल मङ्सिर १ देखि १० गतेसम्म दल दर्ताको लागि राजनीतिक दलले निर्वाचनमा भाग लिने प्रयोजनको लागि निवेदन दिन पाउने व्यवस्था गरिएको छ। त्यसैगरी आयोगको २०८२ कात्तिक ३० को निर्णय अनुसार निर्वाचन कार्यक्रम स्वीकृत भएको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ २०८२ साल माघ ६ गते उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने कार्यक्रम तय गरिएको छ। त्यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलहरूले बन्दसूची पुस १३ र १४ गते आयोगमा पेश गर्ने निर्धारण गरेको छ।



यज्ञप्रसाद भट्टराई

निर्वाचन लोकतन्त्रको आत्मा हो। निर्वाचनमार्फत जनताले आफ्नो प्रतिनिधि छनोट गरी शासन प्रणालीलाई वैधानिकता प्रदान गर्दछन्। निर्वाचनको वास्तविक उद्देश्य केवल सत्तामा पुग्नु मात्र नभई जनसेवा र उत्तरदायी शासन प्रणाली स्थापित गर्नु हो। त्यसैले निर्वाचन सेवा र नैतिक प्रतिस्पर्धामा आधारित हुनु पर्दछ भन्ने विश्वव्यापी मान्यता रहेको पाइन्छ। नैतिक प्रतिस्पर्धाले उम्मेदवार र राजनीतिक दलहरू आचरण, मूल्य र सिद्धान्तमा आधारित भएर चुनावमा भाग लिनु पर्दछ भन्ने मान्यता राख्दछ। दल तथा उम्मेदवारले जनताको समस्या बुझेर समाधानका लागि योजना प्रस्तुत गरी जनताको सेवकका रूपमा आफूलाई सावित गर्नुपर्ने हुन्छ। निर्वाचनमा जित्नु वा विजयी हुनु भनेको शासनमा पुग्ने साधन मात्र हो। साध्य अर्थात अन्तिम उद्देश्य भनेको जनता र राष्ट्रको सेवा गर्नु नै हो। यसर्थ सच्चा जनप्रतिनिधिले सत्तालाई सेवा गर्ने माध्यमको रूपमा ठान्नुपर्ने मान्यता रहेको हुन्छ। निर्वाचित प्रतिनिधिले नागरिकका आवश्यकता, अधिकार र विकासका प्राथमिकतामा आधारित नीतिहरू बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ। त्यसैले निर्वाचनले सेवामुखी शासन पद्धति सुनिश्चित र स्थापित गर्न सक्नुपर्ने मान्यता रहेको पाइन्छ।

नैतिकता लोकतन्त्रको मेरुदण्ड भएकोले निर्वाचनमा स्वच्छ प्रतिस्पर्धा हुनुपर्ने हुन्छ। नैतिकतालाई निष्पक्ष निर्वाचनको मूल आत्मा मानिन्छ। निर्वाचनमा सदाचार र

सहिष्णुतामा आधारित प्रतिस्पर्धा कायम भई दल तथा उम्मेदवारले आफ्ना विचार, योजना र कार्यक्षमताका आधारमा प्रतिस्पर्धा गर्नुपर्दछ। यस लेखमा आगामी निर्वाचन स्वच्छ स्वतन्त्र र निष्पक्ष रूपमा गर्न गराउनका लागि राजनीतिक दल र उम्मेदवारले नैतिक रूपमा प्रतिस्पर्धा गर्नुपर्ने र आ-आफ्नो निर्वाचन घोषणापत्रलाई मुख्य केन्द्रविन्दुमा राखेर निर्वाचन प्रचारप्रसार गरी निर्वाचन सुशासन स्थापित गर्नुपर्ने कुरालाई जोड दिन खोजिएको छ।

**निर्वाचनको आवश्यकता एवम् महत्व**

निर्वाचनलाई लोकतान्त्रिक व्यवस्थाको मेरुदण्ड मानिन्छ। कुनै पनि देशमा जनताको आवाज, इच्छा र आकाङ्क्षालाई प्रतिनिधित्व गर्ने सबैभन्दा उचित र वैधानिक प्रक्रिया निर्वाचन हो। जनताको सार्वभौमसत्ता कार्यान्वयन गर्ने माध्यम निर्वाचन हो। लोकतन्त्रमा वास्तविक शक्ति जनता हुने भएकोले निर्वाचनमार्फत जनताले आफ्नो प्रतिनिधि चयन गर्दछन्। जसले गर्दा जनप्रतिनिधिले जनताको पक्षमा निर्णय लिन्छन्। निर्वाचनले नै जनताले निर्णय लिनेदेखि शासन सञ्चालनसम्मको सहभागिता सुनिश्चित गर्दछ। उत्तरदायी नेतृत्वको चयन निर्वाचनबाट हुने गर्दछ। निर्वाचनले योग्य, जिम्मेवार र उत्तरदायी नेतृत्व चयन गर्ने अवसर दिन्छ। जनप्रतिनिधिहरूले आफ्नो कामको मूल्याङ्कन जनतामै गएर गर्नुपर्ने हुँदा उनीहरू जनउत्तरदायी बन्छन् भन्ने मान्यता रहेको हुन्छ। निर्वाचनको माध्यमबाट सत्ता सन्तुलन र सत्ता हस्तान्तरण हुने गर्दछ। निर्वाचनले शान्तिपूर्ण तरिकाले सत्ता हस्तान्तरण सम्भव बनाउँछ। नियमित निर्वाचन हुँदा कुनै पनि समूहले लामो समयसम्म सत्ता कब्जा गरेर सत्ताको दुरुपयोग गर्ने सम्भावना हुँदैन। तसर्थ निर्वाचनले लोकतान्त्रिक सन्तुलन कायम राख्छ।

जनअधिकारको संरक्षण निर्वाचनबाट हुने गर्दछ। निर्वाचन मार्फत जनताले आफ्नो राय व्यक्त गर्न पाउँछन्। हरेक नागरिकलाई बराबरी मताधिकार वा समान मताधिकार हुने भएकाले समानता र स्वतन्त्रताको भावना मजबुत बन्छ। निर्वाचनले सामाजिक, आर्थिक र राजनीतिक स्थिरता कायम गर्न सहयोग पु-याउँछ। पारदर्शी तथा स्वच्छ र निष्पक्ष निर्वाचनले देशमा राजनीतिक स्थिरता ल्याउँछ। देशमा शासकीय स्थिरता हुँदा विकास, आर्थिक प्रगति र सामाजिक समृद्धि सहज रूपमा अघि बढ्न सहयोग पुग्दछ। सरकारप्रति विश्वास निर्माण निर्वाचनबाट हुन्छ। जब निर्वाचन स्वतन्त्र, निष्पक्ष र विश्वसनीय हुन्छ, तब जनतामा सरकारप्रति विश्वास बढ्छ। यसले शासन व्यवस्थालाई बलियो र दीगो बनाउन सहयोग पुग्ने देखिन्छ।

निर्वाचनले विविधता र समावेशितालाई प्रवर्द्धन गर्दछ। निर्वाचनले विभिन्न समुदाय, जाति, भाषा, धर्म र वर्गका प्रतिनिधिलाई राज्य संयन्त्रमा सहभागी गराउँछ। जसले गर्दा समावेशी लोकतन्त्रलाई मजबुत बनाउँछ। नीतिगत सुधार र प्रतिस्पर्धाको लागि निर्वाचन चाहिन्छ। निर्वाचनले राजनीतिक दलहरूलाई जनताको हितमा प्रतिस्पर्धी नीतिहरू ल्याउन प्रेरित गर्छ। निर्वाचनमा हुने स्वस्थ प्रतिस्पर्धाले राम्रो सरकार र राम्रो नीतिहरू निर्माण भई देशको समृद्धि र विकासमा सहयोग पुग्ने गर्दछ।

**निर्वाचनमा नैतिक प्रतिस्पर्धाको महत्व**

लोकतान्त्रिक व्यवस्थामा केवल

निर्वाचन हुनु मात्र पर्याप्त मानिँदैन। निर्वाचन न्यायपूर्ण, पारदर्शी र नैतिक हुनुपर्छ। जब राजनीतिक दल र उम्मेदवारबीचको प्रतिस्पर्धा नैतिक मूल्य मान्यताका आधारमा हुन्छ तब मात्रै निर्वाचनको वास्तविक उद्देश्य पूरा हुन सक्छ। नैतिक प्रतिस्पर्धा स्वस्थ लोकतन्त्रको आधार हो। निर्वाचनमा हुने नैतिक प्रतिस्पर्धाले लोकतन्त्रलाई स्वस्थ बनाउँछ। जब दल तथा उम्मेदवारले कानून, नियम र आचारसंहिताको सीमाभित्र रहेर प्रतिस्पर्धा गर्दछन् तबमात्र शासन प्रणालीप्रति जनताको विश्वास मजबुत हुन पुग्छ। नैतिक प्रतिस्पर्धाबाट मतदाताको स्वतन्त्र निर्णयको सम्मान हुन्छ। नैतिक प्रतिस्पर्धा हुँदा मतदातालाई धम्की, प्रलोभन, घुस, प्रचारप्रसारको दुरुपयोगजस्ता अनैतिक क्रियाकलापबाट जोगाउन मद्दत पुग्ने देखिन्छ। जसले गर्दा मतदाताले स्वतन्त्र रूपमा आफ्नो विवेक प्रयोग गरी आफ्ना प्रतिनिधि छान्न सक्छन्। नैतिक प्रतिस्पर्धाले भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्दछ। अनैतिक प्रतिस्पर्धा प्रायः भ्रष्टाचार, पैसाको खेल र सत्ता दुरुपयोगसँग जोडिन्छ। नैतिक आचरणमा आधारित प्रतिस्पर्धाले यस्ता खालका गलत अभ्यासलाई रोक्छ र स्वच्छ राजनीति निर्माण गर्न सहयोग गर्छ।

योग्य र उत्तरदायी नेतृत्व चयनको सम्भावना नैतिक प्रतिस्पर्धाबाट सम्भव हुन्छ। जब उम्मेदवारले विचार, योजना र जनसेवाका आधारमा प्रतिस्पर्धा गर्छन् तब योग्य र क्षमतावान नेतृत्व चयनको सम्भावना बढ्छ। नेतृत्वमा चरित्र र क्षमता दुवै महत्त्वपूर्ण हुने भएकाले नेतृत्व उत्तरदायी बन्न सक्ने देखिन्छ। नैतिक प्रतिस्पर्धामा हिंसा, द्वेष र वैमनश्यताको कमी हुन्छ। निर्वाचनमा अनैतिक प्रतिस्पर्धा हुँदा हिंसा, झैझगडा, विभाजन हुने खतरा बढ्दछ। नैतिक प्रतिस्पर्धाले सामाजिक सद्भाव, राजनीतिक सहिष्णुता र शान्तिपूर्ण वातावरणलाई बलियो बनाउँछ।

नैतिक प्रतिस्पर्धाले राजनीतिक दल तथा उम्मेदवारको विश्वसनीयतामा वृद्धि गर्न सहयोग पुऱ्याउँदछ। नैतिक आचरणमा आधारित प्रतिस्पर्धाले दल र उम्मेदवारको छवि सुधार्छ। जनताले उनीहरूलाई विश्वास गर्ने वातावरण बन्दछ। जसले गर्दा दीर्घकालीन रूपमा राजनीतिक स्थिरता ल्याउन मद्दत पुग्ने देखिन्छ पारदर्शिता र उत्तरदायित्व सुनिश्चित हुन्छ। नैतिक प्रतिस्पर्धामा उम्मेदवारहरूले आफ्नो प्रतिबद्धता, योजना र नीतिहरू स्पष्ट रूपमा मतदाता सामु प्रस्तुत गर्छन्। जसले गर्दा मतदातालाई तुलनात्मक रूपमा जनप्रतिनिधिको मूल्याङ्कन गर्न सजिलो बनाउँछ। त्यसैगरी निर्वाचनपछि पनि जनप्रतिनिधिलाई उत्तरदायी बनाउन सहयोग पुग्छ। राष्ट्रिय एकता र समृद्धिको लागि नैतिक प्रतिस्पर्धा आवश्यक हुन्छ। निर्वाचनमा नैतिक प्रतिस्पर्धा हुँदा देशमा सधैंभरी राजनीति विवाद मात्र नभई देशको विकास र नीतिगत सुधारतर्फ उन्मुख हुन सहयोग पुग्छ। शक्ति सङ्घर्षभन्दा बढी सार्वजनिक हितमा प्राथमिकता दिने परिस्थिति बन्छ जसले गर्दा राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउँछ।

**राजनीतिक दलको काम, कर्तव्य र अधिकार**

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा उल्लेख भएबमोजिम राजनीतिक दलले संविधान, राजनीतिक दलसम्बन्धी ऐन तथा प्रचलित कानुनको अधीनमा रही गर्नु पर्ने काम, कर्तव्य र अधिकारको विषयमा दलले आफ्नो विधानमा उल्लेख गर्नु पर्ने हुन्छ। राजनीतिक दलले खास गरी देहायका काम

गर्न वा गराउन सक्ने व्यवस्था रहेको छ।

- प्रतिस्पर्धात्मक बहुदलीय, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरण सम्बन्धी कार्य गर्ने
- मुलुकको आर्थिक, सामाजिक वा साँस्कृतिक विकासको नीति, योजना र कार्यक्रम जनसमक्ष ल्याउने
- राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्न योगदान पुऱ्याउने
- राजनीतिक वा नागरिक विकासको उत्प्रेरक प्रतिनिधिको रूपमा जनताको राजनीतिक सचेतना अभिवृद्धि गर्ने
- दलीय सहमति र समन्वयको संस्कृतिको विकास गर्ने
- नागरिकका हक, हित र सरोकार पहिचान गर्ने र त्यस्ता हकको प्रचलन, हित तथा सरोकारको सम्बोधन गर्न आवश्यक प्रयास गर्ने
- सबै किसिमका सामाजिक भेदभाव, हिंसा, छुवाछुत वा विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न योगदान पुऱ्याउने
- सुशासनको हकलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन सरकारी वा गैर सरकारी क्षेत्रमा आवश्यक पहल गर्ने र त्यस प्रयोजनका लागि सरकारी संयन्त्रलाई सहयोग गर्ने
- लोकतन्त्रको प्रवर्द्धन, विकास वा सुदृढीकरणका लागि अन्य आवश्यक काम गर्ने वा गराउने
- सामाजिक सद्भाव र एकता अभिवृद्धि गर्ने
- स्वयंसेवी भावनाको विकास, सार्वभौमिकताको प्रवर्द्धन, मानव अधिकार, सामाजिक न्याय, शान्ति र अहिंसालाई उत्प्रेरित हुने खालका कार्यक्रम सञ्चालन गर्ने, गराउने,
- विपद्‌जोखिम न्यूनिकरण शिक्षा अभियान सञ्चालन गरी पूर्व तयारी कार्यमा सहयोग पुऱ्याउने
- राष्ट्रिय विपत्तिको समयमा खोज, उद्धार, सहयोग, पुनर्स्थापना लगायत अन्य आवश्यक सहयोग गर्ने
- आफ्नो निर्वाचन घोषणापत्रमा उल्लेख भएका काम गर्ने
- आयोगबाट सञ्चालित कार्यक्रममा सहयोग पुऱ्याउने।

दलले कानुन बमोजिम काम गर्न, कर्तव्य पालना गर्न, अधिकार प्रयोग गर्न वा भूमिका निर्वाह गर्न देहायका काम गर्न सक्ने व्यवस्था रहेको छ।

- आफ्ना नीति, कार्यक्रम, योजना वा रणनीति सार्वजनिक गर्ने वा सो विषयमा प्रचार प्रसार गर्ने
- प्रचलित कानून बमोजिम आफूसँग सम्बद्ध संस्थाको गठन गर्ने वा गराउने
- आफ्ना नीति, कार्यक्रम वा योजना कार्यान्वयन गर्न वा गराउन आवश्यकता अनुसार शान्तिपूर्ण जुलुस, आमसभा वा ऱ्याली आयोजना गर्ने
- आफ्नो उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने।

**अन्तर्राष्ट्रिय अभ्यास**

विश्वमा केही देशहरूमा भएको निर्वाचन हेर्दा अपेक्षाकृत रूपमा उच्चस्तरको नैतिकता, पारदर्शिता र जनसेवाको भावसहित सञ्चालन हुँदै आएको पाइन्छ। स्वीडेनले आफ्नो देशको निर्वाचन प्रकृयामा निष्ठा (ईलेक्ट्रोल ईन्टिग्रीटी) सुनिश्चित गर्न समग्र संरचना बनाएको छ। ईलेक्ट्रोल ईन्टिग्रिटी प्रोजेक्टको अध्ययनअनुसार स्वीडेनले विदेशी

हस्तक्षेप रोक्न, सूचनाको विकृति र साइबर आक्रमणको जोखिमको सामना गर्न राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरमा निर्वाचन सुरक्षा सञ्जाल (ईलेक्सन प्रोटेक्सन नेटवर्क) स्थापना गरेको पाइन्छ। निर्वाचनमा निष्ठा कायम गर्ने तथा नैतिक प्रतिष्पर्धा गर्ने देशमा स्वीडेन शीर्षस्थानमा रहेको देखिन्छ। त्यसैले स्वीडेनलाई निर्वाचन सेवा र नैतिक प्रतिस्पर्धाको दृष्टिले एउटा सकारात्मक उदाहरण मान्न सकिन्छ। त्यसैगरी, डेनमार्क समेत विश्वमा उच्चतम स्तरको स्वच्छ, निष्पक्ष चुनाव गर्ने देशहरू मध्येमा पर्ने गरेको छ। साथै अष्ट्रिया, स्वीटजरल्याण्ड, इजरायल, स्लोभेनिया लगायतका देशहरूमा निर्वाचनमा उच्च नागरिक सहभागिता, सञ्चार माध्यमको सत्यतथ्य र निष्पक्ष भूमिका र नागरिकको सार्वजनिक विश्वासजस्ता पूर्वसर्तहरूले ती देशहरूमा हुने निर्वाचनमा नैतिक प्रतिस्पर्धा भई राम्रोसँग सञ्चालन भएको पाइन्छ। खासगरी चुनावी वातावरणमा सामान्यत उच्च स्तरको निष्पक्षता र पारदर्शिता कायम हुने भएकोले ती देशहरूमा नागरिकलाई विवेक प्रयोग गरी योग्य र सक्षम उम्मेदवारलाई प्रतिस्पर्धात्मक रूपमा मत दिने मौका मिलेको देखिन्छ।

**आगामी निर्वाचनमा अपेक्षा**

हाम्रो देश नेपालमा विगतदेखि धेरै निर्वाचनहरू हुँदै आएका छन्। ती निर्वाचनहरू विकृतिमुक्त हुन सकेको देखिँदैनन्। वि.सं. २०७९ सालको निर्वाचनमा दोलखा, बाजुरा, स्याङ्जासमेतका केही स्थानमा भएका दल तथा उम्मेदवारका क्रियाकलापलाई हेर्दा स्वच्छ र निष्पक्ष निर्वाचनका मूल्य मान्यता विपरीतका गतिविधिहरू भई निर्वाचनको निष्ठालाई खलल पुर्‍याउने खालका गतिविधिहरू हुने गरेको देखियो। त्यसैगरी निर्वाचन आचारसंहिता विपरीतका कार्यहरू पनि भएको पाइन्छ। मनोनयनपत्र दर्ता गर्ने क्रममा बाजागाजा, झाँकी प्रयोग हुने गरेको, मन्त्रिहरू सरकारी स्रोत प्रयोग गरी प्रचाप्रसारमा गएको, दलका चिन्हअङ्कित टिसर्टहरू लगाउने गरेको, औषधी उपचारको वाहनामा नगद रकम बाँड्ने गरेको, बाढी पीडितको नाममा आफ्नो निर्वाचन क्षेत्रमा खाद्यान्न वितरण गर्ने गरेको, सामाजिक सञ्जालको दुरुपयोग गरेको, मतदातालाई फ्रीटिकट र फ्रि भिसामा विदेश पठाइदिने भनी भ्रममा पार्ने गरेको जस्ता गतिविधिहरू विगतको निर्वाचनमा भएको पाइन्छ।

निर्वाचनमा पैसाको प्रभाव, सत्ता र शक्तिको दुरुपयोग, झुटो प्रचारप्रसार र मतदाता भड्काउने खालका भाषणहरूले निर्वाचनलाई कलुषित बनाएको देखिन्छ। यस्ता गतिविधिले जनताको राजनीतिक चेतनामा निराशा ल्याउँछ र लोकतान्त्रिक प्रणालीप्रति अविश्वास बढाउँछ। यस अवस्थाबाट मुक्त हुन हामीले निर्वाचनमा नैतिकता एवम् नैतिक प्रतिस्पर्धा पुनःस्थापित गर्नु अत्यावश्यक रहेको छ।

निर्वाचनलाई सेवा र नैतिक प्रतिस्पर्धाको रूपमा सफल बनाउन सबैभन्दा पहिला उम्मेदवार र राजनीतिक दलहरू नैतिक, उत्तरदायी र पारदर्शी हुनुपर्छ। उम्मेदवारले व्यक्तिगत स्वार्थ होइन, जनहितलाई प्राथमिकता दिनुपर्छ। झूटो प्रचारप्रसार, पैसाको दुरुपयोग र मतदातालाई लोभलालच दिने प्रवृत्तिलाई निरुत्साहित गर्नु आवश्यक छ। दलहरूले नीतिगत रूपमा प्रतिस्पर्धा गर्नुपर्छ। व्यक्तित्वमा आधारित वा केन्द्रित भएर गरिने निर्वाचन प्रचारप्रसार एवं विद्वेषपूर्ण राजनीतिक गतिविधिलाई उपेक्षा

गर्नु जरुरी रहेको छ।

मतदाता लोकतन्त्रको शक्तिशाली आधार भएको हुँदा उनीहरूलाई चेतनशील र विवेकपूर्ण निर्णयकर्ता बन्न प्रेरित गर्नुपर्ने हुन्छ। दल तथा उम्मेदवारले मतदातालाई आफ्नो काम, नीति र चरित्रका आधारमा मतदान गर्न सिकाउनुपर्ने वा प्रेरित गर्नुपर्ने आवाश्यकता छ। निर्वाचनको प्रचारप्रसारमा मतदातालाई लोभलालच देखाएर तथा जात, धर्म वा भावनामा प्रभावित गरेर होइन, देश र समाजको हितका लागि मतदान गर्नुपर्ने शिक्षा दिनु आजको आवश्यकता हो। सञ्चार माध्यमले समेत सत्य सूचना र विवेकपूर्ण बहस प्रवाह गर्ने कार्यलाई प्राथमिकतामा राख्नु आवाश्यक हुन्छ। नागरिक समाज र शिक्षालयहरूले पनि युवामा नैतिक र राजनीतिक चेतना फैलाउने कार्यमा योगदान पुऱ्याउनु आवश्यक देखिन्छ।

अबको निर्वाचनमा उम्मेदवार, राजनीतिक दल र मतदातालाई नैतिक मूल्य र लोकतान्त्रिक आचरणको आधारमा प्रतिस्पर्धा गर्ने वातावरण सिर्जना गर्नुपर्दछ। भ्रामक वा असत्य प्रचारप्रसार, पैसाको दुरुपयोग, धम्की, हिंसा वा जातीय धार्मिक विभाजनको प्रयोग र मतदातालाई लोभलालच देखाएर प्रभावित गर्ने कार्यलाई शून्य शहनशीलताको नीति अवलम्बन गरिनुपर्दछ। मतदाताको स्वतन्त्र निर्णयको सम्मान गर्दै विचार र कार्यक्रम तथा योजनाको आधारमा निर्वाचनमा प्रतिस्पर्धा गर्ने कुरालाई सबैले प्राथमिकतामा राख्नु जरुरी देखिन्छ। दल वा उम्मेदवारले आफ्नो योग्यता, दृष्टि र योजना स्पष्ट राख्ने र विरोधी विचारलाई शत्रु होइन, विकल्पका रूपमा लिने कुरालाई अपनाउनु पर्दछ। त्यसैगरी जनतासँग गरेका वाचा पूरा गर्न प्रतिबद्ध रहने, पैसाको प्रभाव घटाउने र दल तथा उम्मेदवारका बिच समान अवसर सुनिश्चित गर्ने कुरा महत्वपूर्ण हुन्छ। व्यक्तिगत वा दलगत स्वार्थभन्दा देश र जनताको हितमा बहस केन्द्रित गर्नुपर्ने जस्ता विषयलाई नैतिक प्रतिस्पर्धाले यसले समेटने हुँदा यस्ता कुराहरूलाई हामीले आत्मसात गर्नु आवश्यक छ।

**निर्वाचन आचारसंहिताको पालना**

आगामी निर्वाचनलाई सेवा र नैतिक प्रतिस्पर्धामा आधारित बनाउन निर्वाचन आचारसंहितामा राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन घोषणापत्र बनाई सार्वजनिक गर्नु पर्ने प्रावधान राख्नु पर्छ। निर्वाचन आचारसंहितामा राजनीतिक दल वा उम्मेदवारले निर्वाचन घोषणापत्र सार्वजनिक गरी सोको आधारमा प्रचारप्रसार गर्नुपर्ने प्रावधान राख्नुपर्ने र उक्त निर्वाचन घोषणापत्र राजनीतिक दलले आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेश गर्ने व्यवस्था गर्नु जरुरी छ। त्यसैगरी राजनीतिक दल वा निर्वाचित भएका उम्मेदवारले निर्वाचन घोषणापत्रमा उल्लेख भए बमोजिमको कार्यप्रगतिको प्रतिवेदन प्रत्येक वर्ष सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्ने व्यवस्था गर्नु आवश्यक देखिन्छ।

यसकार्यले निर्वाचनमा दल वा उम्मेदवारले जनतालाई भ्रममा पार्ने एवं झुटो प्रचारप्रसार गर्ने कार्यलाई निरूत्साहित गर्दै उनीहरूलाई जनताप्रति उत्तरदायी बनाउन सहयोग पुग्ने देखिन्छ। त्यसैगरी, नीतिगत प्रतिस्पर्धा सुनिश्चित गर्दै दल तथा उम्मेदवारले जे वाचा गरेका हुन्छन् त्यसको कार्यान्वयनको स्थिति जनतालाई थाहा हुनुपर्दछ। जनप्रतिनिधिले कति बाचा पूरा गरे, कति गरेनन् त्यो सार्वजनिक हुनाले शासनमा पारदर्शिता बढ्छ र यसले झुटा बाचा तथा


जनताको भावनासँग खेलवाड गर्ने प्रवृत्ति घटाउँछ। विगतमा दल वा उम्मेदवारले गर्ने प्रचारप्रसार भावनात्मक र व्यक्तिगत स्तरमा हुने गरेको हुनाले अबको निर्वाचनमा घोषणापत्रमा आधारित प्रचारप्रसार हुनुपर्ने आवाश्यकता छ। यसले विचार, नीति र योजनामा आधारित प्रतिस्पर्धा बढाउँछ। यस प्रकृतिको कार्यले दलप्रतिको जनविश्वास पुनःस्थापित भई लोकतन्त्रमा पारदर्शिता, उत्तरदायित्व र नीतिमा-आधारित प्रतिस्पर्धा सुनिश्चित गर्न मद्दत पुग्ने देखिन्छ।

राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेमा वा निर्वाचनमा नैतिक प्रतिस्पर्धा विपरीतका गतिविधि गरेमा निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०७३ दफा २३ बमोजिम १ लाख रुपैयाँसम्म जरिबाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्ने समेतको व्यवस्था रहेको छ। त्यसैगरी निर्वाचन कसुर मानिने कार्यको हकमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम समेत कारबाही हुने प्रावधान रहेको छ। राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसार अभियानमा निर्वाचन आचारसंहिताले निषेध गरेको काम कारबाही गर्न वा गराउनका लागि कुनै प्रकारले आर्थिक सहयोग लिने वा काम कारबाहीको लागि खर्च गर्ने वा गराउने गरेमा त्यस्तो कार्य गर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३० बमोजिम त्यसरी गरेको आम्दानी वा खर्च बराबरको रकम जरिबाना गर्न सक्ने र त्यसरी भएको जरिबाना ६ महिनासम्म नबुझाउने उम्मेदवारलाई आयोगले तत्काल लागु हुने गरी बढीमा ६ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने व्यवस्था पनि रहेको देखिन्छ।

**निष्कर्ष**

निर्वाचन लोकतन्त्रको आत्मा हो। निर्वाचनको माध्यमबाट जनताको निर्णयको सम्मान भई शासन प्रणाली पारदर्शी र उत्तरदायी बनी देशमा स्थिरता तथा विकासको बाटोमा अघि बढ्न सक्ने भएको हुँदा पनि निर्वाचनको महत्व र आवश्यकता बढेको हो। निर्वाचनमा नैतिक प्रतिस्पर्धा लोकतन्त्रको आत्मा भएकोले यसले मतदाताको अधिकार सुरक्षित गर्छ। त्यसैगरी, योग्य नेतृत्व जन्माउँछ र भ्रष्टाचार घटाउँछ। राजनीतिक संस्कृतिलाई सभ्य बनाई देशलाई समृद्धिको बाटोमा अघि बढाउँछ। त्यसैले निर्वाचनमा नैतिक प्रतिस्पर्धाको अपरिहार्यता दिनप्रतिदिन बढ्दो रूपमा हुनुपर्ने देखिन्छ। राजनीतिक दलसम्बन्धी ऐनले समेत राजनीतिक दलबाट ठूलो अपेक्षा राखेको देखिन्छ। उक्त ऐनमा दलले आफ्नो निर्वाचन घोषणापत्रमा उल्लेख भएका काम गर्ने भनी उल्लेख भएको सन्दर्भमा आगामी निर्वाचनलाई घोषणापत्र मैत्री निर्वाचनको रूपमा बदल्न राजनीतिक दलको भूमिका महत्वपूर्ण रहेको छ। दलले यो कुराको पनि हेक्का राख्नु जरुरी छ। आगामी निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित एवम् नैतिक रूपमा प्रतिस्पर्धी बनाउन राजनीति दल, उम्मेदवार, मतदाता तथा निर्वाचन सरोकारवाला सबै पक्षको दृढ इच्छाशक्ति र सार्थक सहयोगको आवाश्यकता अपरिहार्य छ।

*(लेखक निर्वाचन आयोगका सहसचिव हुनुहुन्छ।)*




*वि.सं. २०५१ कात्तिक २९ गतेको मध्यावधि चुनाव अगाडि इन्सेकले प्रकाशन गरेको पोस्टर*

विश्लेषण

# नवयुवा पुस्ताको आन्दोलन र लोकतन्त्रको भविष्य

नवयुवा पुस्ताको आन्दोलनका कारण मुलुकको राजनीति उथलपुथल भएको छ भने राज्यसत्तामा अप्रत्याशित परिवर्तन आएको छ। प्रतिनिधि सभा विघटन भएको छ। सत्तासीन राजनीतिक दलहरू नेपाली काङ्ग्रेस र नेकपा (एमाले) को गठबन्धनबाट गठित दुई तिहाइको सरकार सिंहदरबारबाट विस्थापित भएको छ। जेन-जी अर्थात् नवयुवाहरूको आन्दोलनको समर्थन, सहयोग र पहलमा पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको प्रधानमन्त्रित्वमा 'चुनावी सरकार' गठन भएको छ। 'शंकाको सुविधा'का बाबजुद पनि प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको चुनावी सरकारको मुख्य जिम्मेवारी देशमा आगामी २०८२ फागुन २१ गतेका लागि घोषित मितिमा स्वतन्त्र तथा निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गर्नु हो।



शोभाकर बुढाथोकी

प्रधानमन्त्री सुशीला कार्कीको प्रधानमन्त्रीत्वको सरकार गठनमा नवयुवाहरूको आन्दोलनको ठूलो भूमिका रहेको छ। तथापि मुलुकको राजनीतिक सङ्कट निकासमा राष्ट्रपति र नेपाली सेनाको प्रयास सकारात्मक मान्नु पर्दछ। फलत: मुलुकको संविधान र लोकतन्त्र जोगिएको छ। साथै, सतहमा नदेखिए पनि राजनीतिक सङ्कटको निकासका लागि अन्तर्राष्ट्रिय शक्तिहरूको समेत महत्वपूर्ण भूमिका रहेको अनुमान लगाउन सकिन्छ। सत्ता परिवर्तन र सरकार गठनमा अदृष्य शक्तिको चलखेलले आम नेपालीलाई एकातिर त्रसित बनाएको छ भने अर्कोतिर मुलुकको सार्वभौमसत्ता र अखण्डतामाथि समेत चुनौती खडा भएको छ।

सरकारले सामाजिक सञ्जालमाथि लगाएको बन्देज, भ्रष्टाचारको अन्त्य, सुशासनको स्थापना र स्वदेशमा रोजगारीको मागसहित जेन-जी पुस्ताको नेतृत्वमा भएको भदौ २३ गतेको आन्दोलनमा राज्यबाट चरम दमन भएको थियो। दमनका क्रममा सोही दिन मात्र २२ जना नेपाली नवयुवाको हत्या भएको थियो भने भदौ २४ गतेको अराजकता र विध्वंशमा समेत गरी ७६ जनाको ज्यान गएको छ। उक्त घटनाका सैयौं घाइतेको उपचारको व्यवस्था सरकारी कोषबाट भएको थियो। यसरी मृत्यु भएकामध्ये सरकारले ४५ जनालाई सहिद घोषणा गरेको छ। सरकारले दुवै दिनका घटनाहरूको छानविन गर्नका लागि जाँचबुझ आयोगको गठन गरेको छ। आशा छ, आयोगले आम नागरिकका सरोकार र आशंकालाई स्पष्ट पार्नेछ भने दुवै दिनका घटनाहरूमा संलग्न दोषीमाथि कारबाही गर्न मद्दत पुऱ्याउनेछ।

राष्ट्रपतिको कार्यादेश अनुसार सरकार र यसका संयन्त्रहरू निर्वाचनको वातावरण सुनिश्चित गर्नेतर्फ समर्पित हुनुपर्दछ। तर, सरकार जेन-जी पुस्ताको दवावमा राज्यसत्ताबाट बिस्थापित राजनीतिक शक्तिहरूमाथि बदलाको भावनाबाट अभिप्रेरित भएको देखिन्छ भने जेन-जी वा

**नेपालमा राजनीतिक परिवर्तन द्रुत गतिमा भइरहे पनि सुशासन, विकास र संवृद्धिको गति सुस्त छ। भ्रष्टाचार, घुसखोरी, नातावाद, कृपावाद र बेरोजगारी बढ्दो क्रममा छ। गरिबी, विपन्नता र संरचनागत भेदभाव सदियौँदेखि विद्यमान छ भने सरकारको सेवा प्रवाहमा ढिलासुस्ती कायम छ। शिक्षा, रोजगारी र अवसरको नाममा मुलुकबाट शिक्षित र सीपमूलक तथा अर्धसीपमूलक जनशक्ति निरन्तर पलायन भइरहेको छ। यसले नयाँ पुस्तामा निराशा बढाएको छ। यो राष्ट्रिय समस्याको रूपमा सूचीबद्ध भएको छ।**

यसका नाममा सृजित समूह वा केही सीमित व्यक्तिहरूको स्वार्थ पूरा गर्नमा अधिकांश समय व्यतित गरेको पाइन्छ। यसको मतलव सरकारले मूलधारका राजनीतिक दलहरूको अस्तित्वलाई स्वीकार गर्न नसकेको देखिन्छ। साथै, सरकारले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि अत्यावश्यक मानिने राजनीतिक दलहरूको विश्वास आर्जन र सुरक्षाको सुनिश्चितता गर्न सकेको छैन भने अन्तर्राष्ट्रिय समुदाय समेत घोषित मितिमा निर्वाचन सम्पन्न हुनेमा विश्वस्त हुन सकेको देखिँदैन।

यो चुनावी सरकार भएका कारण यसको मुख्य दायित्व घोषित मितिमा निर्वाचन सम्पन्न गर्नु हो। तर, सरकारले मुलुकको शासन व्यवस्था चलायमान बनाउन सकेको छैन भने राज्यका प्रशासनिक र सुरक्षा निकायहरूलाई समेत विश्वासमा लिन नसकेको अनुभूति हुन्छ। जेन-जी वा अन्य कुनै अदृष्य शक्तिलाई रिझाउने नाममा सरकारका हरेक गतिविधिहरू 'पपुलिष्ट' मान्यतामा आधारित छन् भने यसको कार्यशैली कुण्ठा, आक्रोस, आवेश, भावना र प्रतिशोधमा आधारित रहेको स्पष्ट हुन्छ। यस्ता कार्यले मुलुकमा पुन: असुरक्षा र अराजकता बढ्ने संभावना देखिन्छ।

निशन्देह जेन-जी पुस्ताको आन्दोलनका क्रममा देशमा ठूलो जनधनको क्षति भएको छ। यसको निष्पक्ष अनुसन्धान नभएसम्म र दोषीलाई कानुनको दायरामा नल्याएसम्म समाजमा शान्ति-सुव्यवस्था, अमनचयन, न्याय र मेलमिलापको वातावरण सुनिश्चित हुन सक्तैन। जेन-जी पुस्ताको आन्दोलनका आडमा सत्तासीन हुन पुगेको सरकारका लागि उनीहरूका सरोकारहरू सम्बोधन गर्नुपर्ने वा उनीहरूलाई सन्तुष्ट बनाउनु पर्ने बाध्यता हुन सक्छ। तथापि 'आवश्यकताको सिद्धान्त' (डक्ट्रिन अफ नेसेसिटी) का आधारमा सरकारको गठन भएकाले यसको कार्यशैली थप निष्पक्ष, पारदर्शी, बिश्वसनिय र विवादरहित हुनुपर्दछ।

तर, मुलुक जेन-जी पुस्ताको मात्र नभएकाले सरकारले हरेक पुस्ता, तप्का, विचार र समूहका सरोकारहरूलाई निष्पक्ष रूपमा सम्बोधन गर्न सक्नुपर्दछ। अन्यथा,

जेन-जी पुस्तालाई सन्तुष्ट पार्ने नाममा सत्ताबाट बिस्थापित राजनीतिक शक्तिहरूलाई मूलधारमा समेट्न नचाहेमा वा उक्त राजनीतिक दलहरू निर्वाचनमा सहभागि हुने वातावरण निर्माण हुन नसकेमा मुलुकमा थप राजनीतिक सङ्कट उत्पन्न हुनेछ। साथै, लोकतान्त्रिक शासन पद्धतिमा अपरिहार्य मानिएका राजनीतिक दलहरूको सक्रियता, सहभागिता र अपनत्वको अभावमा हुने निर्वाचनको कुनै राजनीतिक र कानुनी वैद्यता हुन सक्दैन।

### सुरक्षा निकायको भूमिका

मुलुकको सुरक्षामा हरेक सुरक्षा निकायको महत्वपूर्ण भूमिका रहन्छ। सुरक्षा अवस्थाको अध्ययन र गुप्तचरी सूचना सङ्कलनमा प्रत्येक सुरक्षा निकाय हरबखत सक्रिय रहेका हुन्छन्। उनीहरूले नियमित रूपमा सूचनाको सङ्कलन र विश्लेषण गर्दछन् भने त्यस्ता सूचनाहरू आफ्ना औपचारिक संयन्त्रहरू मार्फत् सरकार समक्ष प्रस्तुत गर्दछन्। यो नियमित कार्य हो र यसका लागि कुनै विशेष आदेश वा कानुनी निर्देशनको आवश्यकता पर्दैन। गत भदौ २३ गतेको घटनामा सरकारलाई सूचना उपलब्ध गराउनु बाहेक सुरक्षा व्यवस्थापनमा नेपाली सेनाको अन्य कुनै भूमिका नदेखिए पनि भदौ २४ गतेको अराजकताका क्रममा राज्य निरिह हुन पुगेको थियो। उक्त घटनाका क्रममा प्रदर्शन भएको सेनाको निस्क्रिय भूमिकाका सम्बन्धमा जनस्तरमा व्याप्त चासो अद्यावधि कायम छ।

देशमा अनायास सृजना भएको अराजकता र राज्यविहीनताको अवस्थामा सुरक्षा संयन्त्रहरू निष्प्रभावी भएका थिए। नेपाल प्रहरी आफ्नो जीउज्यान र हतियारको रक्षाका लागि पोष्ट छाड्न बाध्य भएको थियो भने आन्दोलनकारीसँग आत्मसमर्पण गर्नुपर्ने अवस्था सृजना भएको थियो। राज्यका सम्पत्तिहरूका अलावा शैक्षिक एवम् व्यापारिक प्रतिष्ठानमाथि भएको आक्रमण र आगजनीका कारण खरानी भएका थिए भने लुटपाटको शिकारमा परेका थिए, जुन नेपालको इतिहासमा कलङ्कको रूपमा स्मरण गरिनेछ।

मुलुक खरानी भइरहेको समयमा आमनागरिक र राज्यको सम्पत्तिको सुरक्षा गर्नु सुरक्षा निकायको प्राथमिक दायित्व हो। तर, नेपाल प्रहरी आन्दोलनकारीबाट विस्थापित भइसकेपछि राज्यका अन्य सुरक्षा निकायहरूको निस्क्रिय भूमिका सन्देहमूलक भएको अनुमान गर्नु स्वभाविक हो। विशेषगरी मुलुकको अग्रणी एवं रणनीतिक दृष्टिकोणमा अत्याधुनिक हातहतियारबाट सुसज्जित नेपाली सेनामा देखिएको प्रतिक्रियाविहीन अवस्थाप्रति प्रश्न उठेको छ। तथापि सेनाले "मानवीय क्षतिको साटो भौतिक क्षति"लाई रोज्नुपर्ने बाध्यात्मक अवस्था सृजना भएको तर्कप्रति आमनेपाली सहमत हुन सकेका छैनन्।

नेपाली सेनाले निश्चित रूपमा सचेतपूर्वक कदम चालेको हुनुपर्ने अनुमान लगाउन सकिन्छ। तथापि पुष्टि हुने आधारहरू सेना स्वयम्ले प्रस्तुत गर्न सकिरहेको छैन। उक्त घटनामा नेपाली सेना र सशस्त्र प्रहरीले आन्दोलनकारी सामु आत्मसमर्पण नगरे पनि अराजक एवम् हिंसात्मक विध्वंशलाई नियन्त्रणमा लिनेतर्फ कुनै प्रतिरोधात्मक कदम चालेको थिएन। उक्त कदम नियोजित वा स्वभाविकजन्य जुनसुकै भएपनि अनुसन्धानको विषय हुन आएको छ। सम्भवतः जाँचबुझ आयोगले यसका बहुआयामिक पक्षहरू उजागर गर्नेछ।

मूलतः नेपाली सेनाको सुरक्षा

कमाण्डमा रहेको सिंहदरबार परिसरको प्रधानमन्त्री कार्यालय र सोही परिसरसँगै रहेको सर्वोच्च अदालतका अलावा आफ्ना परमाधिपति समेत रहेका राष्ट्रपति कार्यालयको सुरक्षा गर्न नसक्नु वा नगर्नुले नेपाली सेनाको विवादरहित छविमा ठूलो धब्बा लागेको छ। आदेश नआएकाले प्रतिरक्षात्मक कारबाही चाल्न असमर्थ भएको वा मानवीय क्षति हुन नदिन बल प्रयोग नगरेको जस्ता तर्कहरू नेपाली सेनाले बारम्बार दोहोऱ्याए पनि विश्वस्त हुने पृष्ठभूमि तयार हुन सकेको छैन। विशेषगरी भदौ २४ गते विध्वंश नियन्त्रणमा नेपाली सेनाले अग्रसरता नलिनुले मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि जिम्मेवार सुरक्षा निकायप्रति आम नेपालीको विश्वसनीयता डगमगाएको छ।

सामान्यतया आन्तरिक सुरक्षामा नेपाली सेना परिचालन नहुने भएता पनि मुलुकको राष्ट्रिय धरोहरहरू खरानी भएको समयमा राष्ट्रिय सुरक्षाको सबैभन्दा महत्वपूर्ण निकाय चुपचाप बस्न सक्दछ भन्ने अपेक्षा आम नेपालीमा कदापि थिएन। फलत: नेपाली सेनाले जनविश्वास गुमाएको छ र आफ्नो छबि एवं प्रतिष्ठा जोगाउन रक्षात्मक स्थानमा पुगेको छ। पछिल्लो चरणमा सेनाले भदौ २३ र २४ गतेको घटनाको सन्दर्भमा आफ्ना कार्यको प्रेस सम्मेलनमार्फत् प्रतिरक्षा गरेको छ भने केही बरिष्ठ सुरक्षा अधिकारीमाथि छानबिन गर्न थालेको समाचार सार्वजनिक गरेको छ। तर, नेपाली सेनाको उक्त अभिव्यक्तिप्रति सहजै विश्वास गर्ने अवस्थामा नेपाली समाज पुग्न नसकेको अवस्था छ। यसको जवाफ वर्तमान सैनिक नेतृत्व र नेपाली सेनाले बारम्बार दिइरहनु पर्नेछ।

विविध आशंकाका बाबजुद देशको राजनीतिक सङ्क्रमणलाई सहज अवतरणमा नेपाली सेनाले आन्दोलनकारी र राष्ट्रपतिकाबीचमा खेलेको समन्वयकारी भूमिकाको प्रशंसा गर्नै पर्दछ। तसर्थ, नेपाली सेनाले आफ्नो विवादरहित भूमिका पुष्टि गर्न आगामी निर्वाचन तोकिएको मितिमा सम्पन्न हुने वातावारण तयार गर्न सरकारसँग सहकार्य गर्नुपर्दछ। नेपाली सेनाप्रति आम नेपालीको अगाध विश्वास भएकाले यसको प्रतिष्ठा जोगाउन र प्रबर्द्धन गर्न संस्थागत सुधारका कदममार्फत् सेना स्वयम् अग्रसर हुनुपर्दछ।

नवयुवा पुस्ताको आन्दोलनका क्रममा भदौ २३ गते राज्यको तर्फबाट चरम बल प्रयोग भएको थियो भने अन्धाधुन्ध गोली प्रहार भएको थियो, जुन अक्षम्य अपराध हो। यो संयुक्त राष्ट्र सङ्घ लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले प्रतिपादन गरेका बल प्रयोगसम्बन्धी सिद्धान्तहरूको उल्लङ्घन हो। उक्त दमनको प्रतिरोधमा भदौ २४ गतेको आन्दोलनको क्रममा राजनीतिक उद्देश्य र अपराधिक दुवै पृष्ठभूमिका विभिन्न ‘स्वार्थ समूह’को घुसपैठ भएको आशङ्का छ। उक्त अराजक एवम् विध्वंशात्मक गतिविधिहरू जेन-जी पुस्ताका नाममा भए पनि उनीहरूको यस्ता अराजक गतिविधिहरूमा संलग्नता हुनसक्ने कमै अनुमान लगाउन सकिन्छ। उक्त अपराधको मिहिन ढङ्गले अनुसन्धान जरुरी हुन्छ।

राजनीतिक, अपराधिक वा अन्य स्वार्थबाट अभिप्रेरित समूहको नेतृत्वमा सञ्चालित अराजक तथा अपराधिक गतिविधिहरूका कारण प्रधानमन्त्रीको कार्यालय, संसद भवन, सर्वोच्च अदालत लगायत मुलुकको प्रशासनिक र न्यायिक

निकायका कार्यालयहरू, राजनीतिक दलका कार्यालयहरू र उनीहरूका नेतृत्वका निजी निवासहरू लगायत नेपाल प्रहरीका करिब ४ सय भौतिक संरचनाहरू खरानी भएको घटनालाई राजनीतिक आवरणमा नजरअन्दाज गर्न मिल्दैन। उक्त अराजकताबाट सञ्चार माध्यम, व्यापारिक प्रतिष्ठानहरू र शैक्षिक संस्थाहरू समेत अछुतो रहन सकेनन्। तसर्थ भदौ २३ र २४ गते दुवै दिनका घटनामा संलग्न दोषीहरूलाई कानुनको दायरामा ल्याइनु पर्दछ।

जेन-जी पुस्ताको आह्वानमा सञ्चालित आन्दोलनमा भएको दमन र प्रतिरोधका क्रममा भएको आक्रमण, आगजनी र लुटपाटको क्रममा मुलुकको अरबौं रकम बराबरको भौतिक सम्पत्ति क्षति भएको छ। तथापि यसको यकिन विवरण अझै आउन सकेको छैन। उक्त संरचनाहरूको पुर्ननिर्माण एवम् मर्म्मतमा थप अरबौं लगानी गर्नुपर्ने निश्चित छ। बिडम्वना, सरकारले घोषणा गरेको पुननिर्माण कोषमा उत्साहजनक सहभागिता हुन नसकेको अवस्थामा मुलुकको ठूलो आर्थिक स्रोत पुननिर्माणमा लगानी गर्नुपर्ने हुन्छ। सो आक्रमण र आगजनीबाट भौतिक सम्पत्तिसँगै इतिहास, न्यायका याचनामा रहेका अदालतका हजारौं मिसिलहरू र सरकारी दस्तावेजहरू नष्ट भएका छन्, जसको क्षतिपूर्ति असम्भव हुन्छ। यसका लागि कोही, कसैले र कहिल्यै पनि क्षमा पाउनु हुँदैन। यो राज्य विरुद्धको अपराध र षडयन्त्र हो भने यसमा संलग्न पक्षहरूलाई कानुन बमोजिम कारबाहीका लागि नेपाल प्रहरीलाई निष्पक्ष अनुसन्धानको वातावरण सुनिश्चित गरिनुपर्दछ। अन्यथा, अराजकता र अपराधिक गतिविधिले मुलुकमा संस्थागत मान्यता पाउनेछ।

यसैगरी, नेपाल प्रहरीका हतियार र पोशाक लुटिएका छन् भने तीन जना प्रहरीको निर्मम तवरले हत्या गरिएको छ। कारागार तोडफोड हुनुका साथै कैदी/बन्दीहरू भागेका वा भगाइएका छन्। पछिल्लो तथ्याङ्क अनुसार करिब ५ हजार भन्दा बढी कैदी/बन्दी फरार छन्। साथै, प्रहरीका करिब १ हजार थान भन्दा बढी हातहतियार लुटिएका छन् भने करिब १ लाख गोलीहरू हराएका छन्। हराएकामध्ये कतिपय स्वचालित र साना हतियार समेत रहेका छन्। साथै, सयौँको सङ्ख्यामा सञ्चार सामग्रीहरू समेत लुटिएका छन्। भौतिक कठिनाइको बावजुद प्रहरी नागरिकको सहकार्यमा आफ्नो जिम्मेवारीमा सक्रिय रहे पनि प्रहरीको मनोबल घटेको छ। यसले आगामी निर्वाचनको सुरक्षा व्यवस्थामा समेत असर पार्नेछ।

नेपाल प्रहरीका संरचनाहरूमाथि भएको आक्रमण, आगजनी र लुटपाटले समाजमा भय र त्रास व्याप्त छ भने असुरक्षाको चिन्ता जनस्तरमा विद्यमान छ। फलतः मुलुकमा अराजकता र आपराधिक गतिविधिहरू थप बढ्न सक्ने देखिन्छ भने उक्त हराएका हातहतियार र कारागारबाट भागेका अपराधिक पृष्ठभूमिका व्यक्तिहरू आगामी निर्वाचनमा समेत चुनौतीका रूपमा देखा पर्ने सम्भावना छ। तसर्थ प्रहरीको मनोबल बढाउन उनीहरूलाई साधनस्रोतको पर्याप्त व्यवस्था गरिनुपर्दछ भने प्रोत्साहनजनक गतिविधिहरूमा संलग्न गराइनु पर्दछ। आमनागरिकको सुरक्षा, लोकतन्त्रको प्रवर्द्धन र मानव अधिकार संरक्षणका लागि प्रहरीको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ।

पछिल्लो घटनाक्रमबाट विकसित परिस्थितिमा प्रहरी उच्च मनोबलका आधारमा कार्यक्षेत्रमा परिचालन हुन कठिन

भइरहेको छ। सरकारले जनधनको क्षतिको कारण, प्रकृति र संलग्न पक्षको अध्ययनका लागि सरकारले पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा जाँचबुझ आयोग गठन गरेको छ। तर, जाँचबुझ आयोगका गतिविधिहरूले समेत प्रहरीलाई हतोत्साही बनाइरहेको छ। तथापि जाँचबुझ आयोगले जनधनको क्षतिको विवरण निष्पक्ष रूपमा सार्वजनिक गर्ने क्रममा प्रहरीमाथि भएका अराजक र अपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई कानुनको दायरामा ल्याउन मद्धत गर्ने अपेक्षा गरिएको छ।

सरकार लगायत राज्यका अन्य निकायहरूबाट प्रहरीको मनोबल बढाउने न्यूनतम उपायहरूको अबलम्वन गरिएको छैन। तथापि जनस्तरबाट प्रहरीलाई व्यापक सहयोग भएको छ र उनीहरूको मनोबल बढाउने तथा सहज रूपमा परिचालन हुनका लागि आधारभूत सुविधाको व्यवस्था गरिएको छ। बिडम्वना, प्रहरीहरू अत्यन्त कमजोर मनोबलका साथ परिचालन भएका छन् भने उनीहरूले धर्मशाला, भाडाका घरजस्ता सामुदायिक स्थानबाट कार्यालय सञ्चालन गरिरहेका छन्। उनीहरूसँग साधनस्रोतको अभाव छ। सवारी साधन पर्याप्त छैनन्। तर, सरकारले भदौ २३ को घटनामा प्रहरीलाई मात्र दोषी सावित गर्ने प्रयत्न गरिरहेको छ भने भदौ २४ गतेको अराजकता र अपराधमा संलग्न व्यक्तिहरूलाई कानुनको दायरामा ल्याउन हिच्किचाएको देखिन्छ। प्रहरीमा अनावश्यक र गैरकानुनी राजनीतिक हस्तक्षेप भइरहेको छ। यसले उनीहरूको कार्यगत स्वायत्ततामा असर परेको छ भने अपराध अनुसन्धानको कार्य प्रभावित भएको छ।

उदाहरणका लागि गृह मन्त्रालयको २०८२ असोज ९ गतेको लिखित निर्देशनको आधारमा भदौ २४ गतेको अराजक र अपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूको अनुसन्धान प्रक्रियामा अवरोध गर्दै रिहा गर्न दिएको निर्देशनले नेपाल प्रहरीलाई निरन्तर असमाञ्जस्यमा पारिरहेको छ। फलत: नेपाल प्रहरी अपराधिक गतिविधिको आरोपमा अनुसन्धानको क्रममा रहेका करिब २ सय जना व्यक्तिहरू तत्काल रिहा गर्न बाध्य भएको थियो। उक्त निर्देशनका बावजुद पनि नेपाल प्रहरीले प्रमाणका आधारमा भदौ २४ गतेको अराजकता र अपराधिक गतिविधिमा संलग्न सयौँलाई अनुसन्धानको दायरामा ल्याएको छ, जसले निरन्तरता पाउनु पर्दछ। परिणामस्वरूप सरकार र प्रहरीका विचमा सुमधुर सम्बन्ध नभएका समाचारहरू सार्वजनिक भइरहेका छन्। सरकारको उक्त निर्णय संविधान, फौजदारी संहिता र विधिको शासनको आधारभूत मान्यता विपरीत छ। यसले घोषित मितिमा निर्वाचन सम्पन्न गर्ने सरकारको नियतमा आशङ्का खडा गर्दछ भने राष्ट्रपतिबाट प्रधानन्त्री नियुक्ति क्रममा उल्लेखित स्पष्ट कार्यादेशको बर्खिलाप हुन्छ।

नेपालमा मात्र नभई विश्वका विभिन्न मुलुकमा जेन-जी पुस्ताका आन्दोलनहरू जारी रहेका छन्। सामान्यया उनीहरूको आन्दोलनको मान्यता सुशासनमा आधारित समाजको स्थापना रहेको बुझिन्छ। तथापि सबैजसो आन्दोलनको पृष्ठभूमिमा एकरूपता पाइन्छ। उनीहरूका मुख्य मुद्दामा भ्रष्टाचार एवम् बेथितिको अन्त्य रहेको देखिन्छ। कतिपय अवस्थामा उनीहरूका मुद्दाहरू परिवारवाद, नातावाद र कृपावादसँग जोडिएका पाइन्छन्। उदाहरणका लागि जेन-जी पुस्ताको आन्दोलनका कारण नेपाल र मदागास्करमा सत्ता परिवर्तन भएको छ। सोही प्रकारका मुद्दाहरूमा केन्द्रित रही यस्ता अन्य आन्दोलनहरू इण्डोनेशिया, मोरक्को, पाराग्वे, पेरु र फिलिपिन्समा जारी रहेका

छन् भने दक्षिण एशियामा केही वर्ष अगाडि भएका श्रीलङ्का र बंगलादेशका आन्दोलनमा पनि जेन-जी पुस्ताको बाहुल्यता देखिएको थियो। यस अर्थमा जेन-जी पुस्ता समाजमा व्याप्त विसङ्गति र विकृतिका विरुद्ध आन्दोलित शक्तिका रूपमा स्थापित भएको छ।

**प्राप्त उपलब्धिमा देखिएको चुनौती**

नवयुवा पुस्ता केही समययता 'नेपो बेबी' र 'नेपो किड' जस्ता ह्यासट्याग मार्फत् अभियानहरू केही समययता सञ्चालनमा रहेका थिए। पछिल्लो चरणमा केपी ओली सरकारबाट सामाजिक सञ्जालमाथि लगाइएको बन्देज र देशमा बढ्दो भ्रष्टाचार अन्त्यको मुद्दामा केन्द्रित जेन-जी पुस्ताको आन्दोलनका कारण २४ घण्टाको अवधिमा सत्ता परिवर्तन भयो। मुलुकमा राज्यविहीन हुन पुग्यो भने राज्यसत्ता अराजक समूहको कब्जामा पुग्यो। देशले इतिहासमा कहिल्यै नदेखिएको र नभोगेको आन्दोलन हिंसा, आगजनी, लुटपाट र अराजकताको सामना गर्नुपर्‍यो। यसले एकातिर जेन-जी पुस्ता राज्यशक्तिको महत्वपूर्ण शक्तिको रूपमा स्थापित गर्‍यो भने अर्कोतिर समाजले जेन-जी पुस्तालाई आलोचकको भूमिकामा मात्र सीमित नराखी जिम्मेवार शक्तिको रूपमा मान्यता दिएको छ। साथै, जेन-जी पुस्ताका नवयुवाहरूलाई आन्दोलनका क्रममा भएको जनधनको क्षतीमा जिम्मेवार र जबाफदेही हुनुपर्ने अवस्था पनि सृजना गरेको छ।

बिडम्वना, मुलुकको सत्ता परिवर्तन र चुनावी सरकार गठनमा अप्रत्याशित महत्वपूर्ण शक्तिको रूपमा उदाएको जेन-जी पुस्ता अन्यौलमा देखिन्छ। विचार, नेतृत्व र सङ्गठनको अभाव छ। गुट-उपगुटमा विभाजित छ। कतिपय अवस्थामा अन्य 'स्वार्थ समूह'बाट परिचालन भएको अनुभूति हुन्छ। तापनि आन्दोलनपछि राज्यसंयन्त्रमा हस्तक्षेपकारी भूमिकामा प्रवेश पाएको जेन-जी पुस्ताका माग, लक्ष्य, सरोकार, कार्यदिशा र मुलुक निर्माणका लागि आवश्यक रणनीतिमा स्पष्टता छैन। यो पुस्ताका स्वघोषित नेतृत्व केवल आक्रोस, आवेश, भावना, जबरजस्तीपन र प्रतिशोधमा मात्र सीमित हुने गरेको छ। आन्दोलनबाट प्राप्त शक्ति संस्थागत गर्न नसकेमा जेन-जी पुस्ता भदौ २४ को अराजकता, लुटपाट र आगजनी जस्ता विध्वंशका घटना मुलुकको इतिहासमा कलङ्कित घटनाका रूपमा दर्ज हुनेछ।

नवयुवा पुस्ताका नाममा राज्य संयन्त्रमाथि हुने गरेको गैरकानुनी हस्तक्षेप राजनीतिक, कानुनी र सामाजिक रूपमा समेत अस्वीकार्य छ। निश्चित रूपमा जेन-जी एउटा उमेर समूहको पुस्ता हो। यद्यपि यो पुस्ता निश्चित राजनीतिक दृष्टिकोण र विचारका आधारमा नेपालमा स्थापित हुनका लागि कठिन यात्रा गर्नुपर्नेछ। कतिपय मुद्दामा उदार लोकतन्त्रको पक्षपाती देखिए पनि यो समूहमा दक्षिणपन्थी या पुरातनवादी सोच पनि जर्वजस्त विद्यमान रहेको पाइन्छ। विचार विना राजनीतिक सङ्गठन नहुने भएकाले प्रथमत: यो पुस्ता सङ्गठित हुन र उनीहरूमा वैचारिक स्पष्टता आउन जरुरी छ।

साथै, जेन-जी पुस्ता व्यक्तिगत स्वार्थ र कुण्ठाका आधारमा गुट-उपयुटमा विभाजित छ भने उनीहरूका नाममा दुई दर्जन भन्दा बढी समूहहरू सक्रिय देखिन्छन्। यसको उदाहरण यो पुस्ताबाट सरकार समक्ष प्रस्तुत गरेका माग र सरोकारबाट स्पष्ट हुन्छ। फलत: राज्यका निकायमा जेन-जी पुस्ताका नाममा हस्तक्षेपकारी भूमिका निर्वाह

गरिरहेका भनिएका केही समूहका अभियन्ताहरू उनीहरूको विगतको अपराधिक पृष्ठभूमिका कारण प्रहरीले धमाधम नियन्त्रणमा लिइरहेको छ। यस्ता अपराधिक पृष्ठभूमिका व्यक्तिहरू भदौ २४ गतेको आक्रमण, आगजनी, लुटपाट र हिंसामा सक्रिय देखिएको पाइएको छ, जसलाई नेपाल प्रहरीले अनुसन्धानको दायरामा ल्याइरहेको छ।

मुलुक सञ्चालनका लागि विचार चाहिन्छ। यसलाई संविधान र कानुनमा लिपिबद्ध गरिएको हुन्छ। राज्यको सञ्चालन अदृष्य स्थानबाट सञ्चालन हुने सामाजिक सञ्जालबाट मात्र सम्भव छैन। यसैगरी देश भावना, आवेश, आक्रोस र प्रतिशोधमा नचल्ने भएकाले जेन-जी पुस्ता आलोचनात्मक र आक्रोसात्मक मात्र नभई रचनात्मक र सकारात्मक हुन जरुरी छ। संविधान र कानुनको अधीनमा रही जिम्मेवार, जबाफदेही, उत्तरदायी र संयम हुनुपर्दछ। अन्यथा, आरोप-प्रत्यारोप र कुण्ठामा आधारित राजनीति मुलुकका लागि अभिसाप हुनेछ र जेन-जी पुस्ता स्वयम् अस्तित्वको सङ्कटमा पर्नेछ।

विश्वभरी दक्षिणपन्थी शक्तिहरूको उदयका कारण लोकतन्त्रको भविष्य सङ्कटमा पर्न थालेको छ। लोकप्रियता (पपुलिज्म) मा आधारित यस्ता अलोकतान्त्रिक शक्तिहरू उग्र राष्ट्रवाद (अल्ट्रा न्याश्नालिज्म), दक्षिणपन्थी सोच र घरेलु अर्थतन्त्रको सवलीकरणका नाममा शक्तिशाली हुँदै गएका छन्। यसलाई प्रवर्द्धन गर्ने कार्यमा फेक मिडिया, डिप स्टेट, प्रोपागण्डा राजनीति, हिंसाको अतिरञ्जना, तानाशाही अधिनायकवादी व्यवस्थाको बढ्दो स्वीकारोक्ति, र जातीय भेदभाव तथा रङ्गभेदी शासन प्रणालीको संस्थागत विस्तारमा सहयोग पुऱ्याइरहेका छन्। यसलाई थप संस्थागत गर्ने कार्यमा 'मिस इन्फर्मेशन' र 'डिस इन्फर्मेशन'को रणनीतिले थप मद्दत पुऱ्याइरहेको छ।

लोकतन्त्रलाई कमजोर बनाउने कार्यमा सामाजिक सञ्जालको व्यापक दुरूपयोग गरिएको छ। कतिपय अवस्थामा हिंसात्मक र साम्प्रदायिक द्वेष फैलाउने समाचारहरू अतिरञ्जित गर्ने कार्यमा समेत सामाजिक सञ्जालको उपयोग गरिएको छ। यसलाई विश्वव्यापीकरण गर्ने र आम समाजलाई भड्काउने कार्यमा पनि सामाजिक सञ्जालका विभिन्न यापहरूको व्यापक दुरूपयोग गरिएको छ। उदाहरणका लागि नेपालको जेन-जी पुस्ताको आन्दोलनका क्रममा फेसबुक लगायतका सामाजिक सञ्जाल बन्द भए पनि जियोलोकेशन, रेडिट, टिकटक, डिस्कर्ड इत्यादि जस्ता गेमिङ सामाजिक सञ्जाल वा यापको व्यापक उपयोग गरिएको थियो। यसले जेन-जी पुस्तालाई सङ्गठित हुन र रणनीति बनाउन सहज बनाएको थियो।

विश्वव्यापी रूपमा निरङ्कुशतावादी वा अधिनायकवादी सोचका नेतृत्वका कारण लोकतन्त्र कमजोर हुँदै गएको छ। साथै, मानव अधिकार, अभिव्यक्ति स्वतन्त्रता जस्ता लोकतन्त्रका आधारस्तम्भहरू खतरामा परेका छन् भने लोकतन्त्र विरोधी खेमाको नेतृत्वको बर्चस्व बढ्दै गएको छ। उदाहरणका लागि लोकतन्त्र विरोधी खेमाको नेतृत्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गरिरहेका छन्। उनले अमेरिकामा अधिनायकवादी शैलीको शासन व्यवस्था प्रवर्द्धन गरिरहेका छन् भने अन्य देशहरूमा सोही कार्यशैलीका शासकहरूलाई समर्थन र सहयोग गर्दै आएका छन्। ट्रम्पको टर्कीका एर्डोगान, हङ्गेरीका भिक्टर ओर्वान, साउदी शाही

परिवार, पाकिस्तानको सैनिक समर्थन शासन व्यवस्था लगायतसँग निकट सम्बन्ध रहेको छ। उनले इसरायल जस्ता युद्धप्रेमी शासकहरूको साथ दिइरहेका छन् भने रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको उनको सम्बन्ध शंकास्पद देखिन्छ। यसैगरी व्यापार कर, आतङ्कवाद, लागु औषधको कारोबार अन्त्य गर्ने नाममा स्थापित अन्तर्राष्ट्रिय मान्यतामाथि धावा बोलिरहेका छन्। उक्त स्वेच्छाचारी कार्यले लोकतन्त्र र मानव अधिकारमैत्री शासन प्रणाली निरन्तर प्रहार भइरहेको छ।

**अबको लोकतन्त्र**

लोकतन्त्रको विकल्प छैन। यसको आधारभूत सर्त भनेको मानव अधिकारको प्रत्याभूति हो। यसलाई चलायमान र प्रभावकारी बनाउनु आजको आवश्यकता हो, जसका लागि जिम्मेवार, पारदर्शी र जबाफदेही नेतृत्वको आवश्यकता पर्दछ। तथापि लोकतन्त्रलाई कमजोर बनाउने वा यसका विरुद्धमा जनमत तयार गर्नमा उग्र दक्षिणपन्थी वा युद्धप्रेमी शक्तिहरू विश्वव्यापी रूपमा सक्रिय रहेका छन्।

नेपालको जेन-जी पुस्ताको आन्दोलनमा समेत कतिपय अवस्थामा लोकतन्त्र विरोधी चरित्र देखिएको छ। सम्भवत: सङ्घीयता र गणतन्त्र विरोधी पक्षधर शक्तिहरूबाट जेन-जी पुस्ताको आन्दोलनलाई लोकतन्त्र कमजोर बनाउने मञ्चका रूपमा उपयोग गरिएको हुन सक्दछ। कतिपय अवस्थामा भदौ २४ गतेका विध्वंशका प्रकृतिहरू २०८१ चैत १५ गतेको तीनकुने-कोटेश्वर घटनासँग मिल्दाजुल्दा समेत रहेको पाइन्छ। यस अर्थमा भदौ २४ गतेको अराजकता स्वभाविक नभई योजनाबद्ध भएको आकलन गर्न सकिन्छ। यस घटनाबाट मुलुकमा सत्ता परिवर्तन मात्र भएको नभई लोकतन्त्र र संविधानको अस्तित्वमाथि धावा बोलिएको थियो, जुन कुनै पनि अवस्थामा खुल्ला समाजका लागि सह्य हुन सक्दैन।

मुलुकको यस जटिल परिवेशमा जेन-जी पुस्ता लगायत समाजका हरेक पुस्ता जिम्मेवार हुन जरुरी छ भने संविधान, लोकतन्त्र र मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा सक्रिय हुनुपर्ने भएको छ। किनकी लोकतन्त्रका कारण आम नागरिकलाई आफ्ना अभिव्यक्तिहरू निर्वाध रूपमा सार्वजनिक गर्ने अवसर प्राप्त भएको छ, जुन अधिनायकवादी, सैनिक वा स्वेच्छाचारी शासन व्यवस्थामा असम्भव हुन्छ। जेन-जी पुस्ताले पनि लोकतन्त्रप्रतिको प्रतिबद्धता पुष्टि गर्न संविधानको संवर्द्धन र निर्वाचनको सुनिश्चिततामा अग्रसर रहनुपर्दछ भने मुलुकको राजनीतिक, सामाजिक र आर्थिक रूपान्तरणको हिस्सा बन्नुपर्दछ।

नेपालमा राजनीतिक परिवर्तन द्रुत गतिमा भइरहे पनि सुशासन, विकास र संवृद्धिको गति सुस्त छ। भ्रष्टाचार, घुसखोरी, नातावाद, कृपावाद र बेरोजगारी बढ्दो क्रममा छ। गरिबी, विपन्नता र संरचनागत भेदभाव सदियौंदेखि विद्यमान छ भने सरकारको सेवा प्रवाहमा ढिलासुस्ती कायम छ। शिक्षा, रोजगारी र अवसरको नाममा मुलुकबाट शिक्षित र सीपमूलक तथा अर्धसीपमूलक जनशक्ति निरन्तर पलायन भइरहेको छ। यसले नयाँ पुस्तामा निराशा बढाएको छ। यो राष्ट्रिय समस्याको रूपमा सूचीबद्ध भएको छ।

मुलुकको बृहत्तर हित र समुन्नतिका अलावा चलायमान राज्य प्रणाली र जनउत्तरदायी राज्यका संरचनाहरू निर्माणको पक्षमा जनआवाज निरन्तर उठ्दै आएको हो। जेन-जी पुस्ताको आन्दोलनको एउटा

महत्वपूर्ण माग भ्रष्टाचारको अन्त्य र सुशासनको स्थापना रहेको भए तापनि यो हरेक पुस्ताका सचेत नागरिकबाट निरन्तर खबरदारी गरिएको सवाल हो। तसर्थ यो सवाल जेन-जी पुस्ता मात्र नभई आम नेपालीको सरोकारको बिषय रहँदै आएको छ।

जेन-जी पुस्ताको आन्दोलनका क्रममा उनीहरूका मुख्य आक्रोश स्थापित राजनीतिक दलहरूका शीर्ष नेतृत्वहरूमाथि रहेको थियो भने उनीहरू भ्रष्टाचारमा लिप्त रहेको र नातावाद तथा कृपावादलाई नियन्त्रणको साटो प्रवर्द्धन गरेको आरोप रहेको छ। यो आक्रोश र आरोप केही हदसम्म जायज छ। तसर्थ मुलुकमा सुशासन कायम राख्न र नवपुस्ताको सरोकारलाई सम्बोधन गर्नका लागि स्थापित राजनीतिक दलहरूमा नेतृत्व हस्तान्तरण र पुस्तान्तरण पेचिलो रूपमा उठेको छ। यसलाई शीर्ष नेतृत्वले अवसरका रूपमा उपयोग गर्नुपर्दछ भने राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र मजबुत पार्ने प्रयासलाई यथाशीघ्र कार्यान्वयनमा ल्याउनु पर्दछ।

मुलुकको संवृद्धि र विकासका लागि सुशासन अपरिहार्य हुन्छ। भ्रष्टाचारमा संलग्न जोसुकैलाई पनि कानुन बमोजिम कारबाहीको दायरामा ल्याइनु पर्दछ। तर, जेन-जी पुस्ताबाट जबरजस्ती राजनीतिक दलका शीर्ष नेतृत्वमाथि भ्रष्टाचार आरोपमा कारबाही चलाउन सरकारमाथि दिइएको दवाव अस्वीकार्य हुन्छ। भ्रष्टाचारको छानविन कानुनसम्मत र विधिपूर्वक हुनुपर्दछ। संविधानको व्यवस्था विपरीत स्वेच्छाचारी रूपमा गरिने कारबाहीले कानुनी वैद्यता पाउन सक्तैन, जुन विद्यमान कानुनको बर्खिलाप हुन्छ। यस्ता कारबाही केवल प्रतिशोधमा सीमित रहने निश्चित छ।

राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्रको सवलीकरण गर्ने र नेतृत्व हस्तान्तरण तथा पुस्तान्तरणको सवाललाई कार्यान्वयनमा ल्याउन निरन्तर दबाव बढिरहेको छ। यो सरोकारलाई राजनीतिक दलहरूलाई रूपान्तरण गर्ने र उनीहरूको कार्यशैलीमा सुधार गर्ने उपयुक्त समयमा रूपमा आत्सात् गरिनुपर्दछ। पछिल्लो राजनीतिक विकासक्रमले राजनीतिक दलहरू मात्र नभई नेपाली राजनीतिको रूपान्तरणका लागि ढोका खोलेको छ, जसको सही सदुपयोग अपरिहार्य छ।

राजनीतिक दलहरूले नेतृत्व हस्तान्तरण तथा पुस्तान्तरणको सवाललाई थाँती राखेर आगामी निर्वाचनमा सहभागी हुने धृष्टता राखेमा उनीहरूका लागि घातक हुनेछ। अन्तत्वगत्वा यसको प्रभाव लोकतन्त्रमाथि पर्नेछ। साथै, स्थापित राजनीतिक दलहरू रूपान्तरणको दिशामा द्रुतरूपमा स्वयम् अग्रसर हुन नसकेको अवस्थामा लोकप्रियताको आडमा निर्वाचनका माध्यमबाट कुनै चरम दक्षिणपन्थी शक्तिको उदय हुने प्रवल संभावना रहन्छ। यसले मुलुकको लोकतान्त्रिक शासन पद्धति सङ्कटमा पर्नेछ भने विद्यमान सङ्घीयता, गणतन्त्र, समावेशी संरचना र धर्म निरपेक्षता जस्ता संविधानका मौलिक व्यवस्थामाथि अतिक्रमण हुनेछ। तसर्थ राजनीतिक दलहरूले नवयुवाहरूको आन्दोलनबाट सृजित राजनीतिक परिदृष्यलाई चुनौतीका रूपमा नभई अवसरका रूपमा उपयोग गर्नु बुद्धमानी हुनेछ र निर्वाचन प्रक्रियामा सहभागी हुने वातावरण सुनिश्चित गर्नु पर्नेछ।

**सरकारको भूमिका**

वर्तमान सरकार “नियमित र निर्वाचित सरकार” होइन। सरकारको गठन

"नेपालको संविधान बमोजिम राष्ट्रपतिका अर्न्तनिहित संवैधानिक अधिकारको प्रयोग" मार्फत् "आवश्यकताको सिद्धान्तका" आधारमा भएको हो। साथै, राष्ट्रपतिबाट "संविधानले राष्ट्रिपतिलाई सुम्पिएको संवैधानिक प्रतिबन्धात्मक व्यवस्था बमोजिम ६ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने" प्रयोजनका लागि गठन भएको हो। तसर्थ सरकारले आफ्ना हरेक गतिविधिहरू निर्वाचनको सुनिश्चितता गर्नेतर्फ केन्द्रित गर्नु पर्दछ।

मुलुकको विषम परिस्थिति र राष्ट्रिय आवश्यकताका आधारमा राष्ट्रपतिले यो सरकारलाई सुम्पिएको एक मात्र जिम्मेवारी घोषित मिति २०८२ फागुन २१ गते आम निर्वाचन सम्पन्न गर्नु हो। यो व्यवस्था सरकारका लागि बाध्यात्मक छ। निर्वाचनको सुनिश्चितताका सम्बन्धमा कुनै सम्झौता हुन सक्तैन। यसका लागि सरकारले निर्वाचनका लागि विश्वसनीय वातावरण बनाउनु पर्दछ। साथै, घोषित मितिमा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउनु सरकारको एकमात्र जिम्मेवारी हो।

तथापि सरकारको प्राथमिकता निर्वाचनको सुनिश्चितता गर्नुको साटो जेन-जी पुस्तालाई खुसी बनाउन उद्दत देखिन्छ। सिद्धान्ततः सरकार संविधान र राष्ट्रपतिको कार्यादेशप्रति जबाफदेही भए पनि व्यवहारमा जेन-जी पुस्ता र यसका अभियन्ताहरूका सरोकारहरू सम्बोधन गर्नुपर्ने बाध्यता भए पनि सरकारले लोकतान्त्रिक मान्यता अनुरूप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा स्वीकार्य हुने गरी स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नुपर्ने हुन्छ। यसका लागि राष्ट्रपतिबाट प्रधानमन्त्री एवम् मन्त्रीहरूको उपस्थितिमा राजनीतिक दलहरूसँग प्रारम्भ गरिएको संवाद र निर्वाचनको सुननिश्चितताका लागि सुरक्षा निकायका प्रमुखहरूलाई दिएको निर्देशन स्वागतयोग्य छ। राष्ट्रपतिको पहलकदमीका आधारमा सरकारले राजनीतिक दलहरूसँग प्रारम्भ गरेको संवादलाई घनिभूत बनाउनुपर्दछ। तर, निर्वाचन आयोगको पहलमा हुने छलफलले निर्वाचनको सुनिश्चितता गर्न सक्तैन।

संवैधानिक प्रावधानको दायराभन्दा बाहिरबाट आवश्यकताको सिद्धान्तका आधारमा गठन भएको सरकारका लागि जेन-जी पुस्तालाई सन्तुलनमा राख्नुपर्ने बाध्यता पनि हुन सक्दछ। कतिपय अवस्थामा स्थिति सामान्यीकरणका उपायहरू अपनाउनुपर्ने हुन सक्दछ। विशेषगरी सरकारका लागि भदौ २३ मा भएको नवयुवाहरूको हत्या र भदौ २४ गते जेन-जी आन्दोलनका नाममा भएको अराजकता र विध्वंशको निष्पक्ष छानबिन गर्नुपर्नेछ भने दोषीहरूलाई कानुन बमोजिम कारबाही गर्नुपर्ने बाध्यता छ। छानबिनका लागि सरकारले जाँचबुझ आयोग गठन गरेको आयोगको प्रतिवेदन समेत नपर्खी राजनीतिक दलका शिर्ष नेतृत्वहरूमाथि स्वेच्छाचारी ढङगले भ्रष्टाचारको आरोपमा गिरफ्तार गरी कारबाही गर्नुपर्ने र उनीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्ने जस्ता जेन-जी पुस्ताका मागहरू सम्बोधन गर्न सरकारले चुनौतीको सामना गर्नुपरेको छ। यसले निर्वाचनको वातावरण बिथोल्ने निश्चित छ।

भ्रष्टाचारको निष्पक्ष छानविन गरिनुपर्दछ र सोही अनुरूप कारबाही हुनुपर्दछ, जुन संविधान, कानुन र विधि अनुरूप हुनुपर्दछ। पूर्वाग्रहका आधारमा स्वेच्छाचारी रूपमा कारबाहीको प्रक्रिया थालिएमा यसले थप राजनीतिक अस्थिरता सृजना हुनेछ र निर्वाचनको वातावरण धुमिल

हुनेछ। तथापि निर्वाचनलाई स्विकार्य बनाउन यसको प्रक्रिया विश्वसनीय हुनु पर्दछ। निर्वाचन आयोगको विश्वसनीयता र शान्ति सुरक्षाको अवस्था सुनिश्चित गरिनुपर्दछ। निर्वाचनमा भाग लिन इच्छुक सबै प्रकारका राजनीतिक शक्तिहरू सहभागी हुनसक्ने आधारहरू तयार गरिनु पर्दछ। कुनै पनि राजनीतिक शक्तिलाई प्रतिशोधका आधारमा निर्वाचनमा निषेध गर्ने र सहभागी नहुन बाध्य पार्ने गतिविधिहरू राज्यको तर्फबाट गरिनु हुँदैन। निर्वाचनले राजनीतिक रूपान्तरण र जनउत्तरदायी सरकार गठन गर्ने भएकाले निर्वाचनलाई लोकतन्त्रको अभिन्न अङ्गका रूपमा आत्मसात् गरिनुपर्दछ। यसका लागि सरकारबाट राजनीतिक दलहरूसँग इमान्दारिताका साथ संवादको थालनी गरिनुपर्दछ र निर्वाचन प्रक्रिया विश्वसनीय भएको सुनिश्चित गरिनु पर्दछ।

**निष्कर्ष**

स्वतन्त्र तथा निष्पक्ष निर्वाचनको सुनिश्चितताका लागि सरकार, राजनीतिक दलहरू र सुरक्षा निकायहरूले इमान्दारिताका साथ सहकार्य गर्नुपर्दछ। निर्वाचनको सुनिश्चितता प्रधानमन्त्रीको मौखिक प्रतिबद्धता र निर्वाचन आयोगको दल दर्ता गर्ने लगायतका निर्वाचन कार्यक्रम प्रकाशित गर्ने प्राविधिक कामबाट मात्र सम्भव हुन सक्तैन। यसका लागि पूरा राज्य संयन्त्र चलायमान हुनु पर्दछ। मुख्यतया राजनीतिक दलहरूमा स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि आवश्यक विश्वासको वातावरण तयार हुनुपर्दछ भने उम्मेदवार तथा मतदाताको सुरक्षाको प्रत्याभूति अनिवार्य सर्त मानिन्छ। निर्वाचनबाट मात्र मुलुकमा विद्यमान राजनीतिक अस्थिरता र अन्यौलताको अन्त्य हुनेछ भने वर्तमान राजनीतिक सङ्क्रमणको सहज अवतरण हुनेछ।

विश्वसनीय निर्वाचनले वर्तमान चुनावी सरकारको सफलता निर्धारण गर्नेछ। यसबाट चुनावी सरकारको उद्देश्य पूरा हुनेछ। यसले संविधान र लोकतन्त्रलाई पुर्नजीवित गर्नेछ भने मुलुकमा सुशासन कायम गर्न मद्धत पुग्नेछ। समयमा निर्वाचन सम्पन्न गर्ने वातावरण सरकारले सुनिश्चित गर्न नसकेमा मुलुकमा थप अन्यौलता सृजना हुनेछ भने राजनीतिक अस्थिरता थप संस्थागत हुनेछ। फलत: लोकतन्त्रका अवयवहरूमाथि प्रहार हुने संभावना रहन्छ।

नवयुवा पुस्ताको आन्दोलनको परिणामस्वरूप मुलुकमा सृजित राजनीतिक उथलपुथललाई सुरक्षित अवतरण गर्नु आजको आवश्यकता भएको छ। उक्त उद्देश्यको प्राप्तीको आक्रोश, आवेश र प्रतिशोधबाट नभई आपसी सहकार्य र संवादबाट मात्र सम्भव छ। यसका लागि सरकारको एक मात्र जिम्मेवारी घोषित मितिमा विश्वसनीय प्रक्रियाका माध्यमबाट निर्वाचन सम्पन्न गर्नु हो। तथापि सरकारका लागि राष्ट्रपतिबाट निर्दिष्ट कार्यादेश समयमा पूरा गर्न राजनीतिक, प्रशासनिक, सुरक्षा, स्रोत साधन र प्राविधिक चुनौतीको सामना गर्नुपरेको छ। वर्तमान चुनावी सरकारको सफलता घोषित मितिमा निर्वाचन सम्पन्न हुन सकेमा मात्र सम्भव हुन्छ। तसर्थ, सरकारको एक मात्र प्राथमिकता निर्वाचन हुनुपर्दछ र यसका लागि उचित वातावरण निर्माणमा सक्रिय रहनुपर्दछ। निर्वाचनका माध्यमबाट हुने सत्ता हस्तान्तरणले मात्र देशको सङ्घीय गणतन्त्र, समावेशी लोकतन्त्र र संविधानको संवर्द्धन हुन सक्दछ।

*लेखक शान्ति, सुरक्षा र*
*मानव अधिकार विज्ञ हुनु हुन्छ।*

# भयरहित निर्वाचनको अपरिहार्यता

गत भदौ २३ र २४ गते नवयुवा पुस्ताले गरेको प्रदर्शनले सत्ता नै उलटपुलट भयो। पूर्वप्रधानन्यायाधीश सुशिला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भई सो सरकार आगामी फागुन २१ मा निर्वाचन गराउन तयारी गरिरहेको छ।

भदौ २७ गते राष्ट्रपतिले कार्कीलाई प्रधानमन्त्री नियुक्त गर्दा फागुन २१ मा निर्वाचन सम्पन्न गराउने कार्यदेश रहेको उल्लेख थियो। सोही अनुरूप अहिले निर्वाचनको तयारी चलिरहेको छ।



अभयराज जोशी

प्रतिनिधिसभा निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणालीका उम्मेदवारको बन्दसूची राजनीतिक दलले निर्वाचन आयोगमा पेस गरिसकेका छन्। नवयुवा पुस्ताको प्रदर्शनपछि फेरिएको देशको अवस्था र घटनाक्रमले घोषित मितिमा निर्वाचन हुन्छ या हुँदैन भन्ने द्विविधा कायम भए पनि दलहरूले निर्वाचनमा भाग लिन दल दर्ता गरेर समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारको बन्दसूची बुझाइसकेपछि त्यो अन्यौल हटिसकेको छ।

तर, अहिले अझै उठिरहेको विषय भनेको शान्ति सुरक्षाको हो। सरकारले निर्वाचन स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा हुनेमा आशंका नगर्न राजनीतिक दललगायतलाई आग्रह गर्दै आइरहेको छ। यद्यपि राजनीतिक दल भने यसमा अझै विश्वस्त हुन सकिरहेका छैनन्।

प्रदर्शनका क्रममा कारागारबाट भागेको कैदीबन्दी र सुरक्षाकर्मीबाट लुटिएका हतियार समाजमै रहेकाले त्यसले शान्ति सुरक्षामा असर पार्न सक्ने राजनीतिक दलको चिन्ता छ। तर, सुरक्षा निकायले भने त्यतिले मात्र चुनावमा कुनै असर नपार्ने तर, चनाखो भने हुनुपर्ने बताइरहेका छन्। चुनाव नै अहिलेको समस्याको एकमात्र समाधान हो।

त्यसैले चुनावबाट कोही पनि भाग्नु मुनासिव हुँदैन र त्यसो गर्न पनि पाइदैन। रह्यो कुरा शान्ति सुरक्षाको त्यो भनेको सरकारको दायित्व हो। त्यसका लागि सरकारले कुनै कसर बाँकी राख्न हुन्न। अर्को कुरा भयरहित वातावरणमा स्वच्छ र निष्पक्ष निर्वाचन गराउने काममा राज्यका निकाय मात्र होइनन्, चुनावमा भाग लिने राजनीतिक दल, तीनका नेता कार्यकर्ता पनि त्यतिकै जिम्मेवार हुनु आजको आवश्यकता हो।

मुलुकमा सुशासन कायम गरेर देशलाई नयाँ गति दिन आज जनताले परिवर्तन खोजिरहेका छन्। त्यो परिवर्तनलाई संस्थागत गर्नका लागि पनि मुलुकमा निर्वाचन अपरिहार्य छ। र, त्यो निर्वाचन भयरहित वातावरणमा सम्पन्न होस् भन्ने सबैको चाहना पनि छ।

निर्वाचनका क्रममा पहिलो घेरामा खटिने नेपाल प्रहरी हो। जो गत भदौको प्रदर्शनपछि सबैभन्दा बढी थिलोथिलो भएको थियो। यस अवधिमा नेपाल प्रहरीले आफ्नो मनोबल उच्च बनाएर उठ्ने प्रयास त गरेको छ। तर, त्यो पर्याप्त छैन। किनभने सरकारले




# नवयुवा पुस्ताले २०८२ भदौ २३ र २४ गते गरेको प्रदर्शन र क्षति

१. प्रदर्शनका सहभागीहरू, बानेश्वर, काठमाडौँ
२. नवयुवा पुस्ताले गरेको प्रदर्शनका क्रममा संसद भवनमा भएको आगजनी
३. आगजनीपछिको सर्वोच्च अदालत, काठमाडौँ
४. आगजनीपछि टेण्टबाट सेवा दिँदै सर्वोच्च अदालत
५. आगजनी गरिएको कोशी प्रदेश सभा भवन, विराटनगर
६. प्रदर्शनकारी तथा सुरक्षाकर्मी, बानेश्वर, काठमाडौँ
७. घाइते प्रदर्शनकारीको स्वास्थ्य अवस्थाबारे जानकारी लिँदै इन्सेक गण्डकी प्रदेशका संयोजक गणेश भण्डारी
८. जिल्ला अदालत, कपिलवस्तु
९. कर्णाली प्रदेश सभा, सुर्खेत
१०. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर



























संयोजनः गीता माली

फोटोः १, ६ शिव खकुरेल, २, ३ गीता माली, ४ कृष्ण गौतम, ५ पुण्यप्रसाद अधिकारी, ७ गणेश भण्डारी, ८ रिमा बिसी, ९ जगतदल जनाला, १० लिली कुँवर

**विगतका निर्वाचनमा भित्तेलेखन, पोष्टर पम्पलेट लगायतका माध्यमबाट गलत सूचना फैलाउने काम हुने गरे पनि अहिले प्रविधि फेरिएको छ। सामाजिक सञ्जाल अहिलेको प्रमुख माध्यम बनिरहेका बेला यसपटकको निर्वाचनमा ती सञ्जालबाट फैलाइने मिथ्या सूचनाले पनि निर्वाचनमा असर पार्न सक्छ। यो रोक्न सक्नु अहिलेको ठूलो चुनौतीको विषय बन्ने देखिन्छ।**

ठूलो क्षति भोगेको प्रहरीको मनोबल उच्च बनाउनेतर्फ अहिले पनि ध्यान दिन सकेको छैन।

कार्की नेतृत्वको अन्तरिम सरकारको मूल कार्यभार नै फागुन २१ मा प्रतिनिधिसभाको निर्वाचन गरेर त्यसपछि आउने सरकारलाई सत्ता हस्तान्तरण गर्नु हो। त्यसकारण सरकारको ध्यान कसरी हुन्छ, भयरहित चुनाव गराउनेतर्फ केन्द्रित हुनुपर्छ र त्यसका लागि आवश्यक पर्ने बजेट लगायतका विषयमा कन्जुस्याइ नगरेर समयमै आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन लगायतमा ध्यान दिनुपर्ने देखिन्छ।

निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात गरेर सुरक्षा रणनीति तयार पारिएको हुन्छ, सोहीअनुसार तीन चरणमा फागुन २१ को निर्वाचनमा पनि परिचालन गर्न लागिएको छ। विगतका चुनावमा भन्दा यसपटकको निर्वाचनमा सुरक्षाकर्मी धेरै परिचालन हुन लागेका छन्, भने सरकारले निर्वाचन प्रहरी पनि ठूलो संख्यामा भर्ना गर्दैछ। यसले पनि निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा बनाउन सरकार गम्भीर छ भन्ने त देखाउँछ। तर, यतिले मात्र पुग्दैन। राजनीतिक दल, नागरिक समाज, मतदाता लगायतलाई त्यसको प्रत्याभूति दिन सरकारले सक्नुपर्दछ।

निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गराउने दायित्व राज्य र निर्वाचनमा सहभागी हुने राजनीतिक दलको पनि हो। उच्च सुरक्षा व्यवस्था लगायतका काम गर्दा पनि कतिपय अवस्थामा चुनौती नै नहुने भन्ने हुँदैन। आगामी निर्वाचनमा पनि सुरक्षा चुनौती हुन्छ नै। यसपटक त झन अघिल्ला चुनाव भन्दा धेरै मतदान स्थललाई सुरक्षा दृष्टिकोणले जोखिमपूर्ण मानिएको छ। विगतमा हुने निर्वाचनमा चुनावमा प्रतिस्पर्धा गर्ने राजनीतिक दलकै कारण चुनौती हुने गर्थ्यो। अहिले पनि त्यो अवस्था छ।

तर, जेनजी विद्रोह पछि हुन लागेको निर्वाचनले फरक खालको चुनौती पनि आउन सक्ने आकलन गरिएको छ। जस्तो यो चुनावमा राजनीतिक ध्रुवीकरण धेरै छ। दलहरूबीचको प्रतिस्पर्धा र आन्तरिक असन्तुष्टि हिंसात्मक घटनामा रूपान्तरण हुने सम्भावना रहन्छ। त्यसतर्फ ध्यान दिनु आवश्यक छ। यतिमात्र होइन  भौगोलिक जटिलता, साइबर तथा सूचना सुरक्षा, आर्थिक सीमितता र जलवायु जोखिम पनि कारण बन्न सक्छन्। दुर्गम क्षेत्रहरूमा सुरक्षाकर्मीको समयमै पहुँच सुनिश्चित गर्नु चुनौतीपूर्ण हुने देखिन्छ भने सामाजिक सञ्जालमार्फत गलत सूचना र अफवाह फैलाउने प्रवृत्ति निर्वाचन प्रक्रियामा

अविश्वास पैदा गर्न सक्छ।

विगतका निर्वाचनमा भित्तेलेखन, पोष्टर पम्पलेट लगायतका माध्यमबाट गलत सूचना फैलाउने काम हुने गरे पनि अहिले प्रविधि फेरिएको छ। सामाजिक सञ्जाल अहिलेको प्रमुख माध्यम बनिरहेका बेला यसपटकको निर्वाचनमा ती सञ्जालबाट फैलाइने मिथ्या सूचनाले पनि निर्वाचनमा असर पार्न सक्छ। यो रोक्न सक्नु अहिलेको ठूलो चुनौतीको विषय बन्ने देखिन्छ।

पछिल्लो समय देशका विभिन्न जिल्लामा धार्मिक सम्प्रदायमा खलल पुऱ्याउने हिसाबले गतिविधि बढिरहेका छन्। सामाजिक सञ्जालको माध्यमबाट भइरहेका यस्ता गतिविधि नियन्त्रण गर्नु अति आवश्यक देखिन्छ। किनभने निर्वाचनको समयमा सामाजिक सञ्जालमार्फत् धार्मिक सहष्णितामा खलल पुऱ्याउने खालकाका सामाग्री प्रचार प्रसार भएमा त्यसले द्वन्द्वको स्थिति ल्याउन सक्ने र त्यसले चुनावलाई असर पुऱ्याउन सक्छ। त्यस्ता गतिविधि गर्ने व्यक्ति वा समूहलाई निगरानीमा राख्ने र कानूनी कारबाहीको दायरामा ल्याउने काममा अहिले नै सुरक्षा निकायले ध्यान दिनु अति आवश्यक छ।

नेपाल प्रहरीसँग अहिले सवारी साधनको अभाव छ। त्यस्तो अवस्थामा पहाड र हिमाली जिल्लाका क्षेत्रमा कसरी व्यवस्थापन हुन्छ त्यसमा ध्यान दिनु जरुरी छ। मतदानस्थलको सुरक्षाका लागि प्रहरीलाई स्रोत साधन सम्पन्न बनाउनेतर्फ ध्यान दिनु आवश्यक छ। कतिपय जेनजी समूह देखि राजनीति दलले घोषित निर्वाचनलाई बहिष्कार गर्ने घोषणा गरेका छन्। उनीहरूबाट चुनावमा हुन सक्ने सुरक्षा चुनौतीलाई पनि सरकारले ध्यान दिएर जानुपर्ने हुन्छ।

घोषित निर्वाचनका समयमा तराई र पहाडमा फरक नपरे पनि हिमाली जिल्लामा मौसम प्रतिकुल भई समस्या ल्याउन सक्छ की भन्ने आकलनहरू भइरहेको छ। त्यसका लागि सरकारले पूर्व तयारी गरेर अघि बढ्नुपर्ने हुन्छ। यी चुनौतीलाई ध्यानमा दिँदै सरकारले समन्वय र परामर्शमा भने कमी गर्नु हुँदैन। सरकार, निर्वाचन आयोग, गृहमन्त्रालय अन्तर्गतका निकायदेखि अन्य निकायबीच पनि समन्वय आवश्यक हुन जान्छ। त्यस्तै सामाजिक सञ्जालको दुरुपयोगबाट हुने असर देखि एआईको प्रयोगबाट हुन सक्ने दुरुपयोगलाई पनि ध्यानमा राख्दै राज्यको सूचना प्रवाह गर्ने संयन्त्र देखि डिजिटल निगरानी प्रणालीलाई व्यवस्थित र बलियो बनाउनेतर्फ सरकारले ध्यान दिनु आवश्यक हुन्छ। निर्वाचनको समयमा आकस्मिक विपत् व्यवस्थापन योजना तयार गरी सेना र प्रहरीलाई द्रुत क्षमतासहित खटाउने र सुरक्षाकर्मीको आचरण निष्पक्ष, संवेदनशील र नागरिकमैत्री हुनु आवश्यक छ।

नेपालको लोकतान्त्रिक यात्रामा आगामी निर्वाचन महत्वपूर्ण मोड हो। सुरक्षा व्यवस्थापनमा देखिएको व्यापक तयारी सकारात्मक संकेत हो, तर राजनीतिक ध्रुविकरण, सूचना युद्ध, र जलवायुजन्य जोखिमलाई बेवास्ता गर्न मिल्दैन। निर्वाचन सुरक्षा केवल भौतिक संरचना मात्र होइन, सामाजिक विश्वास र संस्थागत पारदर्शितासँग पनि जोडिएको छ। सरकारले आगामी निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र जनविश्वासपूर्ण हुने गरी अघि बढेर जानु आजको आवश्यकता हो।

*(लेखक जोशी सुरक्षा र सु-शासन क्षेत्रमा अध्ययन अनुसन्धानमा संलग्न हुनुहुन्छ।)*


मानवअधिकार तथा सामाजिक न्यायलाई संस्थागत गर्न
संविधानसभा चुनावमा मतदान गरौं
जनआन्दोलनबाट प्राप्त
उपलब्धिको रक्षा गरौं
लोकतन्त्र, शान्ति तथा मानवअधिकार हाम्रो प्रतिबद्धता
email : insec@insec.org.np
Website : www.inseconline.org

## विचार

# राजनीतिक दलको रूपान्तरणको प्रश्न

भदौ २३ गते नवयुवा पुस्ताको आह्वानमा भएको प्रदर्शन र सो प्रदर्शनमा भएको सरकारी दमनको प्रतिक्रिया स्वरूपको भदौ २४ गतेको घटना आधुनिक नेपाली इतिहासको महत्वपूर्ण अध्यायको रूपमा दर्ज भइसकेको छ। जेनजी प्रदर्शन मुख्यत: तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वको मन्त्रिपरिषद्ले सर्वोच्च अदालतको फैसलाको अपव्याख्या गर्दै २६ ओटा सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने निर्णयको विरुद्ध देखिए पनि सो प्रदर्शन वि.सं. २०४६ सालमा बहुदल आगमन पश्चात् नेपाली राजनीतिमा देखिएको भ्रष्टाचार, बेथिति, राजनीतिक अवसरवाद, कर्मचारीतन्त्रको अकर्मण्यता र महँगिएको न्याय सेवाबाट आजित नेपालीहरूको आक्रोशको प्रतिनिधित्व स्वर थियो।



**निशान्त ढुङ्गाना**

भदौ २३ गतेको प्रदर्शन नेपाली राजनीतिका स्थायी सत्ताधारीहरूको लामो समयदेखि निर्वाचनमा प्राप्त मत र सङ्ख्यालाई आधार देखाएर खेलिरहेको शक्ति र शक्तिको म्युजिकल चेयर विरुद्धको प्रदर्शन थियो। भदौ २३ अगाडिको राजनीतिलाई खबरदारी र जबाफदेही बनाउन युवाहरूले थालेको प्रदर्शनलाई सरकारी संयन्त्रले गम्भीरता साथ ग्रहण गर्न असमर्थ भयो। प्रदर्शनरत निहत्था युवा प्रदर्शनकारीमाथि निर्मम दमन गरेरै समयको आवाजलाई कमजोर बनाउन सकिन्छ भन्ने तानाशाही सोचले प्रदर्शनलाई आक्रामक बनायो। जसले नेपाली राजनीतिको यथास्थितिवादको धारालाई अन्य दिशातर्फ मोड्न प्रेरित गऱ्यो। नेपाली युवाहरूले लामो समयदेखि नेपाली राजनीतिले सञ्चार गरेको नैराश्यताको खिलाफमा गरेको जेनजी विद्रोहको नाद वर्तमान समयको सबैभन्दा सुन्दर सङ्गीत हो भन्न अप्ठ्यारो मान्नु पर्दैन। जेनजी विद्रोहले ल्याएको परिणाममाथि चर्चा र परिचर्चा हुने नै छ तर सो प्रदर्शन नेपाली इतिहासको पानीढलो बनिसकेको छ।

जेनजी प्रदर्शनले नेपाली राजनीतिको धारलाई व्यापक रूपले मोडिदिएको छ। जेनजी प्रदर्शन अघि र त्यसपछिको राजनीति एकै ढङ्गले अघि बढ्दैन भन्ने आशा गर्ने पर्याप्त ठाउँ छ। केही स्थापित राष्ट्रिय दलका जिम्मेवार नेता र नेतृत्वले त्यस किसिमको छनक नदेखाए पनि उक्त छनककै विपक्षमा तृणमूल स्तरमा जागरुकता र राजनीतिक बोधको विकास हुनुले राम्रो सङ्केत भने प्रकट गरिरहेको छ। जेनजी प्रदर्शनको कयौँ मागमध्ये प्रमुख माग विकसित र सुदृढ लोकतन्त्र समेत रहेकोले प्रदर्शनले लोकतन्त्रलाई बलियो बनाउन र सुधार गर्न समेत भूमिका खेल्ने नै छ साथै लोकतन्त्रका प्रमुख शक्ति राजनीतिक दलहरूको रूपान्तरणका निम्ति समेत प्रदर्शनले चौडा मार्ग प्रशस्त गरिदिएको छ।

## राजनीतिक दलहरुको रुपान्तरण

नवयुवा प्रदर्शनको कसीमा नेपाली राजनीतिक दलहरूले रूपान्तरणलाई प्रमुख मुद्दा बनाएको सङ्केत त मिलेको छ तर गतियुक्त सङ्केतले सही दिशा समातेको भनेर ठोकुवा गर्ने अवस्था भने हालसम्म देखिएको छैन। रूपान्तरणको सवालमा सर्वप्रथम हाल नेपालमा सक्रिय रहेका राजनीतिक दलहरूको वर्गीकरण गरेर मूल्याङ्कन गर्नु आवश्यक छ। नेपाली कांगेस, नेकपा (एमाले) र नेकपा माओवादी केन्द्रलगायतका दलको तुलना हालै स्थापना भएका राजनीतिक दलहरूसँग गर्नु सही देखिन्न। थप, दक्षिणपन्थी धारको राजनीति गर्ने कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायतका दलको रूपान्तरण र बामपन्थी धारको राजनीति गर्ने पार्टीहरूको रूपान्तरण प्रक्रिया र परिणाम फरक हुनु स्वाभाविक हो। राजनीतिक दलहरूको कार्यकर्ता तथा विचार समेत एकअर्का भन्दा फरक हुने भएकोले रूपान्तरण प्रक्रियामा पनि फरक आउने निश्चित नै छ। तथापि साङ्गो-पाङ्गो परिदृश्यको मूल्याङ्कन गर्दा राजनीतिक दलहरूको रूपान्तरणको मुख्यबिन्दु निम्न विषय हुनुपर्ने देखिन्छ।

नेपालमा नेपाली कांग्रेसजस्ता दलले आफूलाई (मास बेस्ड) पार्टी भएको दावी गर्छ भने नेपालका अधिकांश कम्युनिस्ट पार्टीले आफूहरू (क्याडर बेस्ड) पार्टी रहेको स्वीकार गर्छन्। यद्यपि, कम्युनिस्ट पार्टीजस्ता चुनिएका कार्यकर्ताहरूबाट नेतृत्व चयन हुने निर्वाचन प्रणाली र क्षेत्रगत दलीय सङ्गठनले कांग्रेसलाई समेत साङ्गठनिक रूपमा कम्युनिस्ट पार्टीहरूकै लहरमा उभ्याएको छ। निर्वाचनमा आफ्नो मत आफूलाई मनपर्ने उम्मेदवारलाई मत दिनु सार्वभौम सम्पन्न जनताको अधिकारको विषय हो। त्यस्तै, आफू आबद्ध राजनीतिक दलको नेतृत्वमा आफूलाई मनपर्ने नेतालाई देख्न पाउनु पर्ने दलका कार्यकर्ताको क्षेत्राधिकार विषय हो भन्ने तर्क गर्न सकिन्छ, तर राजनीतिक दल समाजको बृहत्तर हितका लागि निर्माण र क्रियाशील हुने भएकोले जुनै पनि राजनीतिक दलको आन्तरिक नेतृत्वको विषय समाजको चासोको विषय हुने नै देखिन्छ। जेनजी पुस्ताका युवाहरूले वर्तमानमा सक्रिय राजनीतिक दलका नेताहरूलाई विश्वास गर्न नसक्नुको प्रमुख कारण दलको नेतृत्व र नेतृत्वतहमा पटक-पटक पुनरावृत्ति हुने उही अनुहारको राजनीतिक सक्रियता समेत हो। झन्डै ८०-८५ वर्ष पुरानो राजनीतिक दलमा ७० देखि ८० वर्ष सम्मका वृद्धहरू नेतृत्वमा रहँदा त्यसले युवाहरूलाई राजनीतिप्रति निराश बनाउनु स्वाभाविक हो। अझ पार्टीको आन्तरिक निर्वाचन होस् वा संसदीय निर्वाचनमा हार भोग्दा समेत शक्ति र सत्ताबाट छेउ लाग्नु पर्ने पात्रहरूले निरन्तर शक्तिको अभ्यास गर्नु नैतिक दृष्टिले समेत उपयुक्त होइन। तर, त्यस्तो गतिविधि निरन्तरताले राजनीतिलाई कुरूप बनाउन मलजल गरेकै थियो। भदौ २३ पछि राजनीतिक दलको साङ्गठनिक रूपान्तरणका रूपमा यस विषयमा समेत केन्द्रित हुनु जरुरी छ। अझ, चानचुन ७२ वर्ष औसत आयु भएको देशमा ७० वर्षभन्दा अधिक उमेरका व्यक्तिहरूले दलको नेतृत्व गरिरहनु शोभनीय विषय होइन।

साङ्गठनिक रूपान्तरणको अर्को महत्वपूर्ण विषय अब राजनीतिक दलले औपचारिक अध्ययन गरेका, सक्रिय उमेरका र विवादमा नपरेका व्यक्तिलाई नेतृत्व तहमा ल्याउन जरुरी देखिन्छ। जसले युवा पुस्तासँग चलनचल्तीको भाषामा संवाद गर्न सक्ने



*इन्सेकले २०८२ असोज २४ गते गरको अन्तरक्रिया कार्यक्रमका सहभागीहरू*

सामर्थ्य राख्दछ। युवाहरूसँगको संवादले मात्रै भदौ २३ को प्रदर्शनलाई सही दिशानिर्देश गर्ने ल्याकत राख्दछ।

## रुपान्तरणमा निर्वाचनको भूमिका

भदौ २३ को प्रदर्शन र प्रदर्शनको बलले निर्मित प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले ०८२ फागुन २१ गते चुनाव घोषणा गरेसँगै निर्वाचन आयोगमा दल दर्ता गर्ने कार्य सम्पन्न भएको छ। निर्वाचन आयोगमा थुप्रै नयाँ दल दर्ता भएका छन् भने चुनावको घोषणा भए पश्चात नेपाली कांग्रेसले महाधिवेशनको विषय व्यापक छलफल गरेर, एमालेले महाधिवेशनको मिति घोषणा गरेर तयारी सुरु गरेका छन्। अर्को, प्रमुख पार्टी नेकपा माओवादी केन्द्रले नेकपा एकीकृत समाजवादी लगायतको दलसँग एकता गरेर नेपाली कम्युनिस्ट पार्टीको निर्माण गरेको छ। विघटित संसदमा चौथौ ठूलो दल रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वापा) ले पनि विवेकशील साझा पार्टीसँग एकीकरण गरेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी यथास्थितिमा र मधेशवादी दलहरू मोर्चा बनाएर निर्वाचनमा जाने तयारीमा छन्। गत निर्वाचनबाट स्थापित राजनीतिक दलहरू मध्ये प्रदर्शनले खोजेको रूपान्तरणको अवसर हाल महाधिवेशनमा जान लागेको कांग्रेस र एमालेमा सम्भव देखिए पनि सो सम्भावना एकदमै झिनो देखिन्छ। दुवै दलमा पुरानै अनुहारहरू नेतृत्वमा हाबी हुने सम्भावना छ। जुन जेनजी प्रदर्शनको स्पष्ट मर्म विपरीत देखिन्छ। बदलिएको परिवेशमा रूपान्तरणको खाका निर्माण गर्नुको साटो पुरानै ढिपी अनुसार दलहरू अघि बढे प्रदर्शनले अर्कै विकल्प खोज्ने निश्चित छ।

नेपालका राजनीतिक दलहरूको साङ्गठनिक रूपान्तरणको सवालमा महत्वपूर्ण रूपले दलको टिकट वितरण र समानुपातिक निर्वाचन सूची निर्माण प्रक्रियाको सुधारमा प्रश्न उठाएर गर्न सक्ने देखिन्छ। जित्न सक्ने उम्मेदवार भन्दै समाजमा नकारात्मक छवि भएको व्यक्तिलाई

टिकट वितरणदेखि नेतृत्वसँग व्यक्तिगत रूपमा राम्रो सम्बन्ध भएकालाई समानुपातिक सूचीमा राख्नु समावेशी लोकतन्त्रकै उपहास गर्नु हो। राजनीतिलाई सामान्य जनताबाट टाढा पुऱ्याउन यस्ता गतिविधिहरूमा सुधार हुनु अपरिहार्य छ। पार्टीभित्रै टिकट वितरणदेखि समानुपातिक टिकट वितरणमा प्रारम्भिक चुनावको प्रक्रियाबाट यस्ता गतिविधि भएमात्रै दलहरूप्रति जनतामा सकारात्मक छाप पर्ने देखिन्छ।

नेपाली राजनीतिको ठूलो दुःखान्त विचारको नाममा स्थापना भएका राजनीतिक दलहरूमा देखिएको वैचारिक स्खलन पनि हो। नेपाली कांग्रेसले २०४६ सालपछि अर्थतन्त्रलाई उकास्न उदारवादी अर्थनीतिलाई ग्रहण गऱ्यो। तथापि खुलेर आफूलाई उदारवादी भन्न सकेन र नाम मात्रैको समाजवादी भनिरह्यो। कम्युनिस्ट धारका एमाले हुन वा हाल विघटित माओवादी केन्द्र दुवैले आफूलाई कम्युनिस्ट भनिरहे तर पछिल्लो समय कांग्रेसलगायतका दलसँग मिलेर धुपौरे पुँजीवाद (क्रोनी क्यापिटलिज्म) लाई प्रवर्द्धन गर्न भगीरथ प्रयत्न गरिरहे। राष्ट्रिय स्वतन्त्र पार्टीको चुनावी अभियान (नो नट अगेन) भनेर सुरु र सम्पन्न भयो। तर, संसदमा पुग्ने बितिक्कै पुरानो दललाई समर्थन गर्न अग्रसर भइहाल्यो। घोषित राजतन्त्रवादी शक्ति राष्ट्रिय प्रजातन्त्र पार्टीले थोरै राम्रो सङ्ख्यामा सिट जितेर खुलेर गणतन्त्रवादीसँग सरकारमा सहभागिता जनायो। सङ्घीयताका प्रवक्ता बनेका मधेशवादी शक्तिहरू संसदमा पुग्ने बितिक्कै प्रदेशलाई अधिकार सम्पन्न बनाउने अवसर हुँदाहुँदै अधिकार प्रयोजन नगर्ने शक्तिसँग सरकारमा गयो।

माथिको उदाहरणले नेपाली राजनीतिक दलहरूको वैचारिक विचलन र राजनीतिक अवसरवादलाई प्रष्ट पार्न सघाउ पुऱ्याउँछ। एउटा राजनीतिक दलले अर्को दललाई आफ्नो राजनीतिक प्रतिवेदनमा विभिन्न आरोप लगाउँदै आएता पनि सत्ताको साझेदारी गर्ने बेला सबै कुरा बिर्सिने रोगले नेपाली राजनीतिलाई जनताको नजरमा घृणित खेल बनाएको तथ्यलाई दलहरूले बिर्सिनु हुन्न। नवयुयवा पुस्तालाई शिक्षालयबाट प्रदर्शनको मैदानमा पुऱ्याउने यस्ता प्रश्नको प्रष्ट उत्तर नदिएसम्म अबको राजनीति सरल रेखामा अघि बढ्ने देखिन्न। राजनीतिक अवसरवादले नेताहरूलाई जनता भन्दापनि सत्ता साझेदारको स्वार्थ पूर्ति गर्न बाध्य बनाइरहेको थियो। हिजोसम्म सत्तामा रहँदा राजनीतिक अँगालोमा रहने दलहरू भोलिपल्टै अर्को दलसँग औचित्य बेगर आफ्नो सत्ताको आयु बढाउन सहयात्रा गरिरहँदा त्यस्ता गतिविधिले जनतालाई आक्रोशित बनाउने काम गऱ्यो। राजनीतिक अवसरवाद र स्पष्ट वैचारिकताको अभावमा अब राजनीति अघि बढ्दैन भन्ने विषयमा राजनीतिक दलहरू स्पष्ट हुन जरुरी छ।

आगामी निर्वाचनमा राजनीतिक दलहरूले आफ्नो वैचारिकतालाई प्रष्टसँग जनता सामु राख्न असमर्थ भए भदौ २३ पछि पनि पुनः प्रदर्शन विभिन्न स्वरूपमा पुनरावृत्ति हुने सम्भावना जीवित नै रहन्छ। प्रश्नमा घोत्लिएर स्पष्ट उत्तर नआएसम्म रूपान्तरणको दिशामा अघि बढ्न कठिन हुन्छ।

## राजनीतिको आर्थिक रूपान्तरण

दक्षिण एसियाको राजनीति महँगो छ, जसमा नेपाल अपवाद होइन। निर्वाचन

आयोगले निर्वाचनको समयमा उम्मेदवारहरूलाई उम्मेदवारी दिएको पदमा खर्चको सीमा तोक्ने चलन छ जुन श्राद्ध गर्दा बिरालोलाई डोकोमा छोप्नु जस्तै अर्थहीन प्रक्रिया भइसकेको छ। निर्वाचनको क्रममा हुने खर्च, दल र दलका नेताहरूको दैनन्दिन खर्च जुटाउनलाई दलले सरकारी नियुक्ति, ठेक्का र टेन्डरमा आफ्ना मान्छेलाई उपलब्ध गराउने अतिरिक्त सहयोग र त्यस बापतको आर्जनले गरिने राजनीतिले समग्र शासन प्रणालीलाई पङ्गु बनाएको कुरा दलहरूले स्वीकार गरेर सुधार गर्नतर्फ लाग्नु पर्छ।

युरोपको केही देशमा राज्यले राजनीतिक दलले प्राप्त गरेर मतको आधारमा आर्थिक सहायता उपलब्ध गराउने र राजनीतिक दलले आफ्नो निर्वाह उक्त सहयोगबाट चलाउने प्रचलनलाई थप पारदर्शी र परिष्कृत बनाएर हुन्छ अथवा राजनीतिक दलले प्राप्त गर्ने सहयोग औपचारिक आर्थिक कारोबार गर्न मान्यता प्राप्त गरेको संस्थामार्फत गरेर पारदर्शी ढङ्गले दलले आफ्नो वार्षिक आय-व्यय प्रस्तुत गर्ने गरे, त्यसले राजनीतिमा सकारात्मक सन्देश दिने र धनबल नभएका व्यक्तिहरूलाई समेत राजनीतिमा प्रवेश गर्ने समान अवसर उपलब्ध गराउने मौका देखिन्छ जसमा पुरानादेखि नयाँ दलले ध्यान पुऱ्याउनु अत्यावश्यक देखिन्छ।

महँगो राजनीतिले व्यापक जनसहभागिता प्राप्त गर्न सक्दैन। यो अभ्यासले राजनीतिक भ्रष्टाचारजन्य गतिविधिलाई प्रोत्साहन गर्छ जसले राजनीतिलाई सुशासनबाट सदैव दूरीमा राख्छ। जेनजी पुस्ताले उठाएको अन्य मागमध्ये सुशासनको माग सबै भन्दा प्रमुख र महत्वपूर्ण छ। सुशासनको अभावमा सृजित हुने समस्याहरू नेपालको राजनीतिले भोग्दै आएको लामो समय भइसकेको छ। राजनीतिलाई कम खर्चिलो बनाउन राजनीतिक दलहरू अग्रसर भएर जेनजी प्रदर्शनको म्यान्डेट अनुसार रूपान्तरणको मुद्दालाई बलियो बनाउनु एकमत हुनुपर्ने अवस्था छ।

अन्त्यमा, लोकतन्त्रको विकासमा राजनीतिक दलको अपरिहार्य भूमिकालाई वर्तमान समयमा कसैले अवमूल्यन गर्न सक्ने अवस्था छैन। आजको विश्वमा केही सीमित देशहरू छन् जहाँ राजनीतिक दलको नाममा एक दलको आधिपत्य छ र सो स्थानमा जनताको अधिकार सीमित छ। त्यस्ता अधिकांश देशमा कि तानाशाही शासकहरूको शासन छ कि नियन्त्रित लोकतन्त्रको अभ्यास भइरहेको छ। नेपालले सो चरण पार गरिसकेको छ। पञ्चायतको कालरात्रीमा दल खोल्न पाउनु पर्छ भन्दै निर्दलीय व्यवस्थालाई पराजित गरेर अघिल्लो पुस्ताले आफ्नो जिम्मेवारी निर्वाह गरिसकेको छ। तसर्थ, नेपाली लोकतन्त्रको प्रदर्शनमा नेपाली राजनीतिक दलहरूको भूमिका विशिष्ट छ तथापि पुरानो र यथास्थितिवादलाई प्रश्रय दिने ढङ्गबाट भने अब राजनीतिक दलहरू अघि बढ्ने चेष्टा गरे काँचुली फेर्ने बिन्दुमा पुगिसकेको नेपाली राजनीतिले स्थापित दलहरूलाई इतिहासको पानामा सीमित गर्ने निश्चित छ।

*(लेखक ढुङ्गाना पत्रकार हुनुहुन्छ ।)*

विचार

# अन्यायमा भुइँ वर्ग - चुनाव र भोट राजनीतिमा आगामी चुनाव

पछिल्लो समय नेपालमा भएको जेनजी आन्दोलनको असर पक्कै लामो समयसम्म रहिरहनेछ। यो आन्दोलनको क्रममा नवयुवाले अनाहकमा ज्यान गुमाउनु परेको मात्रै होइन, राज्यले नै अकल्पनीय क्षति व्यहोर्नु पऱ्यो। यसले नेपाली अर्थ-राजनीतिमा पनि गहिरो प्रभाप पारेको छ।

जेनजी आन्दोलनले मुलुकको सार्थक रूपान्तरणमा कस्तो योगदान गर्ला ? उनीहरूले उठाएका सुशासनयुक्त व्यवस्था, भ्रष्टचारमुक्त राजनीतिक समाज र नवपुस्ताको आवश्यकता र क्षमताअनुसारको रोजगारीका अवसरहरू सिर्जना होला कि नहोला ? अनि साँच्चिकै भुइँ तहका वर्गको जीवन छुने गरी परिवर्तन आउला या नआउला ? आएमा पनि त्यो संस्थागत होला कि नहोला ? यी कैयन् प्रश्नमा विमर्श जरुरी छ। जसले आगामी मार्ग प्रष्ट पार्न मद्दत पुऱ्याउनेछ। साथै यी बहसहरूले आगामी निर्वाचनमा भुइँ वर्गको मुद्दा उठान, त्यसप्रति राजनीतिक प्रतिवद्धता र चुनावी दस्तावेजीकरणमा अभिलिखित हुन पक्कै मद्दत पुग्नेछ।



विश्वास नेपाली

गत २०८२ भदौ २३ र २४ गते दुई दिन भएको जेनजी पुस्ताको आव्हानपछिको आन्दोलनले नेपाली सत्ता-राजनीतिमा उलटफेर ल्याएको छ। आवधिक निर्वाचनलाई ब्रेक गरी आन्दोलनपछि बनेको अन्तरिम सरकारले संसदको निर्वाचन घोषणा गरिसकेको छ। यो चुनाव विगतजस्तै फगत राजनीतिमा चुनावदेखि चुनावसम्मको लागि मात्रै हुन्छकी, अहिलेको आन्दोलनको रापतापले केही देखिने परिवर्तन पनि आउछ त्यो त हेर्न बाँकी नै छ। यही केन्द्रभागमा रही नेपालका भुइँ वर्ग, यिनीहरूका मुद्दा र आगामी चुनावमा मैदानमा उत्रने दल, तिनका प्रतिनिधिले ध्यान दिनुपर्ने भुइँ वर्गका मुद्दा र तिनका घोषणा पत्रहरूमा अभिलिखित हुनुपर्ने केही विषयलाई यस आलेखमा समेट्ने प्रयत्न गरिएको छ।

जेनजी आन्दोलनलाई हामीले अलिक फराकिलो दृष्ट्रिकोणबाट हेर्न, बुझ्न र बहस गर्न जरुरी छ। यो आन्दोलन शासनसत्ताको पात्र फेरिन मात्र पक्कै भएको होइन भन्ने आम बुझाइ छ र अहिलेको बहसहरू पनि त्यसै सेरोफेरोमा भइरहेका छ। यस आन्दोलनको पृष्ठभूमि, यसबाट सतहमा देखिएका परिवर्तन र यसका आयोजकले उठाएका मूल मुद्दाहरू के थिए त भन्नेतर्फ पनि उत्तिकै ध्यानदिनुपर्ने हुन्छ। तर, हामी यहाँ भुइँ वर्गको कुरा गरिरहेको हुँदा यो जेनजी आन्दोलनपछि यी वर्गलाई के कस्तो प्रभाव पऱ्यो, यी वर्गको किनारामा रहेका मुद्दाहरू के कसरी सतहमा आएका छन् भन्ने विषयलाई पनि हेरौँ।

### भुईं वर्गमा निर्वाचनले पार्ने प्रभाव

नेपालमा मूलतः कृषि श्रमिक, पूर्वबधुवा मजदूर, भूमिहीन, मोही किसान, महिला किसान, साना किसानहरूको

जीवनमा यो आन्दोलनले के फरक पर्ला ? वा परेको छ ? उनीहरूलाई यसले छोला वा नछोला ? यसतर्फ पनि विचार विमर्श जरुरी छ। किनकि यो भुई तहमा रहेका वर्गमा परिवर्तन नआएसम्म हामी 'समृद्ध नेपाल' को कल्पना गर्न सक्दैनौं। किनकी अहिले पनि भुइँ तहमा ठूलो सङ्ख्या छन्, उनीहरूको समस्याहरू वग्रेल्ती छन्।

अझै पनि नेपालको समृद्धिका लागि भूमि सुधार जरुरी छ। यो मुद्दा पुरानो भएको छैन। यी क्षेत्रमा आमूल परिवर्तन जरुरी छ। किनकी यी क्षेत्रले छुने र प्रभाव पार्ने वर्ग-घेरा फराकिलो छ। र जेनजी पुस्ता र त्यसभन्दा केही अघिका युवा पुस्ताहरूले पनि नेपाली समाजका अधिकांश जनसङ्ख्या यी क्षेत्रमा निर्भर रहेको विषय बुझ्नुपर्नेछ।

नेपालमा अहिले पनि अधिकांश परिवार गरिबीमा छन्। भूमिहीनताको जीविकामा छन्। अभावको जीवन बिताइरहेका छन्। यसको एउटा कारण भनेको भूमिको अन्यायपूर्ण वितरण पनि हो। जसले समाजमा हुनेखाने र हुँदाखाने गरी दुई वर्ग जन्माएको छ। हुने वर्गसँग अथाह सम्पत्ति-स्रोत छ भने, नहुने वर्गहरूको जीवन-जीविका कहालीलाग्दो छ। अभाव चर्कदो छ। सुरक्षित आवास छैन। सुरक्षित जीविका छैन। न्यूनतम् मानव अधिकारसमेत प्रत्याभूति हुन सकिरहेको छैन। यसैले यी वर्गले विगतमा राजनीतिक दलहरूले भनेजस्तो नेपाललाई साच्चै समृद्धिको यात्रामा सयर गराउने हो भने, यी भुइँ वर्गको जीवनमा परिवर्तन ल्याउनु पर्छ।

भर्खरै भएको जेनजी आन्दोलन मुलुकमा सुशासन कायम गर्नका थियो। भ्रष्टचार शून्यमा झार्ने दबाबमूलक अभियान थियो। यसैले यतिका ठूला र परिवर्तनका मुद्दा बोकेका नवपुस्तासँग भुइँ तहका वर्गको आशा पनि पक्कै हुने नै भयो। परिवर्तनका लागि लामो सङ्घर्ष र प्रतीक्षा गरिरहेका भुइँ वर्गले नवपुस्तासँग पनि आशा राख्नु स्वाभाविक पनि हो किनकि यसअघिको व्यवस्था र अभ्यास त भोगिसकेकै थिए, जहाँ बोलिन्थ्यो धेरै त, गरिन्नथ्यो केही। यसबाट जनता वाक्क दिक्क भएकै थिए।

नेपालमा भूमि सुधार गरौँ भनेर माग-मुद्दा उठ्दै आएको वर्षौं भयो। यो मुद्दा त ००७ साल सेरोफेरोदेखि नै उठ्दै आएको हो। भूमिहीन, सुकुमबासी र साना किसानलाई 'सुरक्षित घरबास र खेती गर्ने किसानलाई जमिनको स्वामित्व' को सवाल पुरानै हौ। यद्यपि अहिले पनि यो मुद्दा महत्वपूर्ण नै छ। उत्तिकै सान्दर्भिक पनि छ।

भूमि सुधारको विषय नेपालको संविधानले समेत सुनिश्चित गरेको छ। समाजको पिँधमा रहेका दलित समुदायलाई जग्गा र आवास दिने विषय संविधानको मौलिक हकमै ग्यारेण्टी गरिएको विषय हो। यस्तो अवस्थामा संवैधानिक अधिकारलाई बेवास्ता गर्ने परिपाटीले जनताको मन जित्न सकिँदैन भन्ने आन्दोलनपछि बनेको सरकारले बुझ्न सक्नुपर्छ। नवगठित राजनीतिक पार्टीहरूले बुझ्नुपर्छ। जेनजी अनि युवा पुस्ताले पनि बुझ्नुपर्छ आागामी चुनावमा यी मुद्दाहरूले विशेष प्राथमिकता पाउनुपर्छ।

विगत हेरौँ, ००७ सालदेखि यता भुइँ वर्गलाई धेरै आशा बाँडियो। धेरै सपनाहरू देखाइयो। यसबीचमा धेरै चुनाव पनि आयो र गयो। धेरै प्रतिनिधिहरूले भुइँ वर्गको अमूल्य मत लिए, शासन सत्तामा राज गरे त, आजसम्म भूमिहीन परिवार जसले न पेटभर गाँस पाए न त सुरक्षित बास नै पाए। न सिप र क्षमताअनुसार रोजगारी पाए। न सरकारी सुविधाहरू नै पाए, जसबाट जीवन परिवर्तनको महसुस गर्न सकियोस्। बरु उनीहरू जीवनभर भौतारिइरहे। सरकार गुहारे, दल गुहारे। केही गर्लान् नि त भन्ने

आशामा अमूल्य मत पनि दिइराखे। राज्यलाई तिर्नुपर्ने कर पनि दिइराखे। तर, एक टुक्रा सुरक्षित जग्गा पाउने सपना पूरा नहुँदै धेरै अस्ताए। समस्या सकिएन। झन् झन् पुस्तान्तरण हुँदै गयो, आयो। तर आजसम्म पनि यी वर्गको न सुरक्षित बसोबास छ न त उत्पादन गरी खाने जमिन नै। मजदूरी गर्ने ठाउँ पनि छैन। भेट्टाइहाले पनि मजदूरी गरेबापत पेटभर खान पुग्ने ज्याला नै पाउँदैनन्। यही कारण आजकल यिनीहरूका नवपुस्ता विदेशतिर भौतारिन बाध्य छन्, जीविकोपार्जनकै लागि सङ्घर्ष गर्न। मात्र पेट भर्नका लागि। विदेश पुग्दा पनि यी वर्गलाई कठिन परिश्रम गर्नै परेको छ। सहज छैन जीवन-जीविका।

केही महिना पहिले पूर्वीतराईदेखि पश्चिम तराई हुँदै पश्चिम पहाडका केही जिल्ला र गाउँहरू घुमेको थिएँ। यस क्रममा केही भुइँ वर्गका युवाहरूसँग अन्तरक्रिया गर्न अवसर मिल्यो। विदेश जाने भूमिहीन युवाहरूको पीडा पनि सुनिसाध्य छैन। २-३ लाख रुपियाँ एजेन्ट र मेनपावर कम्पनीलाई बुझाएर खाडीमूलक गयो, ऋण लिएर। मजदूरीका काम, मासिक मुस्किलले १५ देखि २० हजार कमाइ हुन्छ। त्यति पैसाले घर खर्च, बालबच्चाको पढाइ, ऋणको किस्ता र ब्याज तिर्नै धौ धौ। भिसा लागेको २ वर्षमा सकिन्छ, सकिएपछि घर आउँदा ऋण बाँकी नै हुन्छ। यसरी ऋणको बोझ पनि भूमिहीन युवाहरूमा थपिँदै गएको छ। अर्थात यही ऋणले जिन्दगीभर तनाव सिर्जना गरिरहन्छ। अझ भारत जाने युवाहरूको कहानीहरू झन् धेरै छन्। पीडाहरू धेरै छन्। पीडाहरूको एउटै गुनासो छ, स्वेदशमा बस्न मन छ तर, अवसर छैन। नेपाली माटोमै केही गरौँ भन्ने चाहना छ, तर माटो (जमिन) को अधिकार छैन, स्वामित्व छैन। पहुँच छैन। राज्यले भुइँ वर्गलाई सुन्दैन।

भूमिहीन बस्तीको पीडा धेरै छ। भूमिहीन युवाको सङ्घर्ष कठिन छ। बेला-बेला यिनीहरूको बस्ती उठीबास लाग्छ। घरबासमा आगलागी गराइ, खरानी बनाइन्छ। बेला-बेला सरकार बुल्डोजर चलाउँछ बस्तीमा। अवको परिवर्तनपछि बस्तीमा डोजर चल्ने होइन, बस्तीलाई उज्यालो बनाउने प्रतिनिधि खोजीरहेका छन्, यिनीहरू। अवको चुनावमा यी विषयमा प्रतिवद्ध नेतृत्व चाहिरहेका छन्, भुइँ वर्ग। जसले बस्ती बचाइदिओस्, जीवनको आडभरोसा दिओस्।

किन कोही यहाँ अथाह स्रोत सम्पन्न छ ? र कोही सर्वहारा छन् ? किन जमिनका नाममा अन्याय छ ? किन भूमिहीन, साना किसान र भुइँ वर्गको पहुँच पुग्न सकिरहेको छैन ? किन उनीहरूका पुस्तौँपुस्ता भुइँ वर्गबाट माथि उठ्न सकिरहेका छैनन ? बिना उत्तरका यी प्रश्न भूमिमा कायम असमानताले सिर्जना गरेका तर लामो समयदेखि उठ्दै आएका छन्। जसलाई मुलुकमा विद्यमान लामो संरचनागत अन्याय हो भन्न सकिन्छ। यी अन्याय र असमानता मेटिने कसरी भन्ने विषय अवको चुनावी ऐजेण्डा हुनपर्छ, अनि मात्रै भुइँ वर्गको मन खुसी हुन्छ। भरोसा बढ्छ, उनीहरूले चाहेका पनि यही छन्।

**निर्वाचन र आश्वासन**

हामी समीक्षा गरौँ न, २००७ सालयताको परिवर्तनपछि आशा नबाँड्ने कुनै दल छैन। सित्तैमा बाँडिने आशाले समृद्धि नल्याउने रहेछ। भुइँ वर्गको समस्या समाधान नहुने रहेछ। भोको पेट नभरिने रहेछ। झुपडीको बास, महलमा परिवर्तन नहुने रहेछ। बालबच्चाको शिक्षा-दिक्षामा सहयोग नपुग्ने रहेछ। असाहय र अशक्तले स्वास्थ्य सेवा नपाउने रहेछन्। बरु यस्तो आशा

बाँड्नेहरूलाई चाहिँ फाइदा हुने रहेछ। उनीहरूले त पद पाउने रहेछन्। सत्ताशीन हुन पाउने रहेछन्। अनेकन अवसरहरू पनि पाउने रहेछन्। विगतको समीक्षा गर्ने हो भने पनि यस्ता उदाहरण प्रशस्तै पाउन सकिन्छ।

यसैले, अहिले मुलुकमा परिवर्तन भएको छ। पूरानाहरूलाई आन्दोलनले केही किनारा लगाएको छ त केहीलाई आत्मसमीक्षा गर्न समय दिएको छ। यसैले यतिबेला मुलुकमा चुनाव घोषणा भएको छ, यो चुनावमा भुइँ वर्गको मुद्दा विशेष रुपले उठोस्। तीनको प्रतिवद्धताहरू भुइँ वर्गलाई माथि उठाउने गरी होस्। तिनीहरूको दस्तावेजहरू अक्षरंश पालना हुने गरि अभिलिखित होस्। जहाँ भुइँ वर्गलाई माथि उठाउने रोड-म्याप स्पष्टै लेखियोस्।

भुँइ वर्ग आजसम्म धेरै झ्क्याउनमै पर्दै आए। सरकारले विगत ३५ वर्षको अवधिमा विभिन्न चरणमा भूमि आयोग बनाउँदै आयो तर ती कुनै पनि आयोगलाई पूरै समय काम गर्न दिइएन। यसबीचमा १९ पटक आयोग बन्यो। साच्चै भन्ने हो भने भूमिहीनको काम यी आयोग वा समितिहरूले गरेनन्। लामो समयदेखि यस्तो भइराख्नु अन्याय हो। किनकि कोही पनि मानिस आफ्नो चाहनाले भूमिहीन हुँदैनन। रहरले भूमिहीन भइराख्नु खोज्दैनन्। यो त कतिपय बाध्यताको उपज हो। भूमिहीन, गरिब, सुकुमबासीबाट मुक्ति नै सबैले खोजीरहेका हुन्छन्। यसैले अवको परिवर्तनपछि, चुनावपछि बन्ने सरकारी स्थायी होस् र त्यो सरकारले एकै पटकमा मुलुकभरका १५ लाखभन्दा बढी भूमिहीन एवं भूमिसँग सम्बन्धित समस्या भएका मानिसहरूलाई न्याय गरोस् भन्ने चाहना सबैको छ। त्यसको लागि चुनावी मैदानमा उत्रत तम्तयार दलहरूले त्यो प्रतिवद्धता पहिले नै गर्नु जरुरी छ। किनकी, अहिलेको परिवर्तनको



***मालपोत कार्यालय रसुवामा धर्नामा बसेका भूमिहीन एवम् बिर्ता पीडित किसान***

आन्दोलनमा मात्र होइन, विगतका यस्तै परिवर्तनको लागि भएको आन्दोलनहरूमा पनि भुइँ वर्गको ठूलो योगदान छ र थियो भन्ने कुरा कसैले भुल्नु हुँदैन।

जसलाई पनि राम्रो खाना, राम्रो घर, राम्रो र सुरक्षित बासको चाहना हुन्छ नै। यसलाई मानवको आधारभूत आवश्यकताभित्रै राख्नुपर्ने हुन्छ। समाजका भूमिहीन, गरिब र किसानहरू भने सधैं भुइँ किनारामै छन्। किनकि विगतमा वास्तविक समुदायको प्रतिनिधि नभएका कारण न भूमि आयोगहरूबाट यी वर्गले सहयोग पाए। नत सरकारबाट नै न्याय पाए। भूमिहीनको पुस्ता-

पुस्ता अन्यायको चक्रब्यूहमा जकडिइरहनु परेको हेक्का भने कसैलाई छैन। यी भुइँ वर्ग अभाव र गरिबीको दृष्चक्रमा रुमलिइराख्नुपरेको छ। बिरामी हुँदा उपचार गर्न सकेका छैनन्। विद्यालय पढाउन खर्च जुटाउन सकिँदैन। बरु खुट्टा टेक्ने भएपछि भारत र विभिन्न खाडी मुलुक पठाउनु बाध्यता भइरहेको छ। अवको परिवर्तनले यी विषय सुनिश्चित गर्नपर्छ भन्ने हो।

भुइँ तहको समस्या हल गर्न नेपालमा एकपटक वैज्ञानिक खालको भूमि सुधार गरी यी वर्गलाई स्रोत सम्पन्न बनाउनु जरुरी छ। भूमिहीन सुकुमबासी, अव्यवस्थित बसोबासी र बधुवा मजदूरका रूपमा रहेका हलिया, हरवा/चरवा, कमैया र कमलरीको समस्या पनि बाँकी नै छ। बर्सेनि जोखिमयुक्त क्षेत्रका बस्तीहरूबाट बिस्थापित र भूमिहीन हुनेहरूको सङ्ख्या पनि बढेकै छ। गाउँब्लक जग्गामा बसोबास गर्ने भूमिहीन, विभिन्न बस्ती बसोबास र फार्मको जग्गामा बसाबोस गर्ने भूमिहीनको समस्या पनि उस्तै छ। अर्कोतर्फ पछिल्लो समय विस्तार भएको राष्ट्रिय निकुञ्ज र राष्ट्रिय वनका कारण पनि भूमिहीन हुने एवं वन/आरक्ष पीडित हुनेको सङ्ख्या पनि उत्तिकै छ। यी सवाल टड्कारोरूपमा छ। यी सबै समस्या समाधानका लागि एकीकृतखालको कानुन र वैज्ञानिकखालको व्यवस्थापन संरचना जरुरी छ। यसका लागि राज्यले एउटा अधिकार सम्पन्न आयोग बनाउने र एकै पटक समस्याको हल खोज्ने विषय अहिलेको निर्वाचनमा पनि उठ्नुपर्छ र प्रतिनिधिहरूले जनतासँग यी विषयलाई समाधान गर्न लिखित-मौखिक प्रतिवद्धता गर्नुपर्छ। यसको माग आफ्नो समुदायमा आउने प्रतिनिधिसँग भुइँ वर्ग स्वयम्ले पनि गर्नुपर्छ।

नवयुवाहरूको ध्यान र प्राथमिकता पहिलो चरणमा भूमिहीन समुदाय, किसान, सीमान्तकृत, भुइँ तहका जनताको समस्या समाधान हुनुपर्छ। जे/जति सकिन्छ, त्यो काम अहिलेकै अन्तरिम सरकारबाट पनि गर्न सुरुवात गर्नुपर्छ। त्यसपछि चुनावी मैदानमा उत्रने दल र तिनका नेतृत्वले पनि यी विषयलाई प्राथमिकतामा राख्नुपर्छ।

भुइँ वर्ग खाली भोटका लागि मात्र जन्मेका होइनन, यिनीहरू पनि यही देशका नागरिक हुन्, यिनीहरूका पनि अरु मानिसका झै अधिकार छ र त्यो अधिकारको रक्षा गर्ने जिम्मेवारी हाम्रो हो भन्ने विश्वास नव-नेतृत्वहरूले दिलाउनु जरुरी छ।

विगतका चुनाव, चुनावदेखि चुनावसम्मका लागि मात्रै बन्दै आए। केही थान प्रतिनिधि राज्य-सत्तामा पुग्नको लागि मात्रै भए। अवको चुनाव यस्तो नहोस्, जसले फेरी पनि केही थान प्रतिनिधिलाई राज्य-सत्तामा पुऱ्योस्, र काम केही नगरोस्। अहिलेको जेनजी आन्दोलन विगतका यस्तै हर्कको कारण जन्मिनएको ज्वाला हो। यस्ता विकृत र विसङ्गति तोड्नको लागि भएको हो। त्यसैले नयाँ पुस्ता, युवा पुस्ता र परिवर्तनको लागि प्रतिवद्ध केही पुराना राजनीतिक-नेता र कार्यकर्ताहरूले भुइँ वर्गलाई विगतजस्तै प्रयोगमात्र होइन की, अव चाहिँ साच्चै उनीहरूको समस्या समाधान गर्ने गरी आफ्नो प्रतिवद्धता दिने, त्यसलाई लिखित दस्तावेज (घोषणा पत्र) मा पनि समेट्नु जरुरी छ र यस्तो गर्न गराउनको लागि भुइँ वर्ग (जनता) ले पनि चनाखो भूमिका खेल्नु उत्तिकै जरुरी छ।

*(लेखक नेपाली भूमि अधिकार अभियन्ता हुनुहुन्छ ।)*

विचार

# सुशासन र सामाजिक न्यायको खोजीमा विश्वका नवयुवाहरू

जेनजी अथवा नवयुवा पुस्ताले विश्वका विभिन्न देशमा गरेका आन्दोलनका पछाडि कयौँ देखिएका र नदेखिएका पात्र र घटना भएका छन्। कतै देखिएका घटना र कतै नदेखिएका पात्रहरू छन् त कतै देखिएका र नदेखिएका पात्र छन्।

यी आन्दोलनहरू मुख्यतया पाँच विषयमा केन्द्रित देखिन्छन्: भ्रष्टाचारको अन्त्य, कानुनी पक्षमा सुधार, केही समयमा माग पुरा गर्ने गरी सरकारसँग सम्झौता गर्न, नीतिको परिमार्जन र सार्वजनिक र जन सुरक्षा।


बरुण बस्याल

जेनजी आन्दोलनलाई कयौँले नयाँ आशाको उपमा दिएका छन् भने कयौँले चेतनाको जात्रा भनेका छन्। युवाहरूको बढ्दो राजनीतिक चिन्तन र चेतना आफैमा महत्वपूर्ण भएता पनि आवश्यक ज्ञान, अनुभव र इतिहासको हस्तान्तरणका सन्दर्भमा पुराना नेता र राजनीतिक दलको उत्तिकै भुमिका रहन्छ।

विश्वमा नव युवा पुस्ताको नेतृत्वमा भएका आन्दोलनहरूको नैतिक जिम्मेवारी र जवाफदेहिता लिने सन्दर्भमा पनि विभिन्न प्रश्न उठेका छन्। नवयुवा पुस्ता आन्दोलनका नेताहरू के नयाँ शक्तिका रूपमा आउँछन् त ?, उनीहरू नयाँ वा पुराना राजनीतिक दलहरूसँग गठबन्धन गर्छन् वा गर्दैनन् ? निवार्चनमा उनीहरू आफै उम्मेद्वार हुन्छन् वा कुनै व्यक्तिलाई सिफारिस र समर्थन गर्छन् ? यी र यस्तै प्रश्नहरू हाल नेपालका हरेक चिया पसलदेखि उच्च पदस्थ व्यक्तिहरूका कार्यकक्षहरूमा सुन्ने गरिन्छ।

**अन्य देशका आन्दोलनहरू**

विश्व युवा विद्रोहको सुरुवात विन्दुका रूपमा अरब स्प्रीङलाई लिइन्छ। सन् २०१० को अन्त्यतिर सुरु भएको यो आन्दोलन विश्वभर लोकतन्त्र समर्थक विद्रोह र विरोध प्रदर्शनको एक श्रृङ्खला थियो, जुन ट्युनिसियाली युवा व्यापारी मोहम्मद बुआजिजीको आत्मदाहबाट सुरु भएको थियो। यो आन्दोलन सामाजिक सञ्जाल मार्फत स्वतन्त्रता, मर्यादा, भ्रष्टाचार र अधिनायकवादी शासनको अन्त्यको माग गर्दै फैलिएको थियो, जसले गर्दा केही सरकारहरू (ट्युनिसिया, इजिप्ट, लिबिया, यमन) को शासन परिवर्तन भए तर गृहयुद्धहरू (सिरिया, लिबिया, यमन) र प्राय: हिंसात्मक, राजनीतिक परिवर्तनहरू पनि भए।

त्यस्तै सन् २०११ र १२ मा चिलिको शिक्षा सुधार, महँगो शुल्क, नेतृत्वमा युवाको न्यून पहुँचका कारण भएको विद्यार्थी आन्दोलनले शिक्षामा व्यापक सुधार ल्याएको र युवाहरू मन्त्री र सांसद बनेको उदाहरण छ।

सन् २०१४ मा हङ्कङ्मा चीनबाट स्वतन्त्र हुन र लोकतन्त्रको मागका लागि

भएको अम्ब्रेला मुभमेन्टमा विद्यार्थीहरूको नेतृत्व थियो। हङकङका विद्यार्थीहरूले लोकतन्त्रका लागि उठाएको आवाज आज विश्वभर चर्चित छ। सन् २०१९ मा हङ्कङ्मा भएको प्रदर्शन विश्वकै युवा नेतृत्व भएको सबैभन्दा लामो आन्दोलनको रूपमा चिनिन्छ।

सन् २०१६ र १७ मा साउथ कोरियामा राष्ट्रपति पार्क ग्यून-हेको भ्रष्टाचारविरुद्ध भएको मैनबत्ती प्रदर्शनमा उल्लेख्य रूपमा नवयुवाहरूको सहभागिता रहेको थियो।

सन् २०१४ देखि २०२० सम्म संयुक्त राज्य अमेरिकामा प्रहरी हिंसा र नस्लीय भेदभावका विरुद्धमा भएको प्रदर्शनलाई संसारकै ठूलो प्रदर्शनका रूपमा लिइन्छ।

सन् २०१९ मा सुडान,अल्जेरिया र लेबनानमा आन्दोलन र सनु २०१९ र २०२० मा इराकमा भएको आन्दोलनले ती देशमा शासकीय सुधारका लागि राज्यलाई बाध्य पारेको थियो। सन् २०२२ मा युवा कै नेतृत्वमा श्रीलंकामा भएको प्रदर्शनले राष्ट्रपति गोताबायाले राजिनामा दिनु बाध्य हुनु पऱ्यो।

इरानमा २०२२ र २०२३ मा, फ्रान्समा २०२३ मा, केन्यामा २०२३ देखि २०२५ सम्म, बङ्गलादेशमा २०२४ मा भएका प्रदर्शनहरूले ती राज्यहरूका नीति र नेतृत्व परिवर्तन गर्न सफल देखिन्छन्।

सन् २०२५ मा माडागास्करमा युवाहरूले गरेको आन्दोलनले सेनाको नेतृत्वमा सत्ता परिवर्तन भयो। मोरोक्कोमा शिक्षा र स्वास्थ्य क्षेत्रको सङ्कट, सार्वजनिक सेवा गिरावट र भ्रष्टाचारका विरुद्धमा सन् २०२५ मा भएको प्रदर्शनले सरकारलाई ती सुधार गर्न बाध्य बनायो।

त्यस्तै सन् २०२५ मा पेरु, इन्डोनेसिया र फिलिपिन्समा समेत राजनीतिक भ्रष्टाचार, सांसदहरूको भत्ता, अपराध, असुरक्षा, राहत कोषको दुरुपयोग लगायतका विषयहरूलाई लिएर नवयुवाहरूको विरोध, विद्रोह र आन्दोलन निरन्तर छ।

पछिल्लो एक दशक भन्दा बढी समयदेखि जेनजी अर्थात नवयुवा पुस्ताले विश्वमा ठूला सडक आन्दोलनहरू गरेको देखिन्छ। इन्टरनेटसँगै हुर्किएका, सामाजिक सञ्जालहरूमा सजिलै सङ्गठित हुनसक्ने, बहस गर्न सक्ने र विरोध र आन्दोलन गर्न सक्ने नवयुवा पुस्ताहरू प्राय: १६ देखि ३० वर्षको उमेर समुहका छन्।

टिकटक, इन्स्टाग्राम, फेसबुक, ट्विटरजस्ता प्लेटफर्महरूले विरोधको सन्देश फैलाउन, भिड जम्मा गर्न, खबर, फोटो, भिडियो साझा गर्न मुख्य भूमिका खेलेका छन्। अर्थात् डिजिटल उपकरणहरूले आन्दोलनलाई कम लागतमा, छिटो, र सुरक्षित तरिकाले विस्तार गरेको छ।

जेनजी आन्दोलन नेता-केन्द्रित हुँदैनन्, संरचना वा औपचारिक सङ्गठन हुँदैन, स्वत:स्फूर्त र सामूहिक रूपमा चल्छन्। यसले सरकारले कसलाई वार्ता बोलाउने भन्ने पनि थाहा नपर्ने जटिल स्थितिको सिर्जना हुने गरेको देखिन्छ।

नवयुवा पुस्ताले धेरै देशमा राज्य र राजनीतिक नेतृत्वप्रति गम्भीर अविश्वास देखाएका छन्। सरकारहरूको पारदर्शिता र जवाफदेहिता, भ्रष्टाचारको अन्त्य, सहज सरकारी सेवा, रोजगारीका अवसरहरूको सिर्जनाका माग राख्दै आन्दोलनहरू भएका छन्।

तत्कालीन शासक वा सरकारले जनताको माग सुन्ने इच्छा नराख्नु, तानाशाही शासकीय पद्धतिलाई निरन्तरता दिन खोज्नु, अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गर्न खोज्नु, सत्ता, स्वामित्व र शक्तिको कल्याणकारी वितरण नगर्नु, आफ्ना आसेपासे र समर्थकहरूलाई राज्यका स्रोत साधनले भरिपूर्ण बनाउनु जस्ता कारणहरूबाट सिर्जित जनवितृष्णाका कारण उनीहरू परम्परागत पार्टी वा नेता का विरुद्धमा सडक आन्दोलनतिर आकर्षित भएका छन्।

नवयुवा पुस्ताहरू बढी बेरोजगार छन्, र धेरैलाई लाग्छ कि आफूले मेहनत गर्दा पनि भविष्य सुरक्षित छैन। उच्च जीवनयापन खर्च, शिक्षामा गुणस्तरीयताको समस्या, र अवसरको कमीले युवाहरूमा निराशा बढेको छ।

एक देशको युवा आन्दोलनले अर्को देशका युवालाई प्रेरित गरेको देखिन्छ। उनीहरूले नारा, विरोधका शैली, कला र प्रतीक एकअर्काबाट सापटी लिन्छन्। यसले “वैश्विक युवा-विद्रोह” जस्तो वातावरण बनाएको छ। नवयुवा पुस्ताहरू मार्फत आन्दोलन भएका देशहरूमा अभिव्यक्ति स्वतन्त्रता वा राजनीतिक अधिकार छिमेकी राष्ट्रभन्दा केही राम्रो थियो। यही कारणले युवाहरूले निडर भएर सडकमा बोल्ने अवसर पाए।

**निष्कर्ष**

सन् २०२१ को अरब स्प्रिङदेखि सन् २०२५ सम्म भएका नवयुवा पुस्ताका आन्दोलनहरूलाई विश्लेषण गर्दा जेन वाइ र जेन जेड पुस्ताका युवाहरू नै राजनीतिक परिवर्तनका मुख्य स्रोत बनेको देखिन्छ।

डिजिटल प्लेटफर्महरू आन्दोलनको मुख्य हतियार बनेका यी आन्दोलनहरूमा भ्रष्टाचारको अन्त्य, जीवनयापन सुधार, रोजगारीका अवसर, लोकतान्त्रिक मुल्य मान्यतामा व्यापक सुधार, राज्यको जवाफदेहिता र सामाजिक सेवा सुधारका विषयहरू मुख्य रहेका छन्।

सबै आन्दोलनहरूको अध्ययनबाट नवयुवा पुस्ता केवल आर्थिक वा राजनीतिक मुद्दाकै कारण सडकमा निस्किएको होइनन्। डिजिटल युगमा हुर्केका, विश्वका आन्दोलनहरूबाट प्रेरित, भविष्यप्रति चिन्तित युवाहरू आज विश्वभर परिवर्तनको माग गरिरहेका छन्। उनीहरू पुरानै तरिकाले चल्ने राजनीतिक प्रणालीलाई चुनौती दिँदै, अधिक पारदर्शिता, जवाफदेहिता, र अवसर खोजिरहेका छन्।

तर, आन्दोलनका परिणाम स्वरूप मानव अधिकार उल्लङ्घनका घटनाहरू (हिंसाजन्य घटना, जीवन जिउन पाउने हकको उल्लङ्घन आदि), सुरक्षा चुनौतीका विषयहरू (हात हतियार लुटपाट, कैदीबन्दीहरू कारागारबाट फरार आदि), अन्तरिम सरकारको वैधानिकता, निवार्चनको सुनिश्चितता माथिका अन्योलहरू, आर्थिक र भौतिक क्षतिहरूले नेपाल जस्ता विकासोन्मुख राष्ट्रको आन्तरिक राजनीतिलाई थप जटिल बनाउन सक्ने र वैदेशिक हस्तक्षेप हुन सक्ने सम्भावना रहन्छ।

पुराना राजनीतिक शक्तिहरूबीच, नयाँ राजनीतिक शक्तिहरूबीच, नयाँ र पुराना राजनीतिक शक्तिहरूबीचको द्वन्द्वले हुने हानिबाट मुलुकलाई बचाउन सबैले भूमिका खेल्न आवश्यक देखिन्छ।

*(लेखक इन्सेक बागमती प्रदेश कार्यलयमा कार्यरत हुनुहुन्छ।)*

विचार

# लोकतन्त्र र कार्यकारी शक्तिको प्रयोगः नेतृत्व चयन र लोकतान्त्रिक अभ्यास

त्रुटिपूर्ण लोकतन्त्रको समाधान त्यसलाई त्याग्नु होइन, अझ प्रभावकारी अभ्यास गर्नु हो। कार्यकारी प्रमुखको प्रत्यक्ष निर्वाचनसम्बन्धी छलफलले नागरिकलाई सक्षम नेता छान्ने अधिकारको चाहनालाई सम्बोधन गर्दछ। यद्यपि यो विधि सरल र सशक्त देखिए पनि, सम्पूर्ण शक्ति एउटै व्यक्तिमा केन्द्रित हुनु लोकतान्त्रिक प्रक्रियाका लागि जोखिमपूर्ण हुन सक्छ।



**गरिमा बिष्ट**

तर, कार्यकारी चयनका दुवै विधि प्रत्यक्ष निर्वाचन र संसदीय नियुक्तिका आ-आफ्ना फाइदा र कमजोरी छन्। सैद्धान्तिक रूपमा बढी लोकतान्त्रिक वा प्रभावकारी देखिने प्रणाली व्यवहारमा देशको हितमा अनिवार्य रूपमा अनुकुल नहुन पनि सक्दछ किनभने त्यसको सफल कार्यान्वयन अनन्तः देशको संस्थागत क्षमता, राजनीतिक संस्कृति र ऐतिहासिक सन्दर्भमा निर्भर हुन्छ।

नव-निर्वाचित संविधान सभाले २०६५ साल जेठ १५ गते नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र राष्ट्र घोषणा गरे पश्चात, २ सय ४० वर्ष लामो राजतन्त्रको अन्त्य भयो। ५ सय ६४ सदस्य उपस्थित रहेको संसदीय मतदानमा ५ सय ६० मत प्रदान गरिएको थियो। फलस्वरूप राजा ज्ञानेन्द्रले असार २९ गते सिंहासन त्यागे र सोही वर्षको साउन ८ गते डा. रामवरण यादव नेपालको पहिलो राष्ट्रपति चयन भए।

यो अवधिमा सरकार र राजनीतिक दलले सामाजिक आन्दोलन र सीमान्तकृत समूहहरूसँग संवाद गर्ने इच्छाशक्ति देखाएका थिए, जसले समानुपातिक प्रतिनिधित्व र संघीयताको अभ्यासलाई बलियो बनायो। यस्तो संयन्त्रले अल्पसङ्ख्यकको आवाज सुन्न मद्धत गर्छ। जुन प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा देखिन सकिँदैन।

आफ्ना संवैधानिक उपलब्धि हुँदाहुँदै पनि, नेपालको लोकतान्त्रिक यात्रा अझै नाजुक र विकासशील छ। राजनीतिक अस्थिरता, बारम्बार सरकार परिवर्तन र गहिरो रूपमा जरा गाडेको सञ्जालले संस्थागत कर्यक्षमताहरूलाई कमजोर पारिरहेका छन्। पार्टीभित्रको लोकतन्त्र र जबाफदेही संस्कृतिको अभावले यस्तो खालीपन सिर्जना गरेको छ। जहाँ व्यक्तिगत महत्वाकाङ्क्षाले सामूहिक शासनलाई प्राय ओगटेको छ।

इतिहासले देखाउँछ कि प्रत्यक्ष निर्वाचित कार्यकारीहरूले लोकतान्त्रिक स्थायित्वलाई जोखिममा पार्न सक्छन्। संयुक्त राज्य अमेरिकाको राष्ट्रपति प्रणालीले पनि त्रुटिपूर्ण कार्य हुन गएको देखिन्छ। कोभिड-१९ महामारीका क्रममा तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्पका एकपक्षीय निर्णयहरूले परेको गम्भीर प्रभाव र राष्ट्रपति जो

बाइडेनको सिरियामा भएका हवाइ आक्रमणजस्ता स्वतन्त्र कार्यहरूले के पनि देखाउँछ भने लोकप्रिय नेताहरूले पनि पर्याप्त परामर्श बिना निर्णय गर्न हुँदैन।

विश्वभर समान उदाहरणहरू पाइन्छन्, जस्तै ट्युनिसियाका राष्ट्रपति काइस साएदले संसद् निलम्बन गरी संविधान पुनर्लेखन गरे र "राष्ट्रपति केन्द्रित" प्रणाली स्थापना गरे। टर्कीका राष्ट्रपति रेचेप तैयप एर्दोगानले पनि शक्ति केन्द्रित गर्दै न्यायिक स्वतन्त्रता कमजोर बनाएका छन्। एल साल्भाडोरका राष्ट्रपति नायिब बुकेले संविधान संशोधन र संसद्मा प्रभाव प्रयोग गरेर कार्यकाल लम्ब्याएका छन्। यी सबैले प्रत्यक्ष निर्वाचन प्रणालीले अधिनायकवादतर्फ धकेल्ने जोखिम देखाउँछन्।

प्रत्यक्ष निर्वाचित कार्यकारी प्राय: "जनताको जनादेश" बाट आफ्नो वैधता प्राप्त गर्छन्, जसले लोकतन्त्र र जनप्रियतावादबीचको रेखा सजिलै धमिलो पार्न सक्छ। नेताहरूले आफूलाई पूर्ण रूपमा "जनताको प्रतिनिधि" भएको दाबी गर्छन् र संस्थागत सीमालाई जनादेशको अवरोधका रूपमा हेर्छन्। समयसँगै यस दृष्टिकोणले न्यायिक र संसदीय स्वतन्त्रतालाई कमजोर पार्दछ र असहमति वा नियन्त्रणलाई अविश्वास वा असन्तुष्टि भनेर चित्रण गर्छ। ल्याटिन अमेरिकाको अनुभवले पनि यसको स्पष्ट उदाहरण दिन सक्छ, जस्तै भेनेजुएलाका हूगो चाभेज वा ब्राजिलका जाइर बोल्सोनारो जो प्रारम्भमा शासन-विरोधी प्रतिज्ञा लिएर उठे तर पछि जनसत्ताको नाममा संस्थाहरूलाई कमजोर बनाए। यस्ता घटनाहरूले देखाउँछन् कि लोकतन्त्रको शक्ति केवल जनादेशको प्रत्यक्षतामा होइन, यसको संस्थागत सुरक्षा संरचनाको दृढतामा निर्भर गर्दछ।

**संसदीय प्रणाली र शक्ति नियन्त्रण**

संसदीय प्रणाली पूर्ण रूपमा निर्दोष नभए पनि यसले शक्ति प्रभावकारी रूपमा वितरण गर्दछ। कार्यकारी प्रमुख संसदप्रति जिम्मेवार हुन्छन्, जसले गठबन्धन शासन, अल्पसङ्ख्यक प्रतिनिधित्व र समानुपातिक निर्णय प्रक्रियालाई प्रोत्साहन गर्दछ। यसले एकल निर्णयका कारण हुने नीति त्रुटि र भ्रष्टाचारको जोखिम घटाउँछ।

तर, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा भने कार्यकारी प्रमुखले अत्यधिक शक्ति प्रयोग गर्न सक्छन्। साँघुरो बहुमतले पनि पूर्ण कार्यकारी अधिकार पाउन सक्छ, जसले विपक्षी दलहरूलाई कमजोर बनाउँछ र निर्णय प्रक्रियालाई केन्द्रीयकृत गर्छ। प्रायोगिक प्रमाणले कार्यकारी चयनको विधि र भ्रष्टाचारको स्तरबीच स्पष्ट सम्बन्ध रहेको देखाउँछ। ट्रान्सपेरेन्सी इन्टरनेशनलको करप्शन पर्सेप्सन इन्डेक्सको विश्लेषणले प्रत्यक्ष रूपमा निर्वाचित कार्यकारी प्रमुख भएका देशहरूमा सामान्यत: संसदबाट चयन गरिएका कार्यकारी प्रमुख भएका देशहरूभन्दा भ्रष्टाचार दर बढी रहेको देखाएको छ। यो प्रवृत्तिका बारेमा विश्व बैंकले तयार पारिएको आीर्थक तथ्यांकद्वारा समेत पुष्टि गरिएको छ, जसअनुसार संसदबाट चयन गरिएका कार्यकारी प्रमुख भएका देशहरूले तुलनात्मक रूपमा बलियो आर्थिक प्रदर्शन देखाउने गर्छन्। यी निष्कर्षहरूले कार्यकारी चयनको संरचनाले शासन प्रणाली र आर्थिक परिणामहरूमा प्रत्यक्ष प्रभाव पार्ने संकेत गर्दछन्।

उदाहरणका लागि, संसदात्मक प्रणाली भएका देशहरू मध्ये डेनमार्कको उपभोक्ता मूल्य सूचकाङ्क २०२४ अङ्क ९० छ र उसको कूल ग्राहस्थ उत्पादन वृद्धि

दर १.११ प्रतिशत छ। क्यानडा र जर्मनी दुवैको उपभोक्ता मूल्य सूचकाङ्क अङ्क ७५ छ, जसमा क्रमश: कूल ग्राहस्थ उत्पादन वृद्धि दर १.४ प्रतशित र ०.९ प्रतिशत छ। बेलायतको उपभोक्ता मूल्य सूचकाङ्क ७१ छ र कूल ग्राहस्थ उत्पादन वृद्धि दर ०.७ प्रतिशत छ, भने भारत, जुन संसदात्मक प्रणालीमा आधारित छ, यसको उपभोक्ता मूल्य सूचकाङ्क ३८ मात्र भए पनि तुलनात्मक रूपमा उच्च कूल ग्राहस्थ उत्पादन वृद्धि दर ६.१ प्रतिशत छ।

यसको विपरीत, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख भएका देशहरूमा प्राय: उपभोक्ता मूल्य सूचकाङ्क कम देखिन्छ। संयुक्त राज्य अमेरिकाको उपभोक्ता मूल्य सूचकाङ्क ६७ छ र कूल ग्राहस्थ उत्पादन वृद्धि दर २.१ प्रतिशत छ। फिलिपिन्सको उपभोक्ता मूल्य सूचकाङ्क ३३ छ र वृद्धि दर ६.१ प्रतिशत छ। रुसको मूल्य सूचकाङ्क २२ छ र कूल ग्राहस्थ उत्पादन २.० प्रतिशतले सङ्कुचित भएको छ। मेक्सिकोको मूल्य सूचकाङ्क अङ्क ३५ छ र कूल ग्राहस्थ उत्पादन वृद्धि दर ३.० प्रतिशत छ, जबकि ब्राजिलको उपभोक्ता मूल्य सूचकाङ्क ३८ छ र वृद्धि दर १.० प्रतिशत रहेको छ।

यी तुलनात्मक तथ्यांकहरूका आधारमा विश्लेषण गर्दा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख भएका देशहरूले प्राय: अत्यधिक भ्रष्टाचार र कमजोर संस्थागत जवाफदेहिता सामना गर्नु पर्दछ। यस्ता प्रणालीहरूले नागरिकहरूलाई नेतृत्व चयनमा बढी सशक्त बनाउने जस्तो देखिए पनि, सारा शक्ति एक व्यक्तिमा केन्द्रित हुँदा लोकतान्त्रिक अखण्डताको मुख्य आधार, जाँच र सन्तुलन कमजोर पर्न सक्छ। प्रत्यक्ष निर्वाचित कार्यकारीले सधैं राम्रो शासन सुनिश्चित गर्दैन, बरु, बलियो संस्थागत संरचना बिना यस्तो प्रणालीले जनप्रियतावाद बढाउने, संसदीय निगरानी कमजोर पार्ने, र कार्यकारी सत्ताको दुरुपयोगको जोखिम बढाउने सम्भावना हुन्छ। यसको विपरीत, संसदात्मक प्रणालीले अधिकार बाँडफाँड गर्ने र गठबन्धनमा आधारित शासनलाई प्रोत्साहन दिने भएकाले पारदर्शिता, नीतिगत निरन्तरता, र संस्थागत स्थायित्व जस्ता तत्वहरूलाई सुदृढ बनाउँछ, जुन दीर्घकालीन लोकतान्त्रिक र आर्थिक सहनशीलताका लागि अत्यावश्यक छन्।

संसदीय प्रणालीहरू प्राय: त्यस्ता समाजभित्र स्थापित हुन्छन् जहाँ कानुनको शासन, प्रशासनिक पेशागत क्षमता, र नागरिक सहभागितामा जोड दिइन्छ। यसको विपरीत, राष्ट्रपतीय प्रणालीमा संस्थागत सीमाहरूको अभावले व्यक्तिगत प्रभावलाई बढाउन सक्छ। यहाँसम्म कि संयुक्त राज्य अमेरिका, एक विकसित लोकतन्त्र ध्रुवीकरण र कार्यकारी अधिकारको दुरुपयोगका चुनौतीहरू सामना गर्दैछ। यसले के देखाउँछ भने केवल निर्वाचन प्रणालीले होइन, संस्थागत सुरक्षा संरचनाले पनि लोकतान्त्रिक गुणस्तरको रक्षा गर्दछ।

नेपालजस्ता उदाउँदो लोकतन्त्रका लागि, शक्तिको बाँडफाँड केवल प्रक्रियागत विषय होइन, बरु शान्ति र समावेशीताको आधार संसदीय प्रणाली संवाद, गठबन्धन निर्माण र समझदारीलाई प्रोत्साहित गर्छ। जसले कुनै एक जातीय, क्षेत्रीय वा राजनीतिक समूहको प्रभुत्व रोक्न मद्दत गर्दछ। जटिल सामाजिक संरचना भएका देशहरू जस्तै नेपालको विविध भाषिक र सांस्कृतिक परिप्रेक्षमा संसदीय संरचनाले अल्पसङ्ख्यक आवाजलाई निर्णय प्रक्रियामा प्रतिनिधित्व

सुनिश्चित गर्दछ। यस विपरीत, प्रत्यक्ष कार्यकारी निर्वाचनले जातीय वा क्षेत्रीय विभाजनलाई बढाउन सक्छ, राष्ट्रिय चुनावलाई "विजेता सर्वस्वी प्रणाली" प्रतियोगितामा परिणत गर्दै समाजलाई ध्रुवीकरण गर्न सक्छ। त्यसैले, अधिकारको वितरणले मात्र तानाशाही प्रवृत्तिबाट जोगाउँदैन, बरु सामाजिक सद्भाव र सहभागी शासनलाई पनि सुदृढ पार्दछ।

नेपालको संविधानले प्रधानमन्त्रीलाई संसदीय बहुमतका आधारमा नियुक्त गर्ने व्यवस्था गरेको छ। कुनै दलले बहुमत नपाएमा गठबन्धन वा अल्पमत सरकार बन्न सक्छ, वा पुन: निर्वाचन गराउन सकिन्छ। संविधानमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको प्रावधान छैन, र यस्तो प्रणाली ल्याउन दुई-तिहाइ बहुमतसहितको संशोधन आवश्यक हुन्छ। गत भदौ २३ र २४ को आन्दोलनको मूल माग "भ्रष्टाचारको अन्त्य" थियो। तर, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीले यस्तो ग्यारेन्टी दिन्छ भन्ने सुनिश्चित छैन। आर्थिक अनुभवले पनि देखाएको छ कि संसदीय संरचना अपनाएका धेरै देशहरू स्थायित्व, पारदर्शिता, र उत्तरदायित्वका मामिलामा अघि छन्। त्यसैले, केवल "दृढ नेतृत्व" को आकर्षणमा परी प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्षमा उभिँदा, आन्दोलनले जोड दिएको मुख्य लक्ष्य, भ्रष्टाचार अन्त्य, पारदर्शिता, र संस्थागत सुधार उल्टै कमजोर पर्ने खतरा रहन्छ।

नेपालमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको माग मुख्यत: राजनीतिक सुस्तता र भ्रष्टाचारप्रति जनताको निराशाबाट उत्पन्न भएको हो। नागरिकहरूले प्रत्यक्ष निर्वाचनलाई दलभित्रको द्वन्द्वलाई बेवास्ता गरी निर्णायक नेतृत्व स्थापना गर्ने उपायका रूपमा हेर्छन्। तर, यस दृष्टिकोणले भ्रष्टाचारका प्रणालीगत कारणहरू, कमजोर कार्यान्वयन र पैठारीमा आधारित राजनीतिलाई बेवास्ता गर्दछ। केवल कार्यकारी चयनको तरिका परिवर्तन गर्नुले यी समस्याहरू हटदैन। बरु, यसले संस्थागत परिपक्वता नभएको प्रणालीमा शक्ति केन्द्रित गर्ने जोखिम बढाउँछ। नेपालको राजनीतिक मार्गले देखाउँछ कि लोकतान्त्रिक अभ्यासलाई गहिरो बनाउने अभियान वित्तमा पारदर्शिता, पार्टी सुधार, र स्वतन्त्र सञ्चार माध्यमले संवैधानिक सुधारभन्दा बढी प्रभावकारी जवाफदेहिता सुनिश्चित गर्न सक्छ।

लोकतन्त्रको शक्ति यसको आफैं सुधार गर्न सक्ने क्षमतामा निहित छ, जसमा सहभागिता, पारदर्शिता र संस्थागत लचिलोपनको भूमिका हुन्छ। नेपालको राजतन्त्रबाट सङ्घीय गणराज्यतर्फको प्रगतिले के देखाउँछ भने रूपान्तरणकारी परिवर्तन लोकतान्त्रिक माध्यमबाट सम्भव छ, बाह्य उपायबाट होइन। प्रत्यक्ष र संसदीय कार्यकारी चयनको बहस मूलत: विश्वासको बहस हो। नेपालको लागि अघि बढ्ने बाटो लोकतन्त्रलाई पुन: आविष्कार गर्नेमा होइन, यसको अभ्यासलाई परिष्कृत गर्नेमा छ-संस्थाहरूलाई सुदृढ पार्दै, स्थानीय शासनलाई सशक्त पार्दै, र नागरिक चेतनाको अभिवृद्धि गर्दै। लोकतान्त्रिक अभ्यास गर्ने, त्याग्ने होइन, भन्ने नै परिपक्व गणतन्त्रको साँचो परीक्षा हो ।

*(लेखक इन्सेक केन्द्रीय कार्यालयमा कार्यरत हुनुहुन्छ ।)*

# नेपालमा नवयुवा पुस्ताको आन्दोलन, 'दण्डहीनता' र मानव अधिकारको भविष्य



दिवाकर उप्रेती

नेपालको सामाजिक-राजनीतिक इतिहास सधैँ परिवर्तनका लागि भएका ठूला आन्दोलन र क्रान्तिहरूले भरिएको छ। वि.सं. २००७, २०४६, २०६३ र २०७२ को आन्दोलन र क्रान्तिले मुलुकमा युगान्तकारी व्यवस्था परिवर्तनहरू सहित पछिल्लो नेपालको संविधान २०७२ नै पाइयो। यी परिवर्तनहरूले मानव अधिकार र लोकतन्त्रका आधारभूत स्तम्भहरूलाई संवैधानिक रूपमा स्थापित समेत गरे। संविधानले नागरिकका लागि स्वतन्त्रता, समानता, न्याय र नागरिक सर्वोच्चताको प्रत्याभूति गरेको छ। यद्यपी, यी सबै संवैधानिक सुनिश्चितताका बाबजुद पनि नेपालको शासन प्रणालीमा 'दण्डहीनता' रोग बनेर झाङ्गियो। राजनीतिक पहुँच, शक्ति र सत्ताको आडमा मानव अधिकारको खुल्ला रूपमा दुरुपयोग भइरह्यो।

यिनै बेथितिको जगमा खडा भएको हो, जेन-जी आन्दोलन। जेन-जी पुस्ता—अर्थात् सन् १९९७ देखि २०१२ को बीचमा जन्मिएका १३ देखि २८ वर्षका किशोर-किशोरी र युवाहरू हुन्। यो पुस्ता अघिल्लो पुस्ताभन्दा नितान्त फरक छन्। यी पुस्ताहरू डिजिटल प्रविधिको आयाममा हुर्किँदै आएका हुन्। सामाजिक सञ्जाल र डिजिटल स्पेसमा विश्वव्यापी घटनाक्रम देख्न, पढ्ने र विचार निर्माण गर्न पाए र नेपालको परम्परागत राजनीतिको असफलतालाई नजिकबाट समेत नियाले। बढ्दो बेरोजगारी, शिक्षामाथिको राजनीतिकरण र स्वास्थ्यको अवसरमा पहुँचको अभाव, नेताहरूको व्यक्तिगत स्वार्थमा लिप्तता, भ्रष्ट्राचार, नातावाद क्रिपावाद र नेपो-बेबिका अस्वभाविक रहनहन देखेर यो पुस्तामा गहिरो निराशा र आक्रोश पैदा हुँदै गयो।

यसरी लामो समयसम्म राजनीतिक दल र परम्परागत नागरिक समाजको मौनताले ढाकिएको यो आक्रोश अन्ततः २०८२ सालको भदौ २३ मा शान्तिपूर्ण आन्दोलनको दौरान राज्यको तर्फबाट भएको २१ जनाको हत्याले भदौ २४ मा सशक्त विद्रोहको रूपमा सडकमा पोखियो। परम्परागत नेतृत्वविहीन र सामाजिक सञ्जालको बलमा उठेको यो आन्दोलन केवल नेता वा पार्टी फेर्ने मागमा सीमित रहेन। यो विद्रोहले प्रणालीगत असफलता, कुशासन, र 'दण्डहीनता' को जरोमाथि सिधै प्रहार गर्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा गरायो।

**'दण्डहीनता' को चक्रव्यूह**

नेपालको संविधानमा मानव अधिकारको सुनिश्चितता भएता पनि, वास्तविकतामा कार्यान्वयन हुन सकेको छैन। २०७४ यता राजनीतिक र सत्ताको आडमा

मौलाएको 'दण्डहीनता'ले नागरिकका अधिकारहरूलाई लगातार कमजोर र फितलो बनाउँदै लगेको छ। दण्डहीनता केवल कुनै अपराधको सजाय नहुनु मात्र होइन, यो त राज्यका संयन्त्रहरूद्वारा मानव अधिकारको हनन् गर्नेहरूलाई जानाजानी संरक्षण दिने, कानुनको शासनलाई आफ्नो स्वार्थ अनुकूल मोड्न खोज्ने र न्यायिक प्रक्रियालाई राजनीतिले बन्दी बनाउने सुनियोजित कार्य हो। जेन-जी विद्रोहको मुख्य निशानाले यिनै कुराहरूमा गहिरो जरा गाडेको प्रणालीगत दण्डहीनता छ।

नेपाली समाजमा दण्डहीनताको सबैभन्दा पीडादायी अवस्था भनेको न्यायको दोहोरो मापदण्ड हो। 'सानालाई कानून र ठूलालाई चयन' जस्तै बनेको कानुनी संयन्त्रले मानिसलाई आक्रोशित बनायो। हुनत, कानुन सबैका लागि समान हुनुपर्छ भन्ने संवैधानिक सिद्धान्त भएता पनि व्यवहारमा पूर्णतया पहुँच र वर्गमा निर्भर देखिन्थ्यो। जब कुनै विपन्न, सीमान्तकृत वा पहुँचविहीन नागरिकबाट गल्ती वा कसुर हुन्छ, कानुन तत्कालै क्रियाशील हुन्छ। बिना ढिलाइ सजायको भागीदार समेत बनाउँछ।

दण्डहीनताले यहाँ तीन प्रकारले काम गर्छ : पहिलो, मुद्दा कमजोर पार्नु, उच्च राजनीतिक दबाबका कारण अनुसन्धान अधिकारीहरूले प्रमाण जुटाउन नसक्ने गरी मुद्दालाई कमजोर बनाउँछन्। दोस्रो, न्यायिक प्रक्रियामा ढिलाइ र मुद्दालाई वर्षौं वर्षसम्म लम्ब्याइन्छ, जसले गर्दा पीडितले न्यायको आश मार्न बाध्य हुन्छ र प्रमाणहरू कमजोर हुँदै जान्छ। तेस्रो, राजनीतिक माफी र संरक्षणका कारण सरकारले आफ्नो सत्तास्वार्थका लागि आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरूलाई राजनीतिक नियुक्ति दिने, कानुन परिमार्जन गर्दै उन्मुक्ति दिने वा मुद्दा फिर्ता लिनेजस्ता हर्कत गर्छ। *उदाहरणका लागि,* गम्भीर आरोप लागेका कतिपय नेताहरूलाई अदालतमा बयान दिन जाँदा पनि 'सेलिब्रेटी'को जस्तो व्यवहार गरिनु र उस्तै प्रकृतिको अपराधमा सामान्य नागरिकलाई कठोर सजाय हुनुले दण्डहीनतालाई मलजल गरेको स्प्रष्ट बुझ्न सकिन्छ। यसले नेपाली जनताको कानुन र न्याय प्रणालीप्रतिको विश्वासलाई कमजोर र न्याय निरुपणप्रतिको विश्वास खलबलाउने हुन्छ।

**भ्रष्टाचार र कुशासनको असर मानव अधिकारमा**

मानव अधिकारको दुरुपयोग नागरिक तथा राजनीतिक अधिकारको हननमा मात्रैमा सीमित छैन। यसले नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई पनि निर्ममतापूर्वक कुण्ठित गरेको छ। नेपालमा फैलिएको व्यापक भ्रष्टाचार र कुशासनले नागरिकको जीवन जिउने अधिकारलाई सिधा असर पारेको छ। जब सरकारी ढुकुटीको ठूलो हिस्सा नेता र बिचौलियाहरूको स्वार्थमा दुरुपयोग हुन्छ तब राज्यले नागरिकलाई प्रदान गर्नुपर्ने आधारभूत सेवा (शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, रोजगारी)मा लगानी हुन पाउँदैन। गुणस्तरीय स्वास्थ्य सेवा पाउन नसक्दा अति विपन्न नागरिकको अकालमा मृत्यु हुनु, सरकारी अस्पतालमा उपकरण र जनशक्तिको अभाव हुनु र स्वास्थ्य क्षेत्रमा हुने करोडौँको भ्रष्टाचारहरू सबै स्वास्थ्य अधिकारको दुरुपयोग हो।

त्यस्तै सार्वजनिक शिक्षा प्रणाली कमजोर हुँदा विपन्न वर्गका बालबालिका गुणस्तरीय शिक्षा पाउनबाट वञ्चित हुन्छन्। जसले गर्दा उनीहरूको भविष्यको अन्धकार

हुन्छ। शिक्षामा बढ्दो व्यापारिकरण र सार्वजनिक शिक्षाको घट्दो गुणस्तरले हुने अनियमितता र शैक्षिक माफियाको प्रभाव दण्डहीनताको अर्को पाटो हो। रोजगारी नपाएर दैनिक १ हजार ५ सय भन्दा बढी वैदेशिक रोजगारीमा जान बाध्य हुनुपर्दा राज्यले उनीहरूको रोजगारीको अधिकारको रक्षा गर्न सकेको छैन। सहकारीहरूमा भएको ठूलो ठगी र लाखौँ बचतकर्ताको जीवनभरको कमाइ डुब्नुले राज्यको कमजोरी र दण्डहीनताको चरम नमूना दर्शाउँछ। यस्ता घटनामा संलग्न व्यक्तिहरूलाई राजनीतिक शक्तिले संरक्षण दिँदा नागरिकले आफ्नो सम्पत्तिको अधिकार र न्यायको अधिकारबाट वञ्चित हुनुपरेको छ। यी आर्थिक र सामाजिक असुरक्षाहरूले नागरिकको अस्तित्व र आत्मसम्मानमाथि नै गम्भीर चोट पुऱ्याएको छ, जुन मानव अधिकारको मूल मर्म हो।

**विभेद र हिंसामा दण्डहीनताको भूमिका**

नेपाली समाजमा जरा गाडेको जातीय विभेद, लैङ्गिक हिंसा र क्षेत्रीय असमानतालाई दण्डहीनताले थप बल दिएको छ। संविधानले जातीय छुवाछुतलाई अपराध घोषणा गरे पनि, दलित समुदायमाथि हुने हिंसा, अपमान, मिडिया ट्रायल र सामाजिक बहिष्कारका घटनाहरूमा दोषीहरूले प्रायः उन्मुक्ति पाउँछन्। स्थानीयस्तरमा राजनीतिक र सामाजिक दबाबका कारण प्रहरी प्रशासनले मुद्दा दर्ता गर्न नमान्ने वा दबाबमा मिलापत्र गराउने प्रवृत्तिले जातीय विभेदलाई निरन्तरता दिइरहेको छ।

महिलामाथि हुने बलात्कारका घटना, घरेलु हिंसा र यौनजन्य अपराधका घटनामा 'राजनीतिक पहुँच' वा 'सामाजिक प्रतिष्ठा'का कारण दोषीहरूले सजायबाट भाग्न पाउँदा दण्डहीनताले महिलाको सुरक्षा र न्यायको अधिकारलाई उपहास गरेको छ। प्रमाण र पीडितको बयानलाई कमजोर पार्ने सरकारी वकिल र प्रहरीको भूमिकाले दण्डहीनताको चक्रलाई थप मजबुत बनाउँछ।

**नागरिक अधिकारमा नियन्त्रण र सूचनाको दुरुपयोग**

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने अधिकारलाई कुण्ठित गर्ने प्रयास गऱ्यो। सामाजिक सञ्जाल नियमन र दर्ताको नाममा नागरिकको डिजिटल स्पेसमाथि नियन्त्रण गर्ने प्रयास गर्नु मानव अधिकार माथिको नियोजित बन्देज हो। नवयुवा पुस्ताले यही नियन्त्रणको प्रयासलाई आफ्नो आवाज दबाउने षड्यन्त्रका रूपमा लिए। शान्तिपूर्ण प्रदर्शनमा समेत सुरक्षाकर्मीहरूले आवश्यकता भन्दा बढी बल प्रयोग गर्नु, निशस्त्र प्रदर्शनकारीहरूलाई गोली हान्नु, स्वेच्छाचारी रूपमा पक्राउ गरी लामो समयसम्म हिरासतमा राख्नु दण्डहीनताको बलमा राज्यले नागरिकमाथि गर्ने अत्याचार हो। मानव अधिकार उल्लङ्घन गर्ने सुरक्षाकर्मी वा प्रशासनिक अधिकारीमाथि प्रभावकारी कारबाही नहुँदा उनीहरूलाई थप ज्यादती गर्न हौसला मिल्छ, र यसरी दण्डहीनताले गैरजिम्मेवार र निरङ्कुश शासनको आधारशिला खडा गर्छ। जसको ज्वालन्त उदाहरण पछिल्लो जेन-जी आन्दोलनले स्पष्ट गर्छ।

नेपालमा दण्डहीनता एउटा प्रशासनिक वा कानुनी त्रुटि मात्र होइन। यो त राजनीतिक नेतृत्वले आफ्नो सत्ता र स्वार्थको रक्षाका लागि मानव अधिकारको मूल्य र मान्यताहरूलाई जानीबुझी कुल्चिने र न्यायको संस्थागत अपहरण गर्ने

सुनियोजित रणनीति हो। जेन-जी विद्रोह यही शोषणकारी प्रणाली विरुद्धको निर्णायक आवाज बन्यो।

### ह्यासट्यागदेखि सडकसम्म

नेपालमा राजनीतिक परिवर्तनको इतिहासले सदैव आन्दोलनको अनिवार्यतालाई स्थापित गरेको छ, तर २०८२ सालको २३ भदौमा देखिएको नवयुवा पुस्ताले विद्रोहले परम्परागत विरोधका स्वरूपहरूलाई पूर्ण रूपमा बदलिदियो। यो आक्रोश आकस्मिक थिएन। बरु दशकौंदेखि नेपाली युवाले आफ्नो भविष्यमाथि भइरहेको प्रणालीगत अपहरण विरुद्धको सामूहिक असन्तुष्टि थियो। युवाहरूको सपनामाथि कुशासन र दण्डहीनताले हावी हुँदै जाँदा, जेन-जीले सडकमा ओर्लनुलाई केवल विरोध नभई आत्मरक्षाको अन्तिम उपायका रूपमा लियो।

यो विद्रोहको मूल बीज नेपाली समाजको गहिरो संरचनागत समस्यामा हो। एकातर्फ, देशमा प्रजातन्त्र र गणतन्त्रका लागि ठूला-ठूला क्रान्ति भए तर सत्तामा पुगेका नेताहरूले पुरानै नातावाद, कृपावाद र भ्रष्टाचारको चक्रलाई निरन्तरता दिए। कुरा यत्तिमात्रै फरक पर्‍यो की पहिल्यै कुनै एक वंशको हैकम हुन्थ्यो भने अहिले क्षेत्रै पिच्छेका भए। अर्कोतर्फ, उच्च शिक्षा हासिल गरेका युवाहरूका लागि देशमा अवसरका ढोकाहरू बन्दै बनेनन्। उखु किसानहरू, सहकारी पीडितहरू, शिक्षकहरूको चित्कार होस् वा नक्कली भुटानी शरणार्थी, यति ओम्नी, वाइडबडी खरिद प्रकरणजस्ता ठूला भ्रष्टाचार काण्डमा राजनीतिक दलका शीर्ष नेताहरूको संलग्नताले जेन-जी पुस्तालाई आफ्नो भविष्य अन्धकारमय रहेको स्पष्ट सन्देश दियो। उनीहरूले बुझे कि नेताहरू परिवर्तनको संवाहक होइनन् बरु समस्याको कारक हुन्। न्यायको मन्दिरमा समेत शक्ति र पहुँचका आधारमा फैसला हुने दोहोरो मापदण्ड देख्दा कानुनको शासनमाथिको विश्वास गुम्दै गयो।

जेन-जी विद्रोहको सबैभन्दा नवीन र क्रान्तिकारी पक्ष भनेको यसको सङ्गठन र समन्वयमा डिजिटल माध्यमको प्रयोग थियो। यो आन्दोलन कुनै राजनीतिक दलको विद्यार्थी सङ्गठनको नेतृत्वमा वा कुनै शीर्ष नेताको आह्वानमा सुरु भएन। यसको नेतृत्व केही अज्ञात 'डिजिटल एक्टिभिस्ट' र सशक्त ह्यासट्यागहरूले गरिरहेका थिए। आन्दोलनको तयारीबिच नै सरकारले २६ सामाजिक सञ्जालहरू विशेषगरी इन्स्टाग्राम, एक्स(ट्विटर) र फेसबुक जस्ता स्पेस नै बन्द गरिदिँदा जेन-जी आक्रोश बढेर गयो। जसपश्चात, डिस्कर्ड, टिकटक, भाइबरजस्ता सञ्जालहरू जन आक्रोशलाई जोड्ने, सूचना प्रवाह गर्ने, र युवाहरूलाई भौतिक रूपमा भेला गराउने मुख्य मञ्च बन्यो। भ्रष्टाचार र मानव अधिकार हननका घटनाहरू मिडियामा आउनुसँगै सामाजिक सञ्जालमा भाइरल हुन्थ्यो। जसले गर्दा युवाहरूलाई छोटो समयमै देशभर एकैसाथ सडकमा ओर्लने आँट प्रदान गर्‍यो। साथै यो आन्दोलन नेतृत्वविहीन भएकोले परम्परागत दमनका उपायहरूबाट बचाउन मद्दत गर्‍यो किनभने राज्यले कुनै एउटा व्यक्ति वा समूहलाई दोष दिएर सम्पूर्ण विद्रोहलाई मत्थर पार्न सक्ने अवस्था थिएन।

विद्रोहको तात्कालिक उत्प्रेरक भने सरकारले अभिव्यक्ति स्वतन्त्रता माथि नियन्त्रण गर्ने प्रयास गर्नु थियो। सामाजिक सञ्जाल नियमन र दर्ताको नाममा सरकारले 'डिजिटल दमन' गर्ने प्रयास गर्दा जेन-जीले त्यसलाई आफ्नो आवाज दबाउने हतियारको रूपमा बुझे। यही हस्तक्षेप विरुद्धको

प्रतिरोधले आक्रोशको बाँध तोड्यो। आन्दोलनको पहिलो दिनमा नै युवाहरूले शान्तिपूर्ण रूपमा सरकारी निकायहरू नजिक पुग्ने प्रयास गर्दा राज्यले त्यसलाई गम्भीर चुनौतीका रूपमा लियो र सुरक्षाकर्मीहरूले अत्यधिक बल प्रयोग गरे। अश्रुग्यास, रबर गोली, गोली र निर्मम लाठीचार्जको प्रयोगले शान्तिपूर्ण भेला हुने नागरिकको मौलिक अधिकारको ठाडो हनन् गर्‍यो। यसक्रममा दुई हजारबढी युवाहरू घाइते भए र १९ जनाले अनाहकमा ज्यान गुमाउन पुगे।

राज्यको यही निर्मम दमनले आन्दोलनलाई उग्र विद्रोहको रूपमा परिवर्तन गर्‍यो। भदौ २४ गते नेपाली इतिहासमा एक त्रासदीपूर्ण घटनाको रूपमा दर्ता भयो। आक्रोशित र न्यायबाट वञ्चित महसुस गरेको भिडले देशभर सरकारी कार्यालयहरू, राजनीतिक दलका भवनहरू र नेताहरूको निवासमाथि आक्रमण गर्‍यो। सिंहदरबारजस्तो देशको प्रशासनिक केन्द्रमा आगजनी भयो। यो घटनाले जेन-जी विद्रोहलाई 'आक्रोशित विद्रोह' र 'विध्वंस' बीचको नाजुक सीमामा उभ्याइदियो। एकातर्फ, युवाहरू आफ्नो भविष्य र न्यायका लागि सङ्घर्षरत थिए भने अर्कोतर्फ, हिंसा र अराजकताको प्रवेशले आन्दोलनको मूल उद्देश्यलाई धुमिल बनाउने जोखिम पनि बढ्यो। यस अराजकतामा जेलबाट भागेका कैदीहरू र अन्य आपराधिक तत्वहरूको संलग्नताले आन्दोलनको नियन्त्रण र अनुशासनमाथि गम्भीर प्रश्न उठायो।

ह्यासट्यागदेखि सडकसम्मको जेन-जी विद्रोहले नेपाली राजनीतिमा एउटा नयाँ युगको सङ्केत गर्‍यो। यसले परम्परागत नेताहरूलाई स्पष्ट सन्देश दियो कि यो पुस्ता अब दण्डहीनता र कुशासनको भारी बोक्न तयार छैन। यसले बरु प्रणालीगत रूपान्तरण, सुशासन र सबै नागरिकका लागि मानव अधिकारको अक्षरश: कार्यान्वयनको लागि गरिएको निर्णायक पहल थियो।

**डिजिटल स्पेश र नागरिक अधिकारको पुनर्व्याख्या**

डिजिटल प्लेटफर्महरू मार्फत जागेको जेन-जी आन्दोलनको ज्वाला सडकमा सल्किए पनि यसको वैचारिक जग र उर्जाको स्रोत डिजिटल सक्रियता नै थियो। परम्परागत राजनीतिको 'भीड जम्मा गर्ने' शैलीभन्दा फरक, जेन-जीले प्रविधिको प्रयोग गरेर नागरिकको अधिकार र जवाफदेहिताको अवधारणालाई नै पुनर्व्याख्या गरिदिए। यो पुस्ताले नागरिक अधिकारको दायरालाई केवल 'बाँच्न पाउने' वा 'मतदान गर्न पाउने' अधिकारमा मात्र सीमित राखेनन् बरु त्यसलाई मानव अधिकार र 'डिजिटल स्पेसमा आवाज उठाउने स्वतन्त्रता' सम्म विस्तार गर्‍यो।

नवयुवा पुस्ताको डिजिटल सक्रियताको पहिलो सफलता पारदर्शिताको मागमा देखियो। विगतमा राजनीतिक दलहरू र सरकारी निकायहरूले गोप्य राख्दै आएका वा ढाकछोप गर्ने प्रयास गरेका भ्रष्टाचारका मुद्दाहरू (जस्तै: विभिन्न ठेक्कापट्टाको अनियमितता वा सार्वजनिक सेवा प्रवाहमा देखिएका ढिलासुस्ती)लाई युवाहरूले सामाजिक सञ्जालमा 'डिजिटल अडिट' गर्न थाले। सूचनाको हकसम्बन्धी ऐन प्रयोग गर्नुभन्दा पनि छिटो र प्रभावकारी रूपमा उनीहरूले भिडियो, मीम र छोटो पोस्टहरू मार्फत तथ्यहरूलाई तोडमोड नगरी सार्वजनिक बहसको विषय बनाए। यसरी, उनीहरूले परम्परागत सञ्चार माध्यमको नियन्त्रणबाट बाहिर निस्केर सिधै जनतासम्म पुग्ने बाटो खोले। यो शैलीले शासक वर्गलाई

अभूतपूर्व दबाब दियो र जवाफदेहिताबाट भाग्ने सबै छिद्रहरू बन्द गरिदियो।

यो पुस्ताले दण्डहीनता विरोधी अभियानलाई एक नयाँ उचाइ प्रदान गऱ्यो। द्वन्द्वकालका पीडितहरूले वर्षौंदेखि न्यायका लागि गरेको सङ्घर्षलाई पुरानो पुस्ताले 'बिर्सिसकेको' ठाने पनि जेन-जीले इतिहासलाई डिजिटल माध्यमबाट 'रिभाइव' गरे। बेपत्ता पारिएका व्यक्तिका परिवारको कथा होस् वा जातीय विभेदका घटनाहरू, युवाहरूले ह्यासट्याग आन्दोलन मार्फत यी मुद्दाहरूलाई राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय ध्यानमा समेत ल्याए। जब राज्यले कुनै मानव अधिकार हनन्कर्तालाई राजनीतिक संरक्षण दिने प्रयास गर्छ, नवयुवा पुस्ताले तत्कालै डिजिटल प्रतिरोध सिर्जना गर्छन् भन्ने भाष्य नै स्थापित गरिदिए। उनीहरूको यो सङ्गठित र तीव्र प्रतिक्रियाले न्यायको प्रक्रियालाई राजनीतिले अपहरण गर्न खोज्दा तत्कालै सचेत गराउने कार्य गऱ्यो।

डिजिटल सक्रियता मार्फत नवयुवा पुस्ताले नागरिकको अधिकारको दायरालाई फराकिलो बनाउनुपर्ने वकालत गरे। उनीहरूको आन्दोलन केवल भ्रष्टाचार विरोधी मात्र थिएन, यो त गुणस्तरीय शिक्षा, स्वास्थ्य, र सुरक्षित भविष्यलाई मानव अधिकारको अविभाज्य अङ्गको रूपमा स्थापित गर्न खोजे। जब सरकारले सामाजिक सञ्जाल दर्ता वा लाइसेन्सको प्रावधान ल्यायो युवाहरूले यसलाई केवल डिजिटल नियन्त्रणको प्रयासको रूपमा मात्र नभई, 'शान्तिपूर्ण विरोध गर्ने' र 'आफ्नो असन्तुष्टि व्यक्त गर्ने' मौलिक मानव अधिकार माथिको हस्तक्षेपको रूपमा व्याख्या गरे। यसरी, उनीहरूले अभिव्यक्ति स्वतन्त्रताको परिभाषालाई भौतिक सडकबाट डिजिटल स्पेससम्म विस्तार गर्न सफल भए।

नवयुवा पुस्ताको यो विद्रोहले परम्परागत नागरिक समाज र राजनीतिक दलहरूलाई समेत ठूलो चुनौती दियो। वर्षौंदेखि स्थापित मानव अधिकारकर्मी र दलहरूले गर्न नसकेको काम, अर्थात् लाखौं युवाहरूलाई एउटै वैचारिक धरातलमा ल्याउने काम, जेन-जीले डिजिटल एकता मार्फत पूरा गरिदिए। यसले नेपालमा 'नयाँ नागरिक समाज'को उदयको सङ्केत गऱ्यो। जुन कुनै दाता, नेता वा संस्थाको नियन्त्रणभन्दा बाहिर छ। तथापि, यो डिजिटल सक्रियताको आफ्नै चुनौतीहरू पनि छन्। छोटो समयमै फैलिने झुटा सूचनाको जोखिम, भावनात्मक आवेगमा निर्णय लिने प्रवृत्ति र आन्दोलनको अराजकतालाई नियन्त्रण गर्न सक्ने सङ्गठनात्मक संरचनाको अभाव यसका प्रमुख कमजोरी देखिन्छन्। तर, यी कमजोरीका बाबजुद, जेन-जीले डिजिटल शक्ति मार्फत नागरिक अधिकारको पुनर्व्याख्या गर्दै नेपाली राजनीतिमा एक अपरिहार्य शक्ति बनेर स्थापित भएको छ।

**विद्रोहपछिका चुनौतीहरू**

नवयुवा पुस्ताले गरेको प्रदर्शनले तत्काल राजनीतिक नेतृत्वमा नगरिक सरकारको निर्माण गराए पनि, यसले नेपालको राजनीतिक प्रणालीमा रहेका संरचनागत कमजोरीहरूलाई पूर्ण रूपमा हटाउन सकेको छैन। यो आन्दोलनको सबैभन्दा ठूलो चुनौती यसको नेतृत्वविहीन चरित्र नै रह्यो। नेतृत्वविहीनताले आन्दोलनलाई दमनबाट त बचायो तर, यसले आन्दोलनको ऊर्जालाई लामो समयसम्म एकताबद्ध र अनुशासित राख्न सकेको छैन। आक्रोशको ज्वालालाई कसरी ठोस नीतिगत सुधारका लागि दबाब दिने संयन्त्रमा बदल्ने

भन्ने प्रश्न अझै अनुत्तरित छ। आन्दोलनको चरम अवस्थामा देखिएको हिंसा र विध्वंशले आफैँमा मानव अधिकारको प्रश्न खडा गरेको छ। जसले गर्दा राजनीतिक शक्तिको दुरुपयोग गर्ने तत्वहरूले आन्दोलनलाई बदनाम गर्नका लागि प्रयोग गर्न सक्छन्।

अर्को गम्भीर चुनौती भनेको पुरानो राजनीतिक वर्गको पुरानै नेताको पुनर्उत्थान हो। परम्परागत राजनीतिक दलहरू जेन-जीको मागलाई आत्मसात गर्नुको सट्टा विद्रोहलाई 'बाह्य शक्ति' वा 'अराजकतावादी' गतिविधि भन्दै पन्छाउने र पुन: सत्तामा हावी हुने प्रयास गर्न सक्ने देखिन्छ। दण्डहीनताको चक्रलाई भत्काउन आवश्यक पर्ने कानुनी र संवैधानिक सुधार (जस्तै : संक्रमणकालीन न्यायको सही कार्यान्वयन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता निकायको सबलीकरणमा राजनीतिक सहमति जुटाउनु नवयुवा पुस्ताका लागि ठूलो परीक्षा हुनेछ। विद्रोहको ऊर्जालाई सामाजिक सञ्जालको 'ट्रेन्डिङ' बाट निकालेर दिगो राजनीतिको 'एजेन्डा'मा स्थापित गर्न यो पुस्ताले धैर्यता र वैचारिक स्पष्टता कायम राख्नुपर्ने देखिन्छ।

**मानव अधिकार र सुशासनको भावी मार्ग**

नवयुवा पुस्ताको प्रदर्शनले नेपाली समाजलाई अबको दिशा स्पष्ट रूपमा देखाएको छ। यो विद्रोहले नागरिकको अधिकारको परिभाषालाई फराकिलो बनाउनुपर्ने बाध्यता सिर्जना गरेको छ। राज्यले अब केवल राजनीतिक स्वतन्त्रता दिएर मात्र पुग्दैन यसले हरेक नागरिकको 'गरिमामय जीवनको अधिकार'लाई सुनिश्चित गर्नैपर्छ।

**अन्त्यमा**

नेपालमा नवयुवा पुस्ताको प्रदर्शन एक ऐतिहासिक घटना हो। यसले पुरानो राजनीतिक युगको अन्त्यको घोषणा गरेको छ। जसले नेपाली युवा पुस्तामा रहेको उच्च राजनीतिक चेतना, अन्यायप्रतिको शून्य सहनशीलता र डिजिटल प्रविधिको प्रयोग गरी प्रणालीलाई चुनौती दिने साहसलाई उजागर गरेको छ। मानव अधिकारको नियोजित दुरुपयोगले सृजना गरेको दण्डहीनताको चक्रलाई युवाहरूले सडकमा मात्र नभई डिजिटल मैदानमा पनि तोड्न खोजेको भाष्य स्थापित गरेको छ।

यो विद्रोहले स्थापित गरेको सबैभन्दा महत्वपूर्ण सत्य के हो भने, अबका दिनमा राजनीतिक शक्तिले नागरिकका आधारभूत अधिकारहरूलाई कुशासन र भ्रष्टाचारको शिकार बनाउन पाउने छैन। नवयुवा पुस्ताले नेपाली समाजलाई एक पटक फेरि 'सुशासन र न्याय'को मार्गमा फर्किनका लागि बाध्य पारेका छन्। यो चुनौती केवल सत्तामा रहेकाहरूका लागि मात्र होइन, बरु नवयुवा पुस्ता आफैँका लागि पनि हो, की- उनीहरूले यो विद्रोहको उर्जालाई दिगो संस्थागत सुधारमा रूपान्तरण गर्न सक्छन् वा सक्दैनन्। नेपालको मानव अधिकारको भविष्य अब यो डिजिटल पुस्ताको वैचारिक परिपक्वता र सङ्गठनात्मक क्षमतामा निर्भर रहनेछ। दण्डहीनताको अन्त्य र नागरिकको गरिमा स्थापित नभएसम्म यो डिजिटल विद्रोहको ज्वाला बलिरहने निश्चित छ।

*(लेखक उप्रेती युवा अधिकारकर्मी हुनहुन्छ ।)*

# नवयुवा पुस्ताले बुझ्नुपर्ने सङ्घीयताको मर्म : एक विवेचनात्मक अध्ययन



दिवेशकुमार महतो

**भूमिका**

भ्रष्टाचार नियन्त्रण र सुशासनको माग गर्दै गत भदौ २३ र २४ गते नवयुवा पुस्ताले गरेको प्रदर्शनले बहुमतको सरकार ढाल्यो। त्यसपछि बनेको अन्तरिम सरकारले निर्वाचन घोषणा गरेको छ। आन्दोलनपश्चात् विभिन्न समूहहरूले आ-आफ्ना मागहरू अगाडि सार्दै सरकारमाथि दबाब बढाइरहेको देखिन्छ। ती मागहरूमध्ये एक सङ्घीयता खारेजी पनि हो। नवयुवा पुस्ताहरूले राम्रो नियत र राम्रो सोचले आन्दोलन गरे पनि अहिले धमिलो पानीमा माछा मार्ने काम भइरहेको छ, जसले गर्दा बदलिँदो राजनीतिक परिवेश र नेपालको राजनीतिक विमर्शमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको औचित्यमाथि समेत प्रश्न उठाउने र यसलाई कमजोर पार्ने प्रवृत्ति योजनाबद्ध रूपमा बढिरहेको छ। यी र यस्ता आवाजहरू केवल सतही राजनीतिक बहस मात्र होइनन्, यी आवाजहरू दशकौँ लामो सङ्घर्ष र बलिदानमार्फत प्राप्त अधिकारप्रतिको अपमान पनि हो।

नेपालको संविधानले व्यवस्था गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली राज्यमार्फत प्रादेशिक संरचना आफैँमा नयाँ अभ्यास हो। सङ्घीयतालाई राज्य सञ्चालन प्रणालीका रूपमा नेपालले अङ्गीकार गर्नुका पछाडि तीन ओटा कारण रहेको अनुमान गर्न सकिन्छ। पहिलो, नेपालका विविध जातजाति र भौगोलिक क्षेत्रको पहिचानको व्यवस्थापन र विद्यमान सामाजिक, आर्थिक विभेदहरूको निराकरण गर्ने। दोस्रो, नेपालको विकास क्षेत्रीय, समाजिक सांस्कृतिक र आर्थिक हिसाबले न्यायोचित र समातामूलक बनाउने। र, तेस्रो, परम्परादेखि अति केन्द्रिकृत नेपालको राजनीतिक, प्रशासनिक र वित्तीय प्रणालीलाई विकेन्द्रीकृत र सबैभन्दा तल्लो तहसम्म निक्षेपित गर्ने। यसको अन्तर्यमा विभेदविना सबै नागरिकप्रति जबाफदेही हुने लोकतन्त्रलाई संस्थागत गर्ने, शासन प्रणालीलाई जनताको तल्लो तहसम्म पुऱ्याउने र विकासलाई जनता उन्मुख र जनउत्तरदायी बनाउने अभिप्राय छ।

नेपाल जस्तो बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक भएको मुलुकमा सङ्घीयता कस्तो हुनुपर्छ। के - का लागि हुनुपर्छ ? किन हुनुपर्छ ? भन्नेबारे बुझ्नु आवश्यक छ। अझ नवयुवा पुस्ताले सङ्घीयता सहितको समावेशी समानुपातिक प्रणालीबारे बुझ्नु आवश्यक छ। यी विषयहरूमा केन्द्रित भएर सङ्घीयताको अभ्यास, पृष्ठभूमि, कार्यान्यवन पक्षमा देखिएको जटिलता, समस्या र समस्या समाधानका उपायहरू बारे यो लेखमा चर्चा

गर्ने प्रयास गरिएको छ।

पछिल्लो समय केही राजनीतिक शक्ति, बुद्धिजीवी र मूलधारको मिडिया वृत्तबाट 'सङ्घीयता महँगो भयो, प्रदेश सरकारको काम छैन, प्रदेश संरचना अनावश्यक बोझ हो, वा एकात्मक प्रणाली नै ठिक थियो' जस्ता तर्क सुनिन थालेका छन्। तत्कालीन सरकार र राज्यको अकर्मण्यता र संघ सरकारको खराब मनोवृत्ति, यसका कारण हुन्। त्यही कारण आम जनमानसमा समेत सङ्घीयताप्रति असन्तुष्टि पैदा गरेको छ।

कतिपय त प्रदेश सरकारको नामै सुन्न चाहँदैनन्। सङ्घीयता पक्षधर भएर वकालत गर्दा सामाजिक सञ्जालमा गालीको ओइरो लाग्ने गर्छ। तर सयौं नेपालीको बलिदानस्वरूप आएको सङ्घीयताबारे गम्भीरतासँग बुझ्न आवश्यक छ। खासगरी नवयुवा पुस्ताले सङ्घीयता र त्यसको औचित्यमाथि अनुसन्धान र विमर्श गर्न आवश्यक छ। किनकि सङ्घीयता कुनै दल वा नेताको कृपाले आएको होइन। मधेश, जनजाति, दलित, आदिवासी, थारू, मुस्लिम, महिलादेखि उत्पीडित पहाडी समुदायसम्मको सामूहिक प्रतिरोध र बलिदानको संस्थागत प्रतिफल हो ,सङ्घीयता। यसको मर्म बुझ्नु र बुझाउनु आवश्यक छ। साथै राजनीतिक दलहरूलाई इमान्दार, निष्ठावान र सङ्घीयताप्रति पूर्ण बफादार रही जनतामा विश्वास पैदा गर्न जरुरी छ।

**नेपालमा सङ्घीयता**

नेपालको हकमा सङ्घीयता द्वन्द्व र विखण्डनलाई व्यवस्थापन गर्न ल्याइएको हो। शासन सञ्चालनको स्वायत्तता, सहभागिता र जबाफदेहीता पद्धति अन्तर्गत सङ्घीयता एक महत्वपूर्ण आयाम हो। एकात्मक प्रणलीको केन्द्रीयता घटाउने, स-साना राज्य मिलेर सबल राज्य बन्ने चाहना, देशको आवश्यकता र राजनीतिक सहमतिले सङ्घीय शासन प्रणाली विकसित हुँदै आएको पाइन्छ। समग्रमा बुझ्दा शक्ति विकेन्द्रित भई प्रदेश र स्थानीय निकायमा आउनु विकेन्द्रीकरण हो। विकेन्द्रीकरणको वृत्तान्त परिघटना नै सङ्घीयता हो। बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक समाजको हकहित कायम गराउने राज्यको शासन व्यवस्था हो, सङ्घीयता। सीमान्तकृत समुदायको उत्थान तथा पुनर्स्थापनाका लागि प्रशस्त अवसर उपलब्ध गराउने माध्यम पनि हो यो प्रणाली। सङ्घीयताले राजनीतिक पहिचान दिन्छ, व्यक्तिलाई राजनीतिसँग जोड्छ।

सङ्घीयता त्यस्तो शासकीय प्रणाली हो जस अन्तर्गत दुई वा दुई भन्दा बढी तहमा देशको शक्ति, अधिकार, स्रोत साधन र जिम्मेवारी किटान गरिन्छ। एकल अधिकार बाहेकका साझा अधिकारहरूको प्रयोगलाई सहकार्य र समन्वयमा गर्ने प्रबन्ध मिलाइएको हुन्छ। सरकारका सबै तहहरू सहयोगात्मक, सहकार्य, स्वायत्तता र सह-अस्तित्वका आधारमा छुट्टाछुट्टै वा सँगसँगै राज्यका कार्यहरू सम्पादन गर्न गराउन क्रियाशील हुन्छन्। सङ्घीयताको सर्वस्वीकार्य एउटै ढाँचा छैन। यो निरन्तर परिमार्जित र क्रियाशील हुँदै आएको देखिन्छ।

**सङ्घीयताको पृष्ठभूमि**

बहुदल आएलगत्तै २०४७ वैशाखमा गजेन्द्रनारायण सिंहको नेतृत्वमा रहेको नेपाल सद्भावना पार्टीले सबैभन्दा पहिला सङ्घीयताको नारा उठाएको थियो।



*२०८२ भदौ २३ गतेको नवयुवाको विरोध प्रदर्शनमा सञ्चारकर्मी*

माओवादीले पनि सङ्घीयता चाहिन्छ भन्ने परिकल्पना गर्दै आएको थियो। राजा ज्ञानेन्द्रले २०६१ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई हटाई प्रत्यक्ष शासन सत्ता आफ्नै हातमा लिए। राजाको सो कदमले तत्कालीन सात दल र नेकपा माओवादीलाई नजिक तुल्याउन भूमिका खेल्यो।

त्यसपछि निरंकुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय आदि समस्याको समाधान गर्न नेपाल कम्युनिस्ट पार्टी (माओवादी) र सात राजनीतिक दलबीच २०६२ मंसिर ७ गते १२ बुँदे सहमतिको जगमा २०६२/६३ को जनआन्दोलन भएको थियो। सात दल र माओवादीबीच सहमति भई शुरू भएको जनआन्दोलनको प्रतिफलस्वरूप पछिल्लो राजनीतिक परिवर्तन सम्भव भएको थियो। राजा ज्ञानेन्द्रले ०६३ वैशाख ११ गतेको शाही घोषणामा ‘जनताको नासो जनतालाई नै सुम्पेका छौँ’ भन्दै राजगद्दी त्याग गरेका थिए।

जनआन्दोलनको बलमा २०६३ माघ १ गते अन्तरिम संविधान जारी भयो। त्यस संविधानमा सङ्घीयता भन्ने शब्द समावेश नगरेपछि उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरमले माइतीघर मण्डलामा माघ २ गते संविधानको प्रतिलिपि जलायो। त्यसपछि यादव सहितका नेताकार्यकर्तालाई प्रहरीले गिरफ्तार गर्‍यो। सो विषयलाई लिएर तराई-मधेश तात्यो। आन्दोलन शुरू भयो। आन्दोलनका क्रममा २०६३ माघ ५ गतेका दिन सिरहाको लहानमा रमेश महतोले शहादत प्राप्त गरे। उनको शहादतसँगै पूरा आन्दोलनको ज्वालामा प्रज्वलित भयो, मधेश। इतिहासमा यसरी पहिलो पटक मधेशी समुदायले आफ्नो हक अधिकारका लागि विद्रोह गरे। महतोको मृत्यु भएको

भोलिपल्टबाट तराई-मधेशका कुना-कुनामा सशक्त आन्दोलन शुरू भयो। थुप्रै सवारीसाधन जलाइए। आन्दोलनकारीले सडकमा आगो बाल्नेदेखि लिएर हाटबजारका पसल बन्द गराए।

तिनीहरूको माग थियो- 'एक मधेश एक प्रदेश', संघीय संरचना र समावेशी समानुपातिक सिद्धान्त। वर्षौंदेखि पहिचानको लडाईं लडिरहेका मधेशी, जनजाति, आदिवासी, पिछडा वर्ग, थारु, मुस्लिमहरूले मधेश आन्दोलनमा भने आफ्नो रापताप देखाए। राज्यसत्ताले गरेको लामो समय यताको शोषण र विभेदविरुद्ध थियो मधेश आन्दोलन। पहिचान सहितको अधिकारका लागि थियो मधेश आन्दोलन।

मधेश आन्दोलनलाई सम्बोधन गर्दै तत्कालीन सरकारले एकात्मक स्वरूपको सरकारलाई पुनः संरचना गरी सङ्घीय स्वरूप दिने प्रतिबद्धता जनायो। २२ बुँदे सम्झौता भयो। त्यसमा 'नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र देश हुनेछ र स्वायत्त प्रदेशहरू हुनेछन्' भन्ने उल्लेख थियो। यो व्यवस्था अन्तरिम संविधानमा पनि राख्यो र पछि गएर नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान भन्ने घोषणा गरियो। अनि आयो सङ्घीयता। मधेश आन्दोलन नभएको भए आज सङ्घीयता आउने थिएन।

०७२ मा जारी संविधानमा टेकेर सात प्रदेश र सात सय ५३ स्थानीय सरकार बने। अहिले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका अधिकारसमेत संवैधानिक रूपमै बाँडिएको छ।

**सङ्घीयताको सुन्दर पक्ष**

सङ्घीयतालाई समग्रमा हेर्दा समानुपातिक प्रतिनिधित्व, समावेशिता र सहभागितामूलक प्रतिनिधित्व यसको सुन्दर पक्ष हो। पहिले स्थानीय निकायमा महिलाको सहभागिता नगण्य थियो। जनप्रतिनिधिका रूपमा महिलाको उपस्थिति ०४९ मा ०.४८ र ०५४ मा ९.८५ प्रतिशत मात्र थियो। तर, अहिले स्थानीय तहमा महिलाको उपस्थिति एकदमै सुन्दर छ। ०७४ मा ४०.९६ र ०७९ मा ४१.२२ प्रतिशत महिला स्थानीय जनप्रतिनिधिका रूपमा आएका छन्। समृद्ध भनिएका मुलुकमा भन्दा नेपालका स्थानीय तहमा महिलाको सहभागिता राम्रो छ। स्थानीय तहमा महिलाको सहभागिता जापानमा १२.८७, क्यानडामा २६.६०, स्विट्जरल्यान्डमा ३१.१० र डेनमार्कमा ३३ प्रतिशत मात्र रहेको छ। राज्यका हरेक अंग, निकायमा एक तिहाइ महिलाको सहभागिता अनिवार्य गरिएको छ। सङ्घीय संसद् र प्रदेशसभामा कम्तीमा एक तिहाइ महिलाको प्रतिनिधित्व छ। दलित, मधेशी, मुस्लिम, थारू, जनजाति, पछाडि परेका वर्ग, अपाङ्गता भएका व्यक्तिको सहभागिता बढेको छ। यद्यपि, यसमा केही अभ्यास गर्न बाँकी छ।

**निष्कर्ष**

सङ्घीयतालाई पूर्ण रूपमा कार्यान्वयन गर्न सङ्घ सरकारको सकारात्मक भूमिका हुनपर्छ। दुःखको कुरा, हाम्रो सङ्घीयतालाई दुराशयपूर्ण ढङ्गले संविधानमै कमजोर बनाइएको छ। जसलाई अब हुने निर्वाचनको जनादेशमार्फत संशोधन गरी दीर्घकालीन, ठोस र सशक्त बनाउनुपर्छ। प्रदेश मन्त्रीहरूलाई सहज रूपमा काम गर्ने गरी अधिकार दिइनुपर्छ।

संविधानको धारा १६८ को उपधारा

९ मा प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेशसभा सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्यमन्त्रीसहित प्रदेशसभाको कूल सदस्य सङ्ख्याको बीस प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्नेछ भन्ने व्यवस्था छ। तर अब संविधान संशोधन गरेर मन्त्रीको सङ्ख्या १० प्रतिशतमा झार्ने, अतिरिक्त मात्रामा स्वकीय सचिव र सल्लाहकार नराख्ने वा खारेज गर्नेजस्ता सुधार गर्न सकिन्छ।

त्यस्तै, राज्यमन्त्रीको व्यवस्था हटाउनु उचित हुन्छ। सरकार मातहतका निकायहरूमा राजनीतिक समिति र दलबाट नियुक्ति र सिफारिस पनि हटाउने गर्नु आवश्यक छ। प्रतिस्पर्धाका माध्यमबाट नियुक्ति गर्ने कानुनी व्यवस्था गर्नुपर्छ। त्यस्तै, शान्ति सुरक्षा कायम गर्न प्रदेश सरकारको मातहतमा प्रहरी राख्ने व्यवस्था तत्काल मिलाउन आवश्यक छ। स्वीजरल्यान्डमा जस्तै राजनीतिज्ञहरूले पनि आफूलाई पूर्णकालीन नठान्ने अभ्यास गर्नु आवश्यक छ। प्रदेशको सङ्ख्या र आकार पुर्नविचार गर्दा, हालका ७ प्रदेशहरू सबै दृष्टिले समान व्यवहारिक छैनन्। केही ठूलो, केही सानो र केही आर्थिक रूपमा कमजोर छन्। आवश्यकता अनुसार प्रदेशहरूको सङ्ख्या घटाउने वा बढाउने विषयमा पुन: अध्ययन गर्न सकिन्छ। अझै पनि केही प्रदेशहरूमा राजधानी र नामबारे असन्तोष छ। जनताको सुझाव, सांस्कृतिक पहिचान र भौगोलिक सन्तुलनका आधारमा नाम-राजधानी स्थायी बनाउने संवैधानिक प्रक्रिया सरल बनाउनुपर्छ।

प्रदेशहरू भ्रष्टाचारको केन्द्र भएको भन्ने सत्य हो भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट सूक्ष्म रूपमा अनुसन्धान गरी दोषीलाई कारबाही गर्नुपर्छ। भ्रष्टाचारीलाई कारबाही नगरेर त्यसको दोष सङ्घीयतालाई लाउनु उचित होइन। त्यससँगै, हामीले चाल्नुपर्ने अर्को कदम हो- संवैधानिक आयोगका अंगहरूमा राजनीतिक नियुक्ति बन्द गर्ने।

*भारतीय संविधानविद् डाक्टर बिआर अम्बेडकर*को एउटा भनाई छ "कुनै पनि संविधान राम्रो र नराम्रो हुँदैन, तिनीहरू शासकको नियतमा निर्भर हुन्छन्। सबैभन्दा राम्रो लेखिएको संविधान पनि खराब नेताहरूले भ्रष्ट पार्न सक्छन्, जबकि असल मानिसहरू जिम्मेवार भएमा त्रुटिपूर्ण देखिने संविधानलाई जनताको लागि काममा लगाउन सकिन्छ। त्यसकारण, मानव तत्व र तिनीहरूको मनसायले संविधान कसरी काम गर्छ भन्ने कुरामा निर्भर रहन्छ। माथिको भनाइ हाम्रो सन्दर्भमा सुहाउँछ। अर्थात् यहाँ पनि शासन व्यवस्थामा भन्दा शासकको मानसिकता खराब भएर कुरा बिग्रेको हो। सङ्घीयता होइन, सङ्घको मनोवृत्ति खराब भएर सङ्घीयतामाथि प्रश्नहरू उठेका हुन्।

अत: नवयुवा पुस्ताले बिना अनुसन्धान र छलफलका आधारमा 'यो राख्ने, यो फाल्ने' भन्ने होइन। प्रदेश संरचना खारेजीको माग गर्नु केवल राजनीतिक विकल्पको खोजी होइन, हजारौँ शहीदको सपना र उत्पीडित समुदायको अधिकारमाथिको कुठाराघात हो।

*(लेखक महतो काठमाडौं स्कुल अफ ल मा कानुन विषयमा स्नातकोत्तर अध्ययनरत् हुनुहुन्छ)*

## विचार

# मानव अधिकार र युवाको भूमिका

मानव अधिकार नैसर्गिक अधिकार हो। मानव अधिकारको उपभोग र रक्षाबिना राष्ट्रले विकासको बाटोमा अघि बढ्न सक्दैन। मानव अधिकार अन्तर्गत शिक्षा, स्वास्थ्य, रोजगारी, समानता, स्वच्छ वातावरणमा बाँच्ने आदि पर्दछन्। नेपालको संविधानमा मानव अधिकारलाई अत्यन्त महत्वका साथ समावेश गरिएको छ। नेपालको संविधानको, भाग ३ मा 'मौलिक हक तथा कर्तव्य' शीर्षकअन्तर्गत मानव अधिकारहरू समावेश गरिएको छन्। त्यस्तै भाग ४ (राज्यका निर्देशक सिद्धान्त) मा सामाजिक न्याय, समानता र विकास सुनिश्चित गर्ने नीतिमा पनि उल्लेख गरिएको छ।



एलिशा ढुङ्गाना

युवा मानव अधिकारको संवाहक हुन्। आफ्नो अधिकारको रक्षा गर्न, अरूको अधिकारको सम्मान गर्न, समाजमा समानता, न्याय र सम्मानको वातावरण बनाउन युवाले भुमिका खेलेका हुन्छन्। विभिन्न राष्ट्रहरूले फरक फरक उमेर समुहलाई युवा भनेर परिभाषित गरेका छन्। नेपालमा १८ देखि ३५ वर्षको उमेर समुहलाई युवा भनेर परिभाषित गरिएको छ। युवामा परिवर्तन ल्याउने शक्ति, सोच र उत्साह हुन्छ। उनीहरूमा विविध क्षेत्र जस्तै समानता, लैङ्गिक न्याय, जलवायु न्याय आदि बारे बढी चेतना हुन्छ। वर्तमान समय डिजिटल समय हो र युवाहरू यसको प्रमुख प्रयोगकर्ता, त्यसैले मानव अधिकारको सन्देश फैलाउन उनीहरू सक्षम छन्। नेपाल हाल जनसाङ्ख्यिक लाभांशको अवधिमा छ। यसको अर्थ देशको कार्यशील उमेर समूहको जनसङ्ख्याको अनुपात आश्रित जनसङ्ख्याको तुलनामा बढी छ। अहिले १८-३५ को उमेर समूह कुल जनसङ्ख्याको ३० प्रतिशत रहेको छ। यो सुनौलो अवसरलाई उचित प्रयोग गर्न सकेमा देशको आर्थिक, सामाजिक र राजनीतिक विकास सुनिश्चित छ। वर्तमान अवस्थामा देश बनाउने हो भने यो अवस्थालाई सदुपयोग गर्नु अपरिहार्य छ।

गत भदौमा नवयुवा पुस्ताले गरेको प्रदर्शन यही मानव अधिकारको खोजीमा थियो। यो प्रदर्शन रोजगारको, उद्यमशीलताको अधिकारबाट वञ्चित भई वैदेशिक रोजगारका जान बाध्य हुने, विदेशमा पनि कमजोर कुटनीतिको शिकार भई थोरै ज्यालामा खतरनाक काम गर्नुपर्ने, हिंसा भोगेका ती निर्दोष, न्याय खोज्ने युवाको लागि थियो। हरेक दिन नेपालमा मानव अधिकार छ र ? भनेर आभास हुने र कुनै दिन न्याय पाइने आशामा बाँचेकाका लागि यो शान्तिपूर्ण प्रदर्शन थियो। यो शान्तिपूर्ण यस राष्ट्रलाई चिनाउनको लागि थियो, देशमा नै केही गर्न चाहन्छौं, देशमा बस्न चाहन्छौं, गर्न ठाउँ देउ भनेर थियो। त्यस्तै गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको यो समयमा त्यस्तो

शिक्षा नेपालमा नै प्राप्त होस्, बनेका नीति नियमको उचित कार्यान्वयन माग र नीति जनमैत्री होस् भन्नको लागि थियो यो protest आयोजना गरिएको थियो।

युवाहरू मानव अधिकारका भविष्य हुन्। यदि युवाले मानव अधिकारको सम्मान, रक्षा र प्रवर्द्धनमा सक्रिय भुमिका खेल्छन् भने देशमा न्यायपूर्ण, समान र सम्मानजनक समाज निर्माण सम्भव छ। उनीहरू अन्याय, चाहे त्यो घरेलु होस्, राष्ट्रिय स्तरको वा अन्तर्राष्ट्रिय स्तरको, त्यस विरुद्ध बोल्दछन्, किनकि, उनीहरूलाई थाह छ, जहाँ पनि अन्याय हुन्छ, त्यो न्यायको लागि खतरा अवश्य हुन्छ। अन्यायले अपराधबाट बच्न पाउने संस्कृतिको विकास गर्छ, भ्रष्टाचारी, माफियालाई पोषण गर्छ, जसले सम्पूर्ण न्याय प्रणालीलाई कमजोर बनाउँछ र अरू बढी अतिवादी तथा नियम उल्लङ्घनकर्तालाई जन्म र पालनपोषण गर्छ। कुनै पनि ठाउँमा भएको अन्याय, अत्याचार, भ्रष्टाचार र त्यसका विरुद्ध उठेको आवाज, आन्दोलन तथा प्रदर्शनजस्ता कार्यहरूले र त्यहाँबाट आउने परिवर्तनहरूले त्यस ठाउँ लगायत अन्य ठाउँहरूमा पनि असर गरिरहेको हुन्छ।

यस्ता कार्यहरूले विकास गर्ने बाटो खुल्छ भने केही जनधनको क्षति पनि हुन्छ। जसबाट खोसिएको र प्राप्त गर्न नसकेको मानव अधिकार पुन: प्राप्त गर्न सकिन्छ। जस्तै इतिहासमा भएका विभिन्न कालखण्डको अन्याय विरुद्ध आन्दोलनहरू तथा हाल भएको नवयुवा पुस्ताले सुरु गरेको प्रदर्शनबाट आन्दोलनमा परिणत भएको कार्यबाट हुन गएको जनधनको क्षति र त्यसबाट प्राप्त देश निर्माण गर्ने सु-अवसरलाई पनि लिन सकिन्छ। यसरी कुनै एउटा देश तथा गाउँमा आउने विशेष परिवर्तनले विश्वमा नै असर पार्नुका साथै व्यक्तिको मानसिक, आर्थिक, सामाजिक हरेक क्षेत्रमा असर पारेको हुन्छ। अझै आजको बढ्दो प्राविधिक तथा सामाजिक सञ्जालको कारण एक कुनामा भएको घटना विश्वको हरेक ठाउँमा प्रत्यक्ष देख्न तथा सुन्न पाउने हुनाले त्यसको राम्रो तथा नराम्रो असर हरेक ठाउँमा परेको हुन्छ र प्रत्येक व्यक्ति आफ्नो मानव अधिकार तथा कर्तव्यप्रति चेतनशील हुन पुग्छ।

सफल लोकतन्त्रका लागि




*इन्सेकले काठमाडौंमा २०८२ असोज २४ गते आयोजना गरेको अन्तरक्रिया कार्यक्रमका अतिथिहरु*

आलोचनात्मक सोच र प्रश्न गर्नु स्वभाविक पनि छ। तर, सरकारले प्रश्नको उत्तर नदिई, प्रश्न दबाउने प्रयास गरिराख्दा जनताहरू आफ्नो राजनीतिक र सूचनाको अधिकारबाट टाढा भएको अनुमान लगाउन सकिन्छ। विगतमा जुन समस्याबाट जनता आजित थिए, त्यस्तै अवस्था फेरि नआओस् भन्ने सबैको चाहना छ। जनताहरू आगामी सरकार जनताको सरकार बन्ने आशा लिएर बसेका छन्। राष्ट्र रहे, राज्य रहन्छ, राज्य रहे हामी, यदि आफ्नो देशको भूगोल कसैलाई बेचिन्छ भने राज्यको औचित्य हुँदैन। अहिलेको अन्तरिम सरकारले असल कार्यहरू गर्ने प्रयास गरिरहँदा सार्वभौमिक अधिकार नखोसियोस भन्नेतर्फ ध्यान दिन जरूरी छ। यसै सन्दर्भमा लिम्पियाधुरा, लिपुलेक र कालापानीका जनताहरूलाई आफ्नो मतदान अधिकार सुनियोचित गर्ने अवसर सहित न्यायोचित वातावरण सृजना गरियोस्। यदि गलत होइन भने, सरकारले चुच्चे नक्सा बिनाको प्रधानमन्त्री कार्यालय बारे, हल्लामा र भिडियोमा देखा परेका राजदुतको गाडीबारे पत्रकार सम्मेलन गरी जनताको सूचनाको अधिकारलाई सुनिश्चित गर्नु पर्ने देखिन्छ। देश रहे, देश बनाउने हो। देश नरहे, के बनाउने ? त्यसैले सर्वप्रथम जनताको लोकतान्त्रिक अधिकार देशको राष्ट्रिय उद्देश्यलाई बुझेर सरकार जनतप्रति पारदर्शी हुनुपर्छ। देश चलाउने व्यक्ति पनि मानव नै भएको हिसाबमा अरुको र स्वयम् आफ्नो मानव अधिकार सुरक्षित राख्नु महत्वपूर्ण देखिन्छ।

"उद्यमेन हि सिध्यन्ति कार्याणि न मनोरथैः।" कुनै पनि कार्य उद्यमले मात्र सफल हुन्छ, मनको कल्पना ले होइन। यो श्लोकलाई नेपाली युवाहरूले आफ्नो ज्यान समेतको आहुति दिएर सार्थक तुल्याएका छन्। सामाजिक सञ्जालबाट सडक सम्मको यात्रा, एक कल्पनाको संसारबाट माथि उठेर लिइएको महत्वपूर्ण पाइला थियो। यो एक पाइलाले विश्वमा नै सबैभन्दा छोटो समयमा सरकार परिवर्तन गर्न सफल मुलुकको रूपमा नेपाललाई चिनायो। तर अबका पाइला अझै चुनौतीपूर्ण हुने हुँदा, अब लिइने पाइला कतै नडग्मगाई लक्ष्यतर्फ उन्मुख हुनु जरुरी छ।

अन्ततः मानव अधिकारको उपभोग र रक्षा, जुन नैसर्गिक अधिकार हो, त्यो राष्ट्रको दिगो विकासको अपरिहार्य आधार पनि हो र यसलाई नेपालको संविधानले पनि उच्च महत्व दिएको छ। अहिलेको युवा शक्ति (१८-३५ वर्ष), जसले जनसांख्यिक लाभांशको प्रतिनिधित्व गर्दछ, उनीहरूले हालै गरेका शान्तिपूर्ण प्रदर्शन मार्फत रोजगारी, शिक्षा, सुशासन, न्याय र जलवायु न्याय जस्ता महत्त्वपूर्ण अधिकारहरूको अपूर्णतालाई उजागर गरेका छन्। युवाहरूको आवाजले सरकारलाई पारदर्शी, जबाफदेही र जनउत्तरदायी बन्न दबाब दिएको छ। युवाहरूले सामाजिक सञ्जालबाट सडकसम्मको यात्रा गर्दै परिश्रमले मात्र कार्य सफल हुन्छ भन्ने सिद्धान्तलाई पुष्टि गरेका छन्, र अबको चुनौती भनेको सरकार परिवर्तनको सफलतालाई राष्ट्रिय स्वार्थ, सुशासन र न्यायको लक्ष्यतर्फ दृढतापूर्वक अघि बढाउँदै देशमै युवाहरूको सपना र मानव अधिकारलाई सुरक्षित गर्नु हो।

*(लेखक ढुङ्गाना युवा अधिकारकर्मी हुनुहुन्छ ।)*

## विचार

# नेपालमा नवयुवा प्रदर्शन र मानसिक स्वास्थ्यमा यसको प्रभाव



प्रविना पौडेल

भर्चुअल वर्ल्डबाट सरकारलाई प्रश्न गरिरहेका युवाहरू भदौ २३ र २४ गते सडकमै उत्रिए। जेनजी पुस्ता देशमा व्याप्त असमानता, भ्रष्टाचार, बेरोजगारी र सरकारी बेथितिले विरक्त भएका थिए। सामाजिक सञ्जालमा 'नेपोकिड/नेपोबेबी' ह्यासट्यागबाट भ्रष्टाचार एक्सपोज गर्ने अभियान थालेका यो पुस्ता अन्ततः भर्चुअल वर्ल्डबाट बाहिरिए। र सामाजिक सञ्जालदेखि सडकसम्मै उनीहरूले आवाज बुलन्द पारे। 'डिजिटल जनरेसन' भनेर चिनिएको यो पुस्ता स्क्रीनभित्र मात्र सीमित नरही, आफ्ना अधिकारका लागि सडकमै उर्लिए। अन्ततः तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार ढल्यो ।

यही कारण पछिल्लो समय जेनजी पुस्ता विद्रोही चरित्रका पुस्ता भनेर चिनिन्छ। तर यही सक्रियता र आन्दोलनले नेपाली युवाको अर्को पाटो पनि देखाएको छ। अर्थात उनीहरूको सक्रियता समग्र युवाकै मानसिक अवस्था झल्काउने ऐना समेत बन्यो।

निरन्तर विरोध, अस्थिर राजनीतिक वातावरण र भविष्यको अनिश्चितताले उनीहरूको मानसिक स्वास्थ्यमा गम्भीर असर पारिरहेको विभिन्न अध्ययनहरूले औँल्याएका छन्।

जेनजी पुस्ता स्पष्ट सोच, स्वतन्त्र विचार र सामाजिक जिम्मेवारीप्रति सचेत पुस्ता मानिन्छ। उनीहरू आफ्नो भविष्य अन्यायपूर्ण प्रणालीले निर्धारण गरोस् भन्ने चाहँदैनन्। आइएम नेपाल डटकममा प्रकाशित 'व्हाइ इज जेन-जी प्रोटेस्टिङ इन नेपाल' शीर्षकमा प्रकाशित लेखको अनुसार, युवा पुस्ताले राजनीतिक अस्थिरता, बेरोजगारी, महँगी र सरकारी निष्क्रियताविरुद्ध आफ्नो 'असन्तोष' प्रकट गरिरहेका हुन्। युवाहरूको आकांक्षा र वास्तविकता बीचको बेमेलले निराशा, कुण्ठा र आत्मविश्वासको कमी ल्याएको थियो। जुन यही आन्दोलनमार्फत पोखियो।

त्यसैले मनोविद्हरूले युवाहरूको यो आन्दोलन केवल सक्रियता मात्र होइन उनीहरूमा रहेको गहिरो असन्तुष्टिको रूपमा पनि अर्थ्याएका छन्।

**जेनजी प्रदर्शनले पारेको प्रभाव**

जेनजीको आन्दोलनले नेपालमा परिवर्तनको नयाँ लहर त ल्यायो। तर आन्दोलनको क्रमिक प्रभाव भने रोकिएको छैन। आन्दोलनले युवामा दुई किसिमको प्रभाव देखाएको छ। एकातिर आत्मविश्वास र सामाजिक सचेतनाको वृद्धि, अर्कोतिर मानसिक थकान, डर र निराशा।

युवाहरूले शान्तिपूर्ण रूपमा सुरु गरेको आन्दोलनले अर्कै मोड लियो। शान्तिपूर्ण आन्दोलनमा होमिएका उनीहरूलाई राज्यले निर्ममतापूर्वक गोली चलायो, जसमा २१ जनाले ज्यान गुमाए।



*काठमाडौँमा २०८२ भदौ २३ गते भएको प्रदर्शनमा सहभागी विद्यार्थीहरू*

राज्यको बर्बरतापूर्ण गतिविधिका कारण २४ गतेको आन्दोलन हिंसात्मक बन्न पुग्यो। यिनै कारणले जेनजी आन्दोलन पछि धेरै युवाहरू मानसिक रूपमा विछिप्त भएको विभिन्न प्रतिवेदनले देखाएको छ।

'द काठमाडौं पोस्ट'को हालसालै प्रकाशित रिपोर्टका अनुसार पछिल्लो आन्दोलनपछि धेरै किशोर/किशोरी र युवाहरूमा चिन्ता, अनिद्रा तथा तनाव बढेको पाइयो। प्रदर्शनका क्रममा देखेका हिंसात्मक दृश्यहरूले विद्यार्थीहरूको मानसिक सन्तुलनमा दीर्घकालीन असर पारेको मनोचिकित्सकहरूले बताएका छन्।

त्यस्तै, अन्य रिपोर्टहरूका अनुसार आन्दोलनकै कारण बालबालिकामा आघात र डर देखा परेको छ। 'सेभ द चिल्ड्रेन नेपाल' र 'चिल्ड्रेन एज जोन अफ पीस' (सीजोप)को संयुक्त प्रतिवेदनमा आन्दोलनमा संलग्न वा साक्षी बनेका धेरै बालबालिकामा आघात र डर सिर्जना भएको उल्लेख गरिएको छ।

आन्दोलन तथा प्रदर्शनका दृश्यहरूले किशोर किशोरी र युवा जनसमूहमा मानसिक समस्या जस्तै चिन्ता, डर, त्रास, अनिद्रा बढाएको चिकित्सकहरूको भनाइ छ। आन्दोलनमा होमिएका हरेकले नजिकबाट विध्वंश देखे। अप्रत्यक्ष रूपमा सहभागी हुनेहरूमा पनि त्रास सिर्जना भयो। त्यसैले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदर्शनमा सहभागी भएका वा साक्षी बनेकाहरूमा दीर्घकालीन असर जस्तै पोस्ट ट्रमाटिक स्ट्रेस देखिने सम्भावनासमेत बढेको मनोचिकित्सकहरूको तर्क छ।

ट्रमा अर्थात आघात भन्नाले कुनै व्यक्ति अत्यन्तै डरलाग्दो, पीडादायी वा नियन्त्रण बाहिरको घटनाबाट गुज्रिँदा मानसिक, भावनात्मक र शारीरिक रूपमा गहिरो असर परेको अवस्था हो। जस्तै दुर्घटना, हिंसा, प्राकृतिक विपत्ति, यौन दुर्व्यवहार वा आफू नजिकको व्यक्तिको अचानक मृत्यु। यस्तो अवस्थामा मानिसको दिमागले 'सुरक्षित छु' भन्ने अनुभूति गुमाउँछ। त्यसपछि मस्तिष्कले निरन्तर 'खतरा छ' भन्ने संकेत पठाइरहन्छ, जसले निद्रा नलाग्ने, डर लाग्ने, अत्यधिक रिस उठ्ने वा घटना बारम्बार सम्झिने जस्ता लक्षण देखिन सक्छन्। ट्रमा भनेको केवल घटना होइन, त्यो घटनाले मस्तिष्क र शरीरमा पार्ने दीर्घकालीन प्रभाव हो, जसले व्यक्तिको सोच, व्यवहार र सम्बन्धमा पनि परिवर्तन ल्याउन सक्छ।

राइजिङ नेपाल दैनिकमा जेन्जी प्रदर्शनपछिको अवस्था सम्बन्धि प्रकाशित रिपोर्टमा मानसिक स्वास्थ्यको समस्या गम्भीर बन्दै गएको उल्लेख गरिएको छ। धेरै युवाहरूमा आन्दोलनपछि शारीरिक थकान, निरुत्साह र भावनात्मक असन्तुलन देखा परेको बताइएको छ।

सामाजिक सञ्जाल नवयुवा प्रदर्शनलाई सशक्त बनाउने माध्यम बनेको थियो। २३ भदौमा भएको नवयुवा प्रदर्शनअघि प्रयोग सबैभन्दा प्रभावशाली प्लाटफर्म थियो - 'डिस्कर्ड'। तर सामाजिक सञ्जाल नै युवाहरूमा स्ट्रेस बढाउने माध्यम पनि हो। निरन्तर अपडेट, समाचार, विवाद र नकारात्मक कमेन्टले युवाहरूमा 'डुमस्कोलिङ फटिग' ल्याएको मनोचिकित्सकहरूको भनाइ छ। डुमस्कोलिङ फटिग भनेको लगातार नकारात्मक सूचना हेर्दा वा सुन्दा हुने मानसिक र भावनात्मक थकावट हो।

**निष्कर्ष**

यद्यपि आन्दोलनको असर नकारात्मक मात्र छैन। यी आन्दोलनहरूले युवा पुस्तामा सामूहिकता र एकताको भावना बढाएको छ। उनीहरूले आफ्नो आवाज सुनाउन र अरूका पीडा बुझ्न सिकेका छन्। सामाजिक सञ्जालमार्फत सन्देश फैलाउँदै उनीहरूले जनचेतना अभिवृद्धि गरेका छन्। विश्वभर नवयुवा पुस्तालाई प्राय: बुझक्कड, अल्छी भनेर व्यङ्ग्य गरिन्थ्यो। तर एनडीटीभीको एक रिपोर्ट अनुसार यी आन्दोलनहरूले उनीहरूको हिम्मत र जागरुकतालाई पुन: परिभाषित गरेको छ। यसले युवाहरूमा आत्मगौरव र सामाजिक जिम्मेवारीको भावना थप प्रष्ट बनाएको छ।

मनोवैज्ञानिक दृष्टिले, यसमा अर्को एउटा रोचक पक्ष पनि रहेको छ। एसिया मिडिया सेन्टरमा प्रकाशित लेख 'द साइकोलोजी अफ जेन्जी अपराइजिङ : प्रोटेस्ट, प्ले एण्ड पर्पोज' मा उल्लेख भएअनुसार एसियामा यो आन्दोलन युवा पुस्ताका लागि राजनीतिक विरोध मात्रै होइन। एसियाली देशहरूमा जस्तै श्रीलंका, बंगलादेश, इन्डोनेसिया र नेपालमा भएका जेन्जी आन्दोलन विद्रोह मात्र होइन 'कलेक्टिभ थेरापी' अर्थात सामूहिक उपचार पनि हो।

लेखले नेपालका जेनजी युवाहरूले आफ्ना भावनात्मक अस्थिरतालाई क्रियाशीलता वा 'एक्सन'मा रुपान्तरण गरेको बताउँछ। त्यस्तै उक्त लेखमा 'इन्टराक्टिभ रिजिलियन्स' भन्ने मनोवैज्ञानिक अवधारणा पनि पाइन्छ। अर्थात युवा शक्ति र उनीहरू आपसको सम्बन्ध, सहयोग र संवादमार्फत कठिन समयपछि पुन: उभिन सक्ने सामुहिक क्षमता हो।

नवयुवा पुस्ता आन्दोलन नेपालमा युवा चेतना र सामाजिक परिवर्तनको नयाँ चरण हो। नवयुवा पुस्ता प्रदर्शनले नेपालमा परिवर्तनको नयाँ लहर ल्याएको छ। तर यसैबीच उनीहरूको मानसिक स्वास्थ्यमा परेको असर गम्भीर छ। तनाव, मानसिक थकान, आघात र निराशा बढाएको छ।

हामी युवाहरू अझ बढी सचेत हुँदै गइरहेका छौँ र आफ्नो कुरा भन्न डराउँदैनौँ। त्यसैले भविष्यमा यस्ता आन्दोलनहरू फेरि नहोलान् भन्न सकिँदैन। तर यी परिवर्तनसँगसँगै आउने तनाव, निराशा अनि मानसिक थकान कसरी कम गर्ने त ? मलाई लाग्छ, सबैभन्दा पहिला हामीलाई आफ्ना कुरा खुलस्त भन्ने ठाउँ चाहिन्छ जस्तै सपोर्ट ग्रुप वा साइकोलोजीकल फर्स्ट एड। यसो गर्दा 'बर्नआउट' वा 'डूम फटिग' जस्ता कुरा कम हुन सक्ने रिसर्चले बताउँछ।

*(लेखक पौडेल पत्रकार हुनुहुन्छ।)*

# नेपालका नवयुवाको प्रदर्शन र नफेरिएको युवाको अवस्था

गत भदौ २३ र २४ गते नेपालको इतिहासमा सम्भवत सबैभन्दा आशावादी तर विडम्बनापूर्ण आन्दोलनको सुरुवात भयो। सामाजिक सञ्जालमार्फत सङ्गठित, युवाहरूको स्वतस्फूर्त उपस्थितिमा भएको यस आन्दोलनले तत्कालीन सत्ता संरचना नै हल्लाइदियो। नयाँ नेपाल निर्माण गर्ने सपना बोकेको नयाँ पुस्ता मैदानमा उत्रियो, आन्दोलनले अन्तरिम सरकारको स्थापनासम्मको बाटो खोल्यो। देखावटी रूपमा परिवर्तनको सङ्केत भए पनि, त्यो परिवर्तन सामाजिक समावेशिता, न्याय र प्रतिनिधित्वको दृष्टिकोणबाट हेर्दा अझै अधुरो देखिन्छ।



अब्दुल सलाम

राजनीतिक निराशा, बेरोजगारी, भ्रष्टाचार, शिक्षा र स्वास्थ्यको दुर्गति, तथा सामाजिक विभेदजस्ता मुद्दाले थिचिएका युवाको आक्रोशको प्रतिफल प्रदर्शन थियो। यो कुनै राजनीतिक दलद्वारा आयोजित प्रदर्शन थिएन, बरु समाजको मूख्य उत्पादक शक्ति, युवाहरूले आफूलाई प्रतिनिधित्व गर्न खोजेको स्वर थियो। उनीहरूले हामी मात्र मत होइनौं, परिवर्तनका बाहक हौँ भन्ने सन्देश दिएका थिए।

नवगठित सरकारले पारदर्शिता, नागरिक सहभागिता, डिजिटल गभर्नेन्सजस्ता विषयमा केही कदम चाल्यो। तथापि वास्तविक निर्णय प्रक्रियामा महिला, मुस्लिम, मधेसी, जनजाति, दलितजस्ता समुदायका युवाको सहभागिता अत्यन्तै न्यून रह्यो। नेपालको कुल जनसंख्याको झण्डै ५.०९ प्रतिशत मुस्लिम समुदाय रहेको तथ्य सरकारी तथ्यांकले पुष्टि गर्छ तर विडम्बना, न त उनीहरूको राजनीतिक प्रतिनिधित्व छ, न त नीति निर्माण तहमा प्रभावकारी उपस्थिति। मुस्लिम युवाहरूको अवस्था अझै पनि शिक्षामा पिछडिएका छन्। सरकारी सेवामा उनीहरूको सहभागिता न्यून छ। सामाजिक पूर्वाग्रह, पहिचानको संकट र अवसरको अभावका कारण उनीहरू निरन्तर बञ्चितिकरणको चक्रमा फसिरहेका छन्।

२०७२ मा जारी गरिएको संविधानमा समावेशी लोकतन्त्र, समानुपातिक प्रतिनिधित्व, समान अवसर जस्ता शब्दहरू छन्। तर व्यवहारमा त्यस्तो देखिँदैन। संविधानले दिएको अधिकार कागजी गफ मात्र बनेको छ। मधेसी समुदायले विगतमा पटक-पटक पहिचानका लागि आन्दोलन गर्दा राज्यले सहमति त गऱ्यो तर कार्यान्वयनमा चासो नदिएको अवस्थाले उनीहरूमा असन्तोष बढ्दो छ।

दलित र जनजाति समुदायका




*इन्सेकले काठमाडौँमा २०८२ असोज २४ गते आयोजना गरेको अन्तरक्रिया कार्यक्रमका सहभागीहरु*

युवाहरू अझै पनि उपेक्षित क्षेत्र, कमजोर शिक्षा, र रोजगारीको अवसरबाट बञ्चित छन्। राज्यको दायित्व हो कि उनीहरूलाई सक्षम बनाउनुपर्ने र संरक्षण गर्ने। राजनीतिक परिवर्तन र सरकार फेरिए पनि युवाहरूको अवस्था भने उस्तै छ। अहिले पनि दिनहुँ २-३ हजार युवाहरू नेपालबाट पलायन भइरहेका छन्। मुख्यतः खाडी मुलुक, मलेसिया, कोरिया, र जापानतर्फको यो पलायन अवसरको अभाव, बेरोजगारी, भ्रष्ट प्रशासन, र थिचोमिचोको परिणाम हो। युवाहरू देशप्रेमको गीत गाउन सक्दैनन् जब पेट खाली हुन्छ र भविष्य अन्धकारमा देखिन्छ।

अहिले पनि राजनीतिक दलहरूका लागि युवाहरू बेलामा प्रचारप्रसार गर्ने पात्र मात्र हुने गरेका छन्। पोस्टर टाँस्ने, भीड जम्मा गर्ने, नाराबाजी गर्ने, यस्ता कार्यमा युवाको सहभागिता गराएको देखिन्छ। चुनावी घोषणापत्रमा युवाका नाममा थुप्रै बाचा गरिए पनि कार्यक्रमको बजेट, नीति निर्माण, र नेतृत्वको तहमा उनीहरूको उपस्थिति नगण्य छ। जुन पुस्ताले राज्य बदल्ने सपना देखायो, त्यही पुस्ता फेरि प्रयोग भइरहेको छ।

सङ्घीयता संस्थागत हुन सकेको छैन। मधेसीका मुद्दाहरू अझै अलपत्र छन्, समानुपातिक प्रतिनिधित्व कागजमा छ तर संरचनामा छैन। धर्मनिरपेक्षतामा दोहोरो धारणा राख्ने वर्गले फाइदा उठाइरहेका छन्। संविधानले देखाएको समावेशी राष्ट्रको सपना जसमा मुस्लिम, मधेसी, जनजाति, दलित, महिला, र अन्य सीमान्तकृत वर्गहरूको अधिकार सुनिश्चित हुने भनिएको थियो, त्यो सपना आज झनै धमिलिएको छ।

*(लेखक सलाम युवा अधिकारकर्मी हुनुहुन्छ।)*

## विचार

# युवा सहभागिता र लोकतन्त्र : राष्ट्र निर्माणको आधार

कुनै पनि राष्ट्रको भविष्य, विकास र समृद्धि त्यहाँका युवाहरूको सक्रिय सहभागितामा निर्भर हुन्छ। युवा शक्ति केवल शारीरिक उर्जा वा उमेरको सङ्केत मात्र होइन। यो राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनको संवाहक हो। लोकतन्त्र केवल शासन प्रणाली वा संविधानको संरचना मात्र होइन यो हरेक नागरिकको चेतना, जिम्मेवारी र सक्रिय सहभागिताको जीवित रूप हो।



सुशील बस्याल 'राष्ट्रप्रेमी'

नेपालको जनसङ्ख्याको करिब आधा हिस्सा युवाले ओगटेको छ। देशको लोकतान्त्रिक दिशा, विकास र भविष्यको ढाँचा तय गर्न युवा वर्गको भूमिका अपरिहार्य छ। युवा केवल मतदाता मात्र होइनन्  उनीहरूले समाज, राजनीति र संस्कृति परिवर्तन गर्न सक्ने शक्ति राख्छन्। लोकतन्त्रको वास्तविक अर्थ तब मात्र स्पष्ट हुन्छ जब युवा वर्ग सक्रिय, जिम्मेवार र सचेत हुन्छ। यदि युवा मौन रहन्छन् भने लोकतन्त्र कमजोर हुन्छ। तर जब उनीहरूले आफ्नो आवाज, सुझाव र नेतृत्व क्षमता प्रयोग गर्छन्, तब लोकतन्त्र केवल आदर्शमा सीमित नभई व्यवहारमा पनि सफल हुन्छ।

नेपालको युवा वर्गले इतिहासभरि राष्ट्रनिर्माणमा निर्णायक योगदान पुऱ्याएको छ। विद्यार्थी, नौजवान र युवा अभियन्ताहरूले राणा शासनको विरोधदेखि बहुदलीय लोकतन्त्रको स्थापना, राजनीतिक सुधार र सामाजिक चेतना फैलाउन महत्वपूर्ण भूमिका खेलेका छन्। नेपालको लोकतान्त्रिक इतिहास युवा आन्दोलनविना अधुरो छ। प्रत्येक महत्वपूर्ण परिवर्तनमा युवाहरू अग्रणी रहेका छन्।

युवा केवल मतदाता वा राजनीतिक दर्शक मात्र होइनन्। उनीहरूले लोकतन्त्र, नीति निर्माण, सामाजिक चेतना र न्यायपूर्ण शासनमा सक्रिय योगदान पुऱ्याउन सक्छन्। युवाहरूले मतदानमा भाग लिँदा लोकतन्त्रको वास्तविक शक्ति देखिन्छ।

युवा वर्गले केवल मतदानमा सीमित नबसी सार्वजनिक बहसमा भाग लिन, सामाजिक मुद्दामा आवाज उठाउन र नीति निर्माणमा सुझाव दिन सक्नु आवश्यक छ। स्थानीय तहको योजना निर्माणमा युवाले प्रत्यक्ष सुझाव दिएका छन्। स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा जस्ता क्षेत्रमा युवा पहलले नीति सुधारमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। स्थानीय नेतृत्वमा भाग लिएर, विभिन्न सामाजिक पहलकदमीमा योगदान गरेर र समुदायलाई जागरूक बनाउँदै युवा वर्गले लोकतन्त्रलाई बलियो बनाउँछन्। बालबालिका शिक्षा, महिला सशक्तिकरण, वातावरण संरक्षण जस्ता सामाजिक अभियानमा युवाले सक्रिय भूमिका खेलेका छन्। युवाको सक्रियता नहुँदा भ्रष्टाचार, अनियमितता र असमानता बढ्ने सम्भावना हुन्छ।

नेपालका युवाहरूको शिक्षा, सीप र रोजगारीको अवस्था सन्तोषजनक छैन। बेरोजगारी, शिक्षा र रोजगारीबीचको असमानता, अवसरको कमीले सामाजिक र आर्थिक विकासमा प्रत्यक्ष असर पुऱ्याउँछ। युवालाई संवैधानिक अधिकार, कर्तव्य र

लोकतन्त्रको महत्वबारे शिक्षित गर्नाले उनीहरू जिम्मेवार नागरिकका रूपमा विकसित हुन्छन्। विश्वविद्यालय, कलेज र समाज स्तरमा नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ। उदाहरणका लागि, त्रिभुवन विश्वविद्यालय, पोखरा विश्वविद्यालय र अन्य संस्थाहरूमा नेतृत्व र उद्यमशीलता कक्षाहरू सञ्चालन भइरहेका छन्।

युवा वर्गलाई रोजगारी, उद्यमशीलता र सीप विकासमार्फत सक्षम बनाउनु आवश्यक छ। साना व्यवसाय, कृषिमा नवप्रवर्तन र प्रविधिमा उद्यमशीलताले युवालाई आर्थिक रूपमा सक्षम बनाउँदै समाजमा सकारात्मक योगदान गरिरहेको छ। विशेष गरी पर्यटन, कृषि, र नवप्रवर्तनमा युवाको योगदान उल्लेखनीय छ। धेरै युवा रोजगारीको अवसर खोज्दै विदेश जाने गरेका छन्। यसले देशमा श्रमशक्ति कमी, कौशल विकासमा अवरोध, र राजनीतिक सहभागितामा कमी ल्याउँछ। विदेशबाट फर्केका युवा अनुभव, शिक्षा र नेटवर्कमार्फत देशको विकासमा योगदान गर्न सक्छन्।

विगत केही समयदेखि जेन-जेड पिँढीले विभिन्न सामाजिक, राजनीतिक र वातावरणीय आन्दोलनहरूमा सक्रिय सहभागिता देखाइरहेको छ। मडागास्कर, केन्या, पेरू, मोरक्को, फिलिपिन्स र इन्डोनेशियामा जेन-जेड आन्दोलनहरूले भ्रष्टाचार, असमानता, आधारभूत सेवा अभाव, प्राकृतिक प्रकोप र राजनीतिक पारदर्शिताको माग गर्दै प्रदर्शन गरेका छन्। यी आन्दोलनहरू प्रायः सोशल मिडिया र डिजिटल प्लेटफर्मको माध्यमबाट तीब्र गतिमा फैलिएका छन्। नेपालमा पनि हालैको जेन्जी पुस्ताको प्रदर्शनले डिजिटल माध्यम प्रयोग गरी सरकारको नीतिविरुद्ध आवाज उठाएको छ। युवाहरूले सडकमा प्रदर्शन र डिजिटल अभियानमार्फत आफ्नो माग राखेका छन्, जसले लोकतन्त्र, पारदर्शिता र जवाफदेह शासनको महत्वलाई उजागर गरेको छ।

नेपालका युवाहरूका केही चुनौतीहरू छन्, तर यिनै चुनौती अवसरमा परिणत गर्न सकिन्छ। बेरोजगारी र पलायन, शिक्षा र रोजगारीबीचको असमानता, राजनीतिप्रतिको अविश्वास, अवसर र समानताको कमीले युवाको सक्रियता र नेतृत्व विकासमा बाधक हुन्। तर, जब युवा सचेत, सक्रिय र जिम्मेवार हुन्छन्, तब उनीहरूले यी समस्या समाधान गर्न र लोकतन्त्रलाई बलियो बनाउँदै भविष्य निर्माणमा योगदान पुऱ्याउँछन्।

सामाजिक चेतना र जिम्मेवारीमा युवालाई संलग्न गराउन, सामाजिक पहलकदमीमा योगदान गराउन र समुदाय विकासमा नेतृत्व सिकाउनुपर्छ। जब युवाहरू भ्रष्टाचार, अनियमितता र असमानताविरुद्ध सचेत भएर आवाज उठाउँछन्, तब मात्र लोकतन्त्रको मर्यादा कायम रहन्छ र शासन प्रणाली पारदर्शी र जवाफदेही बन्छ।

लोकतन्त्र केवल आदर्शमा सीमित रहँदैन, यसको वास्तविक शक्ति युवा वर्गको सक्रियता, चेतना र जिम्मेवारीमा निर्भर गर्छ। हरेक युवा मतदाता मात्र मतदान गर्ने होइन, राष्ट्रनिर्माताको मुटु हो। जब युवा सचेत, उत्तरदायी र सृजनशील हुन्छन्, लोकतन्त्र बलियो, जबाफदेही र पारदर्शी बन्छ। चुनौतीहरूलाई अवसरमा बदल्ने साहस, नेतृत्व विकास, शिक्षा, डिजिटल नवप्रवर्तन र समान अवसर सुनिश्चित गर्नाले नेपालका युवाहरूले मात्र होइन, सम्पूर्ण राष्ट्रले दीर्घकालीन समृद्धि र न्याय सुनिश्चित गर्न सक्छन्। यसरी युवा वर्ग लोकतन्त्रको सशक्त आधार र भविष्यको निर्माता बन्नेछन्।

*(लेखक बस्याल सामाजिक अभियन्ता हुनुहुन्छ।)*

# तथ्याङ्कमा निर्वाचन

## संविधानसभा निर्वाचन

| क्र. सं. | निर्वाचनको मिति | निर्वाचन क्षेत्र | विजयी महिला | समानुपातिक सदस्य | विजयी महिला | मन्त्रिपरिषद्बाट मनोनित | मनोनित महिला | मतदाता |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०६४ चैत २८ | २४० | ३० | ३३५ | १६१ | २६ | ६ | १७६११८३२ |
| २ | २०७० मङ्सिर ४ | २४० | १० | ३३५ | १५९ | २६ | ४ | १२१४७८६५ |

*(स्रोतः निर्वाचन आयोग)*

## स्थानीय तह निर्वाचन

| क्र.सं. | निर्वाचनको मिति | निर्वाचन गरिएका प्रदेश | स्थानीय तह | मतदाता |
|---|---|---|---|---|
| १. | २०७४ वैशाख ३१ | बागमती, गण्डकी र कर्णाली | २८३ | ४९५६८२३ |
| २. | २०७४ असार १४ | कोशी, लुम्बिनी र सुदूरपश्चिम | ३३४ | ६४५०६५१ |
| ३. | २०७४ असोज २ | मधेश | १३६ | २६६४९५० |
| ४. | २०७९ वैशाख ३१ | सात प्रदेश | ७५३ | १,७७,३३,७२३ |

*(स्रोतः निर्वाचन आयोग)*

## सङ्घीय संसद निर्वाचन


| क्र. सं. | निर्वाचनको मिति | निर्वाचन क्षेत्र | विजयी महिला | समानुपातिक सदस्य | विजयी महिला | मतदाता |
|---|---|---|---|---|---|---|
| १. | २०७४ मङ्सिर १० | ३२ जिल्लाका ३७ | ६ | ११० | ८४ | ३१९१९४५ |
| २. | २०७४ मङ्सिर २१ | ४५ जिल्लाका १२८ | ३ | | | १२२३३७७८ |
| ३. | २०७९ मङ्सिर ४ | १६५ | ९ | ११० | ९१ | १७९८८५७० |

*(स्रोतः निर्वाचन आयोग)*

## प्रदेशसभा निर्वाचन

| क्र. सं. | निर्वाचनको मिति | निर्वाचन क्षेत्र | विजयी महिला | समानुपातिक सदस्य | विजयी महिला | मतदाता |
|---|---|---|---|---|---|---|
| १. | २०७४ मङ्सिर १० | ३२ जिल्लाका ७४ | १७ | २२० | १७२ | ३१९१९४५ |
| २. | २०७४ मङ्सिर २१ | ४५ जिल्लाका २५६ | | | | १२२३३७७८ |
| ३. | २०७९ मङ्सिर ४ | ३३० | १४ | २२० | १८६ | १७९८८५० |

*(स्रोतः निर्वाचन आयोग)*




*स्थानीय तह निर्वाचन २०७९ को प्रदेशअनुसार मतदाता सङ्ख्या, स्थानीय तह, मतदान स्थल र मतदान केन्द्र नक्सामा*




*वि.सं. २०७० मङ्सिरमा सम्पन्न संविधानसभा निर्वाचन अगाडि इन्सेकले प्रकाशन गरेको पोस्टर*

# अबको राजनीतिक निकास भनेकै निर्वाचन हो

**कृष्ण पोखरेल**, प्राध्यापक, राजनीतिशास्त्री र राजनीतिक विश्लेषक हुनुहुन्छ। ०८२ भदौ २३ र २४ गते मुलुकलाई अपूरणीय क्षति हुने गरी प्रर्दशन भयो। सरकारविरूद्ध भएको प्रर्दशनमा राज्यले बल प्रयोग गर्दा मानिसको सबैभन्दा ठूलो अधिकार, बाँच्न पाउने अधिकार उल्लङ्घन भयो। सामाजिक सञ्जालमा सरकारले प्रतिवन्ध लगाएपछि जेनजी पुस्ताले राष्ट्रहित, अव्यवस्था, भ्रष्टाचार अन्त्यको माग गर्दै देशभर प्रर्दशन गरे, जसका कारण नेपाली कांग्रेस र नेकपा एमालेको गठवन्धन रहेको सरकार ढल्यो। नवयुवा पुस्ताको माग, राजनीतिक दलको भविष्य, आन्दोलनमा मानव अधिकारको अवस्था र वर्तमान राजनीतिक सङ्क्रमणको अन्त्य, चुनावी चुनौती लगायतका विषयमा प्राचीका लागि इन्सेक कोशी प्रदेश अधिकृत पुण्य अधिकारीले प्राध्यापक पोखरेलसँग गर्नु भएको कुराकानी प्रस्तुत गरेका छौँ।

**नवयुवा पुस्ताले गरेको प्रर्दशनको कारणलाई कसरी विश्लेषण गर्न सकिन्छ ?**

सतही रूपमा हेर्दा सामाजिक सञ्जालमा सरकारले लगाएको प्रतिबन्धविरूद्ध जेनजी पुस्ता देखिए पनि त्यसको भित्री कारण भनेको राजनीतिक दल र सरकार प्रमुखहरूको द्वैध व्यवहार र प्रवृत्ति नै हो। शून्य सहनशीलताको नीति अघि सारेर नीगित रूपमा भ्रष्टाचारलाई प्रश्रय दिने र त्यसको ढाकछोपमा सरकार प्रमुखहरू नै लाग्ने प्रवृत्तिका कारण विरक्तिएको युवापुस्ताले सहन नसकेको अवस्था नै जेनजी आन्दोलन हो। अझ, सामाजिक सञ्जाल जेनजीहरूले आफ्नो भावना र धारणा राख्ने ठाउँ बनिरहेको अवस्थामा सरकारले



हठात प्रतिबन्ध लगाएपछि चर्किएको विद्रोहलाई मैले जेनजी पुस्ताको आन्दोलन भनेर बुझेको छु।

**०८२ भदौ २३ र २४ गतेको प्रदर्शन र राजनीतिक परिर्वतनलाई राजनीतिक दृष्टिकोणबाट कसरी व्याख्या गर्न सकिन्छ ?**

नेपालको राजनीतिमा विभिन्न खाले आन्दोलन भएका छन्। विराटनगरकै जुटमिलबाट सुरू भएको श्रमिक आन्दोलनको अझै चर्चा हुने गरेको छ। प्रजातन्त्र प्राप्तिका लागि भएका आन्दोलन हुन या पञ्चायती व्यवस्था अन्त्य गर्नका लागि भएका आन्दोलन सबैमा नेपाली जनताको साथ देखिन्छ। तर, ०८२ भदौ २३ र २४ गते भएको प्रदर्शन यसअघि भएका आन्दोलन भन्दा पृथक र गम्भीर देखिन्छ। भदौ २३ र २४ गतेको आन्दोलनमा राज्यले अत्यधिक बल प्रयोग गऱ्यो। राज्य चलाउनेहरूले गल्ती कमजोरीहरूलाई स्वीकार गरेर त्यसमा सुधार गर्दै लैजानुपर्नेमा सरकारको आलोचना गरेकै

भरमा विद्यालय र कलेजका पोशाक लगाएका निहत्था बालबालिकाहरूमाथि बर्बर दमन गरिनुले यो घटना इतिहासमा क्षमा लायक देखिन्न। सम्भवत: हामी संसारमै विरलै भएको सत्ता परिर्वतनको साक्षी हुन पुगेका छौँ। गठनबन्धनको सरकार आन्दोलनको बलमा चौबीस घण्टाभित्रै ढलेको छ, तत्कालीन प्रधानमन्त्री सेनाको संरक्षणमा बस्नुपर्ने दृश्यले अब राजनीतिक दल र तिनका प्रतिनिधिले सुध्रनुबाहेक अर्को उपाय छैन् भन्ने सङ्केत गरेको छ। भविष्यमा राजनीतिशास्त्रका सिद्धान्तकारहरूले थेसिस लेख्दा नेपालमा गठवन्धन सरकार र जेनजी प्रदर्शनको उदाहरण दिन सक्नेछन्।

**जेनजी प्रदर्शनपछि गठन भएको सरकारलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

अनलाइनमार्फत जेनजी पुस्ताले डिस्कर्डमा मतदान गरी सरकार प्रमुख चुनेको संसारमै पहिलो दृष्टान्त होला। तर, सरकार गठन हुनुका विषय र कारण फरक भएको अवस्थामा बाहेक यस्तै दृष्टान्त २०४६ सालमा राजाले सरकार गठन गर्दा पनि देखिएको थियो। त्यस बेला पनि राजाले रुचाएका वा रुचाइएकाहरूबाट सरकारका प्रमुख बनाइए। तर, भदौ २७ गतेको सरकार एकदमै पृथक छ। यो सरकारका पात्रहरू विभिन्न क्षेत्रबाट टपक-टपक टिपेर ल्याइएको छ, जुन जेनजी पुस्ताको माग बमोजिम भन्ने लाग्छ। ०४६ सालमा समेत गणेशमान सिंहले छोडेर कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री भएजस्तै काठमाडौँ महानगरपालिकाका मेयर वालेन(बालेन्द्र साह) ले अस्वीकार गरेपछि सुशीला कार्की सरकार प्रमुख हुनु भएको छ।

**हामी लोकतन्त्रमा विश्वास गर्छौं, जनताको जनादेशले गठन भएको सरकारले आलोचना सुन्नुको सट्टा दबाउने प्रयाससँगै भएको जेनजी आन्दोलनमा मानव अधिकारको अवस्थालाई कसरी हेर्नु पर्ला ?**

सबैभन्दा पहिलो कमजोरी राजनीतिक दल भनौँ वा सरकार चलाउनेहरूको हो। हाम्रा राजनीतिक दल सिद्धान्त भन्दा शक्तिमा बढी केन्द्रित भए। जसरी भए पनि सत्तामा बस्ने मानसिकतामा केन्द्रित हुँदा भदौ २३ र २४ गतेको अवस्थाले जन्म लियो। लोकतन्त्रमा विचार राख्ने माध्यम फरक होलान्। पहिले राजनीतिक दलले सडकबाट विरोध जनाउँथे भने अहिले जेनजी पुस्ता इन्टरनेट र सामाजिक सञ्जालमार्फत सरकारको आलोचना र विरोध जनाउने अवस्थामा पुगेका छन्। जेनजी पुस्ताले आफ्नो अभिव्यक्ति स्वतन्त्रताको अधिकार उपभोग गर्न नपाएपछि त्यसले सरकारविरूद्ध वितृष्णा पैदा गऱ्यो, जसका कारण आन्दोलन भयो। सरकार चलाउनेहरूले तासको घर बनाएझैँ सधैं आलोपालो सरकार गठन गर्ने तर जनताको जीवनमा प्रत्यक्ष प्रभाव वा लाभ पुऱ्याउने गरी दीर्घकालीन विकासका कार्यहरू नगर्ने जस्ता विषयले समस्या सिर्जना गऱ्यो। सरकारसँग माग लिएर जाँदा मानिसको बाँच्न पाउने अधिकारमाथि नै धावा हुनेगरी गोली प्रहार गर्ने घटनाले मानव अधिकारको प्रत्याभूति दिलाउन राज्यको प्रयास कहीँकतै भएको देखिएन।

**अन्तरिम सरकारले ०८२ फागुन २१ गतेलाई प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति घोषणा गरेको छ, एउटा प्रमुख दल एमाले निर्वाचनको विरोध र सर्वोच्च अदालतमा छ। राजावादी र जेनजी पुस्ताका माग विल्कुल फरक छन्। राजनीतिले निकास कसरी पाउला ?**

भदौ २३ र २४ गतेको अवस्थालाई विश्लेषण गर्ने हो भने अहिले राजनीतिक अवस्था बिल्कुल फरक छ। अन्तरिम सरकारले गर्ने भनेकै जतिसक्दो चाँडो निर्वाचन गराएर मुलुकलाई निकास दिनु हो। जेनजी प्रदर्शन अघिको अवस्थालाई सम्झिएर अब पुराना राजनीतिक दलको भविष्य छैन। जहाँसम्म संसद

पुर्नस्थापनाको विषय अदालतमा छ, मेरो व्यक्तिगत विचारमा तोकिएको निर्वाचन मितिसम्म अदालतबाट कुनै किसिमको आदेश आउँदैन वा निर्वाचन भएपछि संवैधानिक व्याख्यासहित केही आदेश आउला वा चुनाव हुने स्थिति नबनेमा अदालतले कुनै न कुनै हिसाबले संविधानबमोजिम उपाय खोजेर वर्तमान राजनीतिलाई संविधानको बाटोमा ल्याउँछ। एउटा कुरा स्मरण गरौँ, भदौ २४ गतेपछि मुलुक रिक्त अवस्थामा थियो, त्यसबेला राष्ट्रपति रामचन्द्र पौडेलले बडो जुक्तिका साथ राजनीतिलाई संविधानको लिकमा ल्याउने काम गर्नुभयो। अबको राजनीतिक निकास भनेकै निर्वाचन हो।

**कारागारबाट लुटिएका हतियार, कैदीबन्दी अझै बाहिर नै छन्। यस्तो जटिल अवस्थामा निर्वाचन नै भएपनि जनताले भयरहित र निष्पक्ष मतदान गर्न पाउलान त ?**

प्राय: असम्भव भन्ने कुरा केही छैन। भदौ २४ गते डिस्कर्डमा मतदान गरी सरकार प्रमुख चुन्ने कुरा सुरूमा सुन्दा हामीलाई अचम्म लागेको थियो, आखिर भयो त्यही नै, त्यही सरकारले अहिले भदौ २३ र २४ गतेको आन्दोलनको घटना छानविनका लागि छानविन आयोग, ४५ जनालाई शहीद घोषणा र फागुन २१ गतेका लागि निर्वाचन तोकेको छ। हो, लुटिएको हतियार र कैदीबन्दी बाहिर छन्। यसले निर्वाचन सुरक्षामा चुनौती पुऱ्याउने जस्तो देखिन्छ। तर बुथ नै क्याप्चर गरेर फर्जी मतदान हुन अवस्था देखिँदैन। मेरो विचारमा कारागार र जेलबाट फरार भएकाहरू अधिकांश भारततर्फ नै गए होलान, चीनतर्फ जाने कुरै भएन वा केही यतै लुकेर बसेका होलान्। कारागारबाट फरार भएकाहरूको विषयमा राज्यले भारतसँग कुटनीतिक हिसाबले समस्याको समाधान गर्न सक्छ। अर्को, प्रहरीले दिनकै हतियारसहित र फरार भएकाहरूलाई गिरफ्तार गरिरहेको खबर आइरहेको छ। त्यसो हुँदा निर्वाचनका बखत सुरक्षा चुनौती होला भन्ने मलाई लाग्दैन।

**राजनीतिक दलका अबको चुनौती के के होलान् ?**

राजनीतिक दलको जुन अभ्यास र प्रवृत्ति छ, अब त्यो पुरानो भएको छ। जेनजी पुस्ता गफ भन्दा नतिजामा विश्वास गर्छ। ०४६ पछि र अझ भनौँ ०६२/६३ पछि शासन मनपरी ढङ्गले चलाउँदा पनि मतदाता निरीह अथवा सहनशील भएर बस्ने अवस्थामा जेनजी पुस्ता देखिँदैन। अब राजनीतिक दलले पुस्तान्तरण गर्न ढिला भएको छ। अर्को, म एउटा उदाहरण दिन्छु, धरहरा आफूले बनाएको भन्ने पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले भदौ २३ र २४ गतेको घटनाको जिम्मा लिन्न भन्नुहुन्छ, त्यही नै महत्वपूर्ण चुनौती हो।

**अबको निकास के होला त ?**

भदौ २३ र २४ गतेको अत्यासलाग्दो दिनबाट हामी धेरै टाढा पुगिसकेका छौँ। निकासका लागि सरकारले निर्वाचन मिति घोषणा गरेको छ। तोकिएको मिति वा केही तलमाथि गरेर भए पनि मुलुकले निकास पाउने भनेको अब निर्वाचनबाटै हो। किनभने नवयुवा पुस्ताहरूले उठाएको एउटा प्रमुख माग प्रत्यक्ष निर्वाचित कार्यकारीको हो, जसको सम्बोधन संविधान संशोधनबाट मात्रै देखिन्छ। निर्वाचनको वातावरण सरकारले बनाउने र निर्वाचन गराउने आयोग छ। आयोगले असोज १० गतेदेखि तीब्रताका साथ निर्वाचनको तयारी गरेको छ। नवयुवा पुस्ता मतदाता नामावलीमा नाम दर्ता गराउन उत्तिकै उत्साहित भएको देखिन्छ। संस्कृतमा एउटा भनाइ छ "कण्टकेनैव कण्टकम्" अर्थात् बिझेको काँडा निकाल्न काँडा नै चाहिन्छ। त्यसैगरी अहिलेको समस्या समाधानका लागि निर्वाचन नै उत्तम निकास देखिन्छ।

# इन्सेकका केही प्रकाशनहरू



जि.प्र.का. द. नं. २१/०४९/५०

# www.inseconline.org

## नेपालको पहिलो मानव अधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानव अधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानव अधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline /inseconline /INSECnepal